DS
493
P89+
7

# प्राचीन नेपाल

पुरातत्त्व विभागको मुखपत्र

# ANCIENT NEPAL

## Journal of the Department of Archaeology

NUMBER 3
APRIL 1968

संख्या ३
वैशाख २०२५

सम्पादक
रमेशजङ्ग थापा

Edited by
Ramesh Jung Thapa

Published by
The Department of Archaeology
His Majesty's Government
Kathmandu, Nepal

प्रकाशक
श्री ५ को सरकार
शिक्षामंत्रालय, पुरातत्त्व विभाग,
कान्तिपुर, नेपाल

प्राप्तिस्थानः
राष्ट्रिय अभिलेखालय
रामशाहपथ, कान्तिपुर

**To be had of:**
The National Archives
Ram Shah Path, Kathmandu

मूल्य रु. ५|-

**Price Rs. 5/-**

Printed at the Jore Ganesh Press Pvt. Ltd., Kathmandu.

प्राचीन नेपाल
संख्या ३
वैशाख २०२५

Ancient Nepal
Number 3
April

सम्पादकमण्डल

रमेशजङ्ग थापा
नीलरतन बनर्जी
बुद्धिसागर पराजुली
सी. आर. स्वामिनाथन

Editorial Board

N. R Banerjee
Ramesh Jung Thapa
Buddhisagar Parajuli
C. R Swaminathan

# विषयसूची

# Contents


| | पृष्ठ | page |
|---|---|---|
| टिप्पणी र समाचार | क | क |
| Notes and News | ग | ग |
| नेपाली संस्कृतिको भूमिका<br>*बालकृष्ण सम* | १ | 1 |
| श्री ५ राजेन्द्र विक्रम शाह र तत्कालीन नेपाल<br>*दुण्डिराज भण्डारी* | ६ | 6 |
| बैतडी र डँडेल्धुराको लोकसाहित्य<br>*धर्मराज थापा* | १३ | 13 |
| कोशीप्रदेशका माझी जाति<br>*शंकर कोइराला* | १८ | 18 |
| योग<br>*बुद्धिसागर पराजुली* | २१ | 21 |
| श्री ५ पृथ्वीनारायण शाहका लालमोहर र धैंबुङको अभिलेख<br>*शंकरमान राजवंशी* | २६ | 26 |
| काष्ठमण्डप<br>*रमेशजङ्ग थापा* | ३३ | 33 |
| Kashthamandapa<br>*Ramesh jung Thapa* | ४१ | 41 |
| A Comparative Survey of the Coins of Shah Dynasty<br>*Pashupati Kumar Dwivedi* | ४४ | 44 |

# टिप्पणी र समाचार

तिलौलाकोटमा जापानको रिशो विश्वविद्यालय र यस विभागले संयुक्त रूपमा गरिरहेको उत्खनन कार्य जापानी दल फर्केपछि पनि विभागका प्राविधिज्ञहरूद्वारा चालु नै राखियो। त्यसपछि खास गरी पश्चिमी र भित्री भागका सुरक्षित रेखाहरूमा मात्र यी कार्यहरू सीमित रहे । उक्त उत्खनन कार्यहरूबाट प्राप्त सबूतहरूको अध्ययन हुँदैछ र अहिलेसम्मको अध्ययनको प्रतिवेदनअनुसार उक्त उत्खनन कार्यलाई धेरै नै उत्साहप्रद ठहराउन सकिन्छ । यस बारे पूर्ण विवरण र अन्तिम प्रतिवेदनको लागि हामीहरूले केही समय पर्खनुपर्नेछ । यो प्रतिवेदन तयार गर्ने कार्यमा यस विभागका अन्वेषण तथा उत्खनन शाखाका प्रमुख श्री तारानन्द मिश्र प्रयत्नशील हुनुहुन्छ ।

प्राप्त परिणाममध्ये अति चाखलाग्दो एउटा १९ फीट चौडा राम्ररी बनाएको सडक देखिएको छ । यस बारे योभन्दा पहिले पनि सूचित गरिसकिएको छ ।

प्राचीन स्मारकहरूको मर्मत तथा जीर्णोद्धार गरिएको संबन्धमा भक्तपुरको प्रसिद्ध दत्तात्रेय मन्दिरको जीर्णोद्धार कार्य प्रगतिमा छ । यसरी नै ललितपुरको महापाल तथा काठमाण्डुको महामञ्जुश्री मन्दिर आदि प्रमुख छन् ।

यस पटक यस विभागले संचालन गरेका कार्यक्रमहरूमध्ये "नेपाली कला" नामक १९६६ को प्रदर्शनीको क्याटलगमा नपरेका केही ढुंगाका, काठका र धातुका मूर्तिहरूको छनौट गरिएका छन् । ती कलाकृतिहरू जून २८ तारिख १९६८ मा टोकियोमा हुने "नेपाली कला प्रदर्शनी"मा प्रदर्शित गरिनेछन् । श्री ५ को सरकार पुरातत्व विभाग, युमोरी सिम्बुम र रिशो विश्वविद्यालयहरूको संयुक्त आयोजनामा हुने उक्त प्रदर्शनीमा यूरोपमा भएका १९६६–६७ का प्रदर्शनीभन्दा बढ्ता नेपाली कलाकृति प्रदर्शित गरिनेछन् ।

राष्ट्रिय अभिलेखालयका श्री बाबुकृष्ण ढकालले एउटा महत्वपूर्ण प्राप्तिका संबन्धमा विभागको ध्यान आकर्षित गर्नुभयो । विवरण यस प्रकार छ । हाँडीगाउँमा एउटा मन्दिरको लागि जग खन्दा केही पाका ईंटहरू फेला परे । यी ईंटहरू लगभग १३ इन्च×८$\frac{1}{2}$ इन्च×२$\frac{3}{4}$ इन्च छन् । तिनीहरूमध्ये धेरैजसोमा "श्री महासामन्तांशुवर्म्मणः" भन्ने अक्षर अंकित छन् । यी अक्षरहरू संस्कृत भाषामा लेखिएका छन् र लिपि प्राचीन लिच्छवि देखिन्छ । यी ईंट पुरातत्व विभागमा राखिएका छन् ।

यो महत्वपूर्ण भग्नावशेष निःसन्देह नै अंशुवर्मासंग संबन्धित छ, जब उनी शिवदेवको अधीनमा केवल एउटा महासामन्त मात्र थिए । यस खोजले हामीहरूलाई लिच्छविकालीन नेपालबारे अझै बढी महत्वपूर्ण विषयहरू पत्ता लगाउन प्रोत्साहित पार्दछ ।

यस पटक करीब एक महीनासम्मका लागि लेडेनको इथ्नोलोजी म्यूजियमका निर्देशक श्री डा. पी. एच. पट गत मार्च र अप्रिल महीनामा यूनेस्कोका तर्फबाट नेपालका म्यूजियमहरूको अध्ययन गरी तिनीहरूको विकास गर्ने बारे आफ्नो राय र सल्लाह दिन आउनुभएको थियो । यो अध्ययनभ्रमणको व्यवस्था श्री ५ को सरकारको अनुरोधमा संयुक्त राष्ट्रसंघले गरेको थियो ।

डा. पी एच. पटपछि श्री जोन पोलाको श्री कोनाराड वाइजे. काठमाडौं आउनुभयो । श्री. पोलाको नेपालमा सांस्कृतिक दृष्टिकोणबाट पर्यटनको विकासका संबन्धमा प्रतिवेदन र संभावनाको विचार गर्न आउनुभएको थियो । श्री कोनाराड, डा. पट र श्री पोलाकोबाट प्रस्तुत प्रतिवेदनहरूलाई यूनेस्को सचिवालयकातर्फबाट समन्वय गर्न आउनुभएको थियो । यसको साथसाथै एशियाका निम्ति अन्तरराष्ट्रिय म्यूजियम संगठनका प्रमुख डा. ग्रेसमोरले पनि काठमाडौं आउनुभई विभागका उच्च अधिकारीसंग छलफल गरी संग्रहालयको निरीक्षण गर्नुभयो ।

संसारको एक प्रसिद्ध धार्मिक स्थल लुम्बिनीको विभिन्न किसिमहरूबाट विकास गर्न आवश्यकताअनुसारको प्रारम्भिक सर्वेक्षणको कार्य संयुक्त राष्ट्रसंघबाट खटिइ-

आएका विशेषज्ञहरूबाट शुरु भयो । यस सन्दर्भमा संयुक्त राष्ट्रसंघका महासचिव महामहिम श्री उ थान्तको गत १४ जून १९६७ को लुम्बिनीभ्रमण उल्लेखनीय छ । महामहिमलाई उक्त स्थलले निकै प्रभाव पार्‍यो र त्यस पवित्र स्थलको विकास र संरक्षणका लागि तुरुन्तै संयुक्त राष्ट्रसंघबाट केही कार्यहरू गर्नुपर्दछ भन्ने कुरा अनुभव गर्नुभयो ।

लुम्बिनी विकासका संबन्धमा भारतीय सहयोग नियोगले प्रतियोजना तयार पारिसकेको छ । यस योजनामा अझै बढी सुधार ल्याई कार्यान्वित गरी सर्वप्रथम उक्त स्थलमा एउटा सुन्दर वाटिका, तथा उद्यान आदि बनाउने बारे पनि भारतीय सहयोग नियोगद्वारा कार्यक्रमको तर्जुमा हुँदैछ ।

उक्त स्थलमा भग्नावशेषका रूपमा रहेका स्तूप, विहार र अरू त्यस्तै भग्नस्थलहरू जुन अशोकको स्तंभ र मायादेवीको मन्दिरवरिपरि पनि छन्; तिनीहरू सबैको वर्षा-पछि मर्मत तथा संरक्षण गर्ने यस विभागका प्राविधिज्ञ द्वारा प्रारम्भिक कार्यहरू शुरु गरिसकिएको छ ।

*रमेशजङ्ग थापा*

# Notes and News

The excavations at Tilaura-kot undertaken jointly with the Rissho university of Tokyo was continued even after the departure of the Japanese team, especially in the trenches across the defences on the western side, and in the interior immediately behind the lines of defence. The evidence gathered is under study, and while it may be recorded that the results are at once encouraging and interesting, a fuller report or account must await the excavator's ( in this case Shri T. N. Misra, Chief of the Exploration and Excavations Branch ) final anlysis. Among the discoveries recorded is a well built road about 19 ft wide across the defences, which was reported in the last number also. Among the repairs to ancient monuments, mention may be made of the following

(a) Dattatreya temple of Bhaktapur
(b) Mahapal temple ( stone ) of Lalitpur
(c) Manjushri temple of Kathmandu and others

One of the important activtities of the Department during the period under review is the selection of a few sculptures in stone, wood and bronze in addition to the pieces catalogued in **Nepalese Art, 1966**, for an exhibition of Nepalese art objects to be inaugurated at Tokyo on the 28th June '68, which would display a larger collection than that in the European exhibition of 1966–67. The exhibition is being organised under the joint auspices of the Dept: of Arehaeology. Yumori shimbun, and Phisso Universily.

An important discovery brought to the notice of the authorties of the Department by Shri Babu Krishna Dhakal of National Archives is a group of inscribed bricks discovered in the course of earth work excavations for the foundations of a temple in Hadigaon. These bricks measuring on an average 13" × $8\frac{1}{4}$" × $2\frac{3}{4}$", bear the words Shri **Mahasamantamsuvarmanah'** in sanskrit language and in early Lichchhavi script on one of the broder sides, pointing to the existence on the premises of an important structure that can undoubtedly be associated with Amsuvarma, when he was still in a subordinate position of a vassal of Siva Deva, towards the end of the sixth century A.D. This discovery would set us on the trail of more substantial discoveries of the relics of the Lichchhavis in Nepal and would, therefore need assiduous pursuit. These bricks have been already collected by the department.

The period also witnessed the visit for a month in March–April, 68 of Dr. P. H. Pott, Director of the Ethnological Museum, Leyden, for the study of museums in Nepal with a view to offering suggestions for bringing about improvement. This was arranged by the United Nations at the request of H.M.G.

The visit of Dr. P.H. Pott was followed by the visits of Mr. John Pollaco for suggestions as to cultural tourism and of Mr. Conrad wise to coordinate the reports of Dr. Pott and Mr. Polaco respectively.

Beginings were made during the period in the preliminary survey of the world famous site of Lumbini by experts deputed by the United Nations for the purpose of bringing about improvements to the site in various ways. It may be recalled that H. E. U. Thant visited Lumbini on the 14 th June 1967, and being struck by its importance and scope, at once

felt that something must be done for the otherwise impressive site on behalf of the United Nations, and hence the works.

A contour plan of the site has been prepared by the Indian Cooperation Mission and it has been followed by the preperation of an index plan for laying a garden at the site under the auspices of the Indian Cooperation Misson.

The remains of the **stupas** and monasteries and other structural remains around the Asokan pillar and Maya Devi's temple at **Lumbini** have been planned by the depart ment in detail as the preliminary step for the undertaking of their conservation after the monsoons.

**R. J. Thapa.**

# नेपाली संस्कृतिको भूमिका

*–बालकृष्ण सम*

यूरोपमा यूनानको र एशियामा नेपालको कैयौं दृष्टिले उस्तै स्थान छ । इटालीका प्रसिद्ध प्राध्यापक प्राणीशास्त्री तथा नृवंशविद्वान् गिशप द लरेञ्जोले गौरीशंकर हिमालको विषयमा सांचै लेखेका छन् –उता ओलिम्पस पर्वत छ यता हिमालयमाला, उता पनि देवता-हरू माथि रहन्छन्, यता पनि । पिलियस र ओसियनमा बस्ने टिटनहरू वा मेडिटेरिनियनहरू उता पनि हार खान्छन्, यता पनि माथि बस्ने देवताहरू सदा विजयी हुन्छन् । यता वैदिक ऋषिहरू भए जस्तै उता होमर, हिसियदहरू भए, यता जनक भए त उता मार्कस एरि-लियस, यता कनकमुनि शाक्यमुनिहरू, उता सुकरात अफलातू र अरस्तू, उता यूनानी कला यता नेपाली कला ।

तर नेपाल यूनान जस्तो यशस्वी भएन, यूनानको यश उसको वरिपरिका समुद्रले प्रचार गरे, ओलिम्पस पनि उसको गर्भभित्रै रहेको छ; हाम्रो नेपाल भने उल्टो हिमालयको गर्भभित्र रहेको छ, यसको कीर्तिलाई पर्वतका मौन गुफाहरूले मनैभित्र राखे । परन्तु सत्य संधै सुति-रहन सक्तैन, आज हाम्रो देशवरिपरि समुद्र छ, जलको होइन वायुको, जसमा पानीजहाज होइन हवाइजहाज हिंड्दछन् । त्यसो हुंदा हामी पुरातत्वको खोजीद्वारा देशको यश फैलाउन प्रवृत्त भएका छौं ।

मलाई नेपाली रङ्गमञ्चको वा नाटकको विषयमा लेख्ने इच्छा थियो तर नाटकभन्दा पहिले त्यसको पृष्ठ-भूमि प्रस्तुत गर्ने आवश्यकता रहन्छ । शिव पार्वतीलाई ताण्डव र लास्य नचाउने पुरातन समयको प्रतीक उतार्दा पनि त हिमालय र पर्वतशृङ्खलाको पृष्ठभूमि अगि सार्नु-पर्दछ, त्यसैले यो केवल हाम्रो संस्कृतिको भूमिका हुन गएको छ ।

यो लेख लेख्नुभन्दा अगि म कस्तो प्रमाणको आधारमा बोल्न लागिरहेछु त्यो स्पष्ट गर्न चाहन्छु । म नियमित आकस्मिकताकै समष्टि प्रमाणलाई मान्दछु । प्रमाणका साधन सात छन्:

प्रत्यक्ष, शब्द, गन्ध, रस, स्पर्श, तौलन, अनुमान । कुनै विषयलाई प्रामाणिक बनाउन (समष्टिप्रमाण) चाहिन्छः अनुमान + (अरू छ साधनमा प्रयोग हुन सकेसम्म जम्मै) + (हाम्रा ज्ञानेन्द्रिय दूरबीन र अणु-वीक्षण जस्ता अनेक वैज्ञानिक परीक्षण र विश्लेषणको प्रयोग जति मात्रामा बढाउन सकिन्छ त्यसद्वारा अति मात्रामा सिद्धान्तको स्वरूप बलियो हुने हुनाले सो)

यो कुरा यहाँ उठाउनुपरेको कारण जब हामी कुनै ऐतिहासिक वा पुरातत्वको विषयमा बोल्दछौं हाम्रा प्रमाण कैयौं विवादास्पद हुन्छन् । निर्विवाद सत्यलाई मात्र मानेर हिंडौं भने आजसम्म लेखिएका कति प्रसिद्ध इतिहासलाई हामीले यी त उपन्यास हुन् भनेर तिनै पंक्तिमा थन्क्याउनुपर्नेछ । दृष्टान्तमा कुनै समयमा हाम्रो छिमेकी भारतमा रामायण र महाभारत जस्तो ग्रन्थलाई इतिहास भन्दथे । त्यसैले त्यसमा लेखिएका अस्वाभाविक घटनालाई पनि उस वेलाका भक्तहरू अक्षरसः सांचो मान्दथे । वृथा आजकालका इतिहासकारहरू पनि त्यस्तै मान्यता चाहन्छन् । धेरै ऐतिहासिक घटना संकलन गर्दैमा उसको अनुचित अनुमात गर्ने अधिकार रहँदैन, न त इतिहासकार नगनिएकाहरू उचित अनुमान गर्नबाट वञ्चित हुन सक्तछन्; लाखै ग्रन्थ लेखे पनि उसको एक असत्य तर्कलाई ती ठेली सत्य प्रमाणित गर्न सक्तैनन् । 'तेरो तर्क गर्ने अधिकार छैन' तेरो तर्क क्षुद्र नहोस् सही तर तं क्षुद्र छस् 'त्यसैले' यो कुरा अब मृतप्रायः भइसक्यो ।

आज विज्ञान चाखिसकेको भारतमा त्यो कुरा छैन तर राम र कृष्णमा अत्यन्त श्रद्धा राख्ने अथवा भार-तीय एकतामा राम र कृष्णको पूर्ण प्रयोजन देख्नेहरू ती दुइ ग्रन्थलाई समर्थन गर्न बुद्धि खियाइरहेछन्, अवै-

ज्ञानिक विषयलाई कहिले रूपक भन्ने कहिले प्रक्षिप्त भन्ने कहिले आधुनिक वैज्ञानिक चमत्कारको आधारमा प्राचीन समयमा पनि बाँदरले बोल्नु वा उड्नु इत्यादिको सम्भावना देखाउने रहस्यवादी विद्वानको संख्या उहाँ प्रशस्त छ, दार्शनिक कवि जातिलाई यो नमिल्ने कुरो होइन; 'ब्रह्म सत्यं जगन्मिथ्या' सम्म भन्न सक्ने साहसी शंकराचार्यका अनुयायीलाई यो गाह्रो पनि होइन ।


म पनि नेपाली हु । जतिसुकै प्रमाणवादी बन्ने चेष्टाले म प्रमाणहरू टिपूँ, परन्तु मेरो सूत्र नेपाली नै रहन्छ । म अहिले 'नेपाली सबभन्दा वीर जाति हो' भनुंला, तर म आज जर्मन भएको भए अवश्य भन्दो हुँ 'जर्मनजाति सर्वश्रेष्ठ वीर जाति हो' । तसर्थ आफ्नो दृष्टिकोणलाई म लुकाउन चाहन्न । कोही इतिहासको कुरा गर्दा निष्पक्ष र न्यायी छु भन्ने ढाँचा गर्दछन् । कसैले त्यसो गर्न सके त ठूलो कुरा हो, तर आफ्नै घर र आफ्नै जहान बच्चालाई अरूले थिचोमिचो गर्दा मात्र निष्पक्षतालाई अंगाल्ने अरूको चाँहि पक्ष लिने गर्दछ भने उसको त्यो भावना अनेपालीत्वको अतिरिक्त अरू केही पनि होइन । इङ्गल्याण्डका एच. जी. वेल्स जस्ता इतिहासकारले निष्पक्ष बन्ने चेष्टा गर्दागर्दै पनि इङ्गल्याण्डलाई संसारको अगिल्तिर स्पष्टसित उभ्याइदिएका छैनन्, परन्तु नेपालमाथि उनले जुन अन्याय गरे त्यो अक्षम्य छ । त्यो दोष उनलाई छैन हामीलाई छ,– हजारौं ऐतिहासिक अपमान सहेर चूप लागिरहने हृदय-दौर्बल्य नेपालीलाई छ । वेल्सले के इतिहास पढे, अथवा पढेर पनि बिर्से, अथवा सम्झेर पनि अन्याय गरे– नेपालसित लडाई पर्दा के के गुज्रेथ्यो । उनकै जातिले बलभद्रलाई नेपाली लिओनिदस भनेका हुन्, आज उनले वेद र बुद्ध नेपालका हुन् भन्न पनि चाहेनन् जुन जातिलाई कैयौं संग्राममा ढाल बनाई उनको बलिदानको आडमा उनका बृटिश जातिले खुट्टा अगि बढाएथे त्यस जातिको श्रद्धामा ती बैगुनी महान् इतिहासकारले एक अक्षर पनि पुष्पाञ्जलि चढाएनन् । आफ्नो देशलाई देशका पर्वतलाई महापुरूषलाई टपाटप टिपेर अरूले पोल्टामा हालेको टुलुटुलु हेरिरहने, छातीमा एउटा कमसल चांदीको तक्मा के कसैले लट्काइदियो भने त्यही हेरेर सन्तोष मान्ने हामीलाई नै यस कुरामा दोष छ । अरूलाई मार्ने पापी हो, त्यसभन्दा महान् पापी त्यो हो जो आत्महत्या गर्दछ । हामी के गरिरहेछौं 'जुन इतिहासले आफ्नो देशको गौरवलाई धमिल्याउंछ', अझ अपमान समेत गर्दछ । त्यस्तो इतिहास आफ्ना सन्तानलाई पढाएर उनको भावनालाई दूषित पारिरहेछौं– त्यसभन्दा त जाती थियो बलभद्र सिपाहीहरू जस्तै निरक्षर योग्य हुनु किनभने उनीहरूलाई चाहिदो कुरा त थाहा थियो । नेपाल र नेपालीको निति हामीले ज्यान फाल्नुपर्दछ ।

**अब खोजौं त्यो नेपाल कुन हो, के हो, कस्तो हो ?**

उता चीनले सम्झेको थियो नेपा वा निपोलो मध्यदेश (चीन र भारतको बीचको) मध्यमार्गी शाक्यमुनिको जन्मभूमि भएकोले तीर्थस्थान हो, कैलास शैली तथा साहित्य संगीत र नृत्यको उद्गमस्थान हो, अनि प्रथम कलाकार अरनिकोको जन्मस्थान पनि हो, यस गिरिराज्यलाई उनले मदेश सम्झेका थिए । त्यता भारतले सम्झेको थियो नेपाल स्वर्ग हो, वैकुण्ठ हो, कैलास हो । भारतका प्रसिद्ध विद्वान् 'वैदिक धर्म' का सम्पादक श्रीपाद दामोदर सातवलेकरले हिन्दीमा लेखेका छन्–

"पूर्वकाल में वृद्धावस्था प्राप्त होनेपर भारतवासी त्रिविष्टप् अर्थात् तिब्बत में कैलासमानसरोवर के निकट अथवा वैकुण्ठ अर्थात् नेपाल के हिमगिरि के शिखरों पर जाकर वहां तपस्या करते हुए अपना शेष जीवन व्यतीत करते, तथा योगसाधन के द्वारा वहीं देहपात किया करते थे । इस परिपाटी के कारण 'कैलासवासी, वैकुण्ठवासी तथा स्वर्गवासी होना' इसीका अर्थ देहान्त होना ऐसा आगे चलकर रूढ हुआ"

यसमन्तिर उनले यस्तो रूपरेखा दिएका छन्–




यहांनेर चुचुरो र फेदी वा लेक र बेंसीमा बस्ने नेपालीले जाडो र गरमीको आधारमा वा त्यस अनुसार दोबरी र एकसरो लुगाको अवलंबन गरेकोमा भेद ल्याउन खोजेको देख्ता सुत्तानिपातीबाट गौतम बुद्धको वाक्य उतार्नु उचित देखिन्छ, जब गङ्गापारीका राजा विन्दुसारले

बुद्धलाई सोधे "तपाईंको जन्मभूमि कहाँ हो ?" बुद्ध भन्दछन्ः—

उजुमू जनपदो राजा हिमवत्तस्स पस्सतो ……

राजा, जहाँबाट हिमाल देखिन्छ त्यसै जनपदमा म जन्मेको हुँ ।

अब हामी नेपालीको आँखामा नेपाल के थियो ? अवश्य हिमालभन्दा नेपाल पछिको नाम हो, अवश्य अहिले हिमालय जम्मै नेपालभित्र परेको छैन, अवश्य नेपालभित्र सयौं राजा थिए, अवश्य नेपाल पर्वत र नेपाल खाल्डा छुट्टिदा छुट्टिदै एकचोटि पर्वते र नेपाली यस्ता छोटकरी नाम रहेर काठमाडौंका राजा, पाटनका राजा र भक्तपुरका राजाहरू नेपाली राजा तथा पर्वतका, गोरखाका, लम्जुङ्का राजाहरू पर्वते राजा भनिन थाले, हुँदा हुँदा नेपालबाट नेवार शब्द बन्यो । यसरी, मानदेव थुंको, भास्कर मल्ल, यक्ष मल्ल र पृथ्वीनारायण शाहका नेपाल अवश्य उस्तै र उत्रै थिएनन् । हिमाल नाम नेपालमा संकीर्ण भएपछि नेपाल सबभन्दा विशाल गीर्वाण-युद्ध विक्रम शाहको समयमा थियो । जुनसुकै देशको पनि यस्तै अवस्था थियो, यो स्वाभाविक हो— रोमको इतिहास यसमा साक्षी छ, रोमन साम्राज्य एक रोम शहरमा परिणत छ । संक्षेपमा हमिल्टनले लेखेका छन्—"अमरसिंह कति अभिमानी, हिमालयको वारपार जहांसम्म पर्वत-शृंखलामा अलिकति मात्र पनि ढिस्को उठेको छ त्यो स्थान उ नेपालकै अंग संझन्छ, त्यसो हुँदा त मानसरोवरका दुइतिरबाट बगेका गंङ्गा र ब्रह्मपुत्रको सांध लगाउन चाहन्छ, उ त्यस्तो अभिमानी छ ।" अमरकोशका कैलास' अलका, अनि त्यहांका राजा यक्षराज (यखाका राजा) किन्नरेश (किराती राजा) इत्यादिलाई संझी भानुभक्तले लेखेका हुन् ।

'अलकापुरि कान्तिपुरी नगरी'

तर कैलासकूटमा सब एकमत थिए चाहे अंशुवर्मा हुन् चाहे पृथ्वीनारायण । कालिदासले भारतभूमिमा लेखेको 'मेघदूत' त्यसको अर्को उदाहरण छ, अथवा कुमारसम्भवको— 'अस्त्युत्तरस्यां दिशि देवतात्मा हिमालयो नाम नगाधिराजः वा 'रघुवंश' को प्रथम श्लोक तथा 'साकुन्तल' मा उनले शब्दद्वारा लेखेको हिमालयको चित्र सब यसका समर्थक छन् ।

पूनानी म्यागस्थिनिजले पनि चन्द्रगुप्तको भारतको उत्तर मांध गङ्गादेखि पारो हिमोदस वा इमोदस (हिमालमा शकहरूको राज्य छ) भनी लेखेका छन् । वास्तवमा नेपालको सबभन्दा पुरानो नामै हिमाल हो, पर्वत हो । चीनको दखिन हिमाल छ, भारतको उत्तर हिमाल छ भन्नु वा नेपाल छ भन्नु एउटै कुरा हो ।

गिरिराज यो सत्य छ, शिव छ, सुन्दर छ । अन्ध राष्ट्रवाद अन्तर्राष्ट्रिय सद्व्यवहारको नीति हानिकारक ठहरिएको छ; हो, परद्रोहको निति सो प्रयोग हुन्छ भने अवश्य हानिकारक होला, तर देशप्रेम अवगुण होइन, विश्वप्रेमकै कखरा हो; दान, दया, प्रेम, स्नेह, भक्ति सब घरबाटै प्रारम्भ हुन्छन् । नेपाल सुन्दर छ, यसको अर्थ यो होइन अरु देश असुन्दर छन् । नेपालमा समुद्र छैन, ठूलठूला तरङ्ग आएर पहरामा ठक्कर लागेको राम्रो दृश्य हामी हाम्रो देशमा देख्न पाउँदैनौ; फेरि यसको अर्थ यो होइन समुद्र सित जोडिएको देश नै सुन्दर हुन्छ; होइन, अफ्रिकाको प्राकृतिक घरघोर जंगल पनि सुन्दर छ, अझ त्यहां त हरिया पात छन्, जंगली फूल छन्, तर जहां अरू केही छैन बालुवै बालुवा छ, त्यो भयानक सहारा मरुभूमि पनि सुन्दर छ;— कति राम्रो तसवीर, लामो लामो ऊंटको लहर भएको कारवां, बालुवामा पाइलाले एक नाससित पारेको प्वालको पंक्ति त्यहांका जातिले त्यस स्थानलाई त्यस स्थितिलाई सुन्दर नसंझेको भए त्यहां बालुवाको आंधी खपेर को हिंडिरहन्थ्यो । अनेक भूकम्प र आंधीसहित जापानीहरू जापानलाई प्रेम गर्दछन् किनभने त्यहां फुजी छंदै छ, जतिसुकै क्षतिग्रस्त भएको ठाउंमा पनि चेरी फेरि हांसेर फुल्दछ ।

त्यस्तै हामी नेपाललाई यसको उकालो ओह्रालोसहित प्रेम गर्दछौं । हिमाल चिसो पनि छ, सुन्दर पनि छ । नेपाललाई सम्म पार्न यी सब पर्वतहरू काटिए भने साथसाथै सौन्दर्य पनि त छांटिन्छ । त्यो सौन्दर्य त परदेशीहरू पनि देख्छन् तर हामी त्यसलाई स्वभावतः प्रेम गर्दछौं । देशप्रेम मातृभक्ति तथा वात्सल्य जस्तै प्राकृतिक हो । प्रेम गर्नाका धेरै कारणहरू हुन्छन्— यही माटोमा जन्मनु, यही माटोमा खेलेर हुर्कनु, यहांकै अन्न जल खानु, यहां नै आफ्ना बन्धुवर्ग हुनु इत्यादिको अतिरिक्त विभिन्न देशका आफ्ना आफ्ना गौरवका वस्तु हुन्छन्, जसले जातिको शिर ठाडो राख्तछ, जातिलाई दुःख पर्दा ढाढस दिन्छ, परिश्रम गर्न उत्साह दिन्छ, संधै आशावादी तुल्याएर जीवित राख्तछ ।

त्यो देश त्यति नै उन्नत हुन्छ जतिमात्रामा देशलाई देशवासीले प्रेम गरेको हुन्छ, साधारण देशवासी देशलाई त्यति नै प्रेम गर्दछ जति मात्रामा उसलाई देशको गौरव हुन्छ । मानिस सबभन्दा गौरवलाई प्रेम गर्दछ । प्रेमिकाको निंति ज्यान फाल्नेहरूको संख्याभन्दा जातीय गौरवको निंति प्राणलाई हत्केलामा राख्ने संसारका वीरहरूसित दाँझिन हामी नेपालीहरू कहिल्यै पछि परेका छैनौं । भक्ति थापाले औंल्याएको गौरवमा कैयौं सिपाही बलिदान भए ।

भौतिक संपत्ति आवश्यकीय वस्तु हो, हाम्रो व्यवहार चल्ने साधन स्तुत्य छन्, तर गौरवका यस्ता वस्तुको पनि अस्तित्व संसारमा छ जसको निंति मानिस संपत्तिलाई तृणबराबर गन्दछ । तिनबाट हाम्रो व्यवहार नचलोस्, तिनबाट हामीलाई पेट भर्ने कुरा प्राप्त नहोस्, हाम्रो पेट नभरोस् तर ती हाम्रा गौरवका वस्तु छन् । ती जति प्राचीन छन् उति नै हामीलाई नवीन बन्न सक्ने शक्ति दिन्छन्, जति जग गहीरो र बलियो हुन्छ उति त्यसमाथिको भवन अग्लिन सक्तछ ।

त्यस्ता गौरवका वस्तुहरूमध्ये सबभन्दा प्राचीन तथा हाम्रो ज्ञान विज्ञानका मूल स्रोत वेद हुन् ।

वेदको घर नेपाल हो ।

यहां पश्चिमतिरबाट बिस्तारै बिस्तारै आर्य जातिको प्रवेश भएको हो । त्यसभन्दा अगि यहां किराती, थारू आदि आदिवासी थिए । त्यस वेला गंगाको फांट ज्यादै ठूलो थियो विन्ध्यदेखि हिमालय पर्वतको फेदीसम्म वा भीमफेदी सम्म नेपालतराई जहाँ अहिले जंगल छ त्यो पनि जलमग्न थियो । पानी घट्तै गएपछि थारूहरू पानी भेट्न ओर्लदै गएका हुन् । किरातीहरू पर्वतमाथि नै थिए, तिनैलाई आर्यहरूले किन्नर (किरात), यक्ष (याखा) याकथुम्बा, गन्धर्व (गाइने) भनेका होलान् ।

आर्य नाम नै घुमन्ताको हो । त्यसैले आर्य कहांका आदिवासी हुन् भनेर पैल्याउंदै जांदा कति दक्षिण रूसतिरबाट तिनीहरू यता पनि आएका हुन्– कति त यूरोपतिर गए, छुट्टिने वेलामा स्वस्तिक चिह्न उनीहरूले आपस्तमा बाँडेका थिए जो अझै साक्षीरूपमा छ । कति त इराक इरानतिर लागे, 'जिन्दावस्ता' का वेदसित मिल्ने केही भाषा र केही भावना अझै तिनका विशेष प्रमाण बनेका छन् । आर्यहरू कति पछि पञ्जाबको बाटो गरी केही भारत पसे, थोरै आर्य पर्वतै पर्वतको बाटो गरी दार्शनिक विचारलाई कवितामा पकाउन एकान्तलाई महत्व दिंदै नेपालका काली कर्णाली, सप्तगण्डकी र सप्तकोशीको क्षेत्रमा आएर बसे, तिनै प्रथम वैदिक ऋषि हुन सक्तछन् । यस सुन्दरभूमि नेपाललाई ऋषिहरूले स्वर्ग बनाए, पर्वतका टाकुरामा रहने वर्षा गर्ने मेघमा रहेको विद्युच्छक्तिलाई सर्वोच्च स्थान दिएर त्यसलाई देवराज इन्द्र भने: —

यत्सानोः सानुमारुहद्भूर्यस्पष्ट कर्त्वम् ।
यदिन्द्रो अर्थं चेतति यूथेन वृष्णिरेजति ।।
मधुच्छन्दा (ऋग्वेद) —

जब एक पर्वतशिखरबाट अर्को शिखरमा जानेले इन्द्रको कार्यशक्ति पुरासित देख्छ इन्द्र पनि उसको भाव बुझेर वृष्टि गर्न आफ्ना सेनासित उसको सहायतार्थ दौडन्छन् ।

यो कोशीकिनारको कुनै स्थान हुन सक्छ जहाँबाट तरेली परेका पर्वतमाला देखिन्छन्, बिजुली चम्कन्छ, पानी पर्दछ, मधुवर्षासाथै मधुच्छन्द बर्सन्छ । यसका रचयिता, अथवा जसलाई यो स्फुरण भयो ती कौशिक विश्वामित्रका पुत्र हुन् । कोशी किनारामा अझै यस्ता छन्द उब्जन्छन् । तलका दुइ पद हामी दांज्न सक्तछौं दुवै उही छन्दमा छन्:–

(१) उकालीको दुवाली कोशीकिनारमा
के पो होला ठुल्दाज्यू हाम्रो निधारमा ?
धिन् धिन् मादल काँ बज्यो कोशीकिनारमा
भाग्य छैन सान्नानी तिम्रो निधारमा ।

अब ऋग्वेद । ऋषि– हिरण्यस्तूप आङ्गिरस ।
देवता– आश्विदेव । छन्द– जगती ।

(२) त्रिरश्विना सिन्धुभिः सप्त मातृभिस्
त्रय आहावास्त्रेधा हविष्कृतम् ।
तिस्रः पृथिवीरुपरि प्रवा दिवो
नाकं रक्षेथे द्युभिरक्तुभिर्हितम् ।

अर्थ– हे अश्विदेव, आमाहरू जस्तो सातनदी (सप्तकोशी)

बाट तीनचोटि भरिएका तीन भांडा छन्, तीन प्रकारले हवि गरिएको छ । तीन पृथ्वीमाथि (शिखर पाखा र फेदीमा) दिनमा गएर तिमीले दिन र रात्रीले राखेको स्वर्ग (सुख–औषधि) को रक्षा गरेथ्यौ ।

विभिन्नता यो छ; वेदमा ओज छ, आशा छ, अगिल्लोमा निराशा र पलायनवाद छ । परंपरागत उही वातावरणमा गुंजिरहेको लय त जस्ताको तस्तै छ, तर आत्मशक्ति टुटेको छ जुन हामी पुरातत्वको ज्ञानले फेरि जुटाउन सक्तछौ ।

अर्को ठाउंमा मधुच्छन्दा गायत्रीमा गाउंछन्–
इन्द्रो दीर्घाय चक्षुस आसूर्यं रोहयद्दिवि ।
वि गोभिरद्रिमैरयत् ।।

इन्द्र धेरै कालसम्म प्रकाश गरून् भनेर सूर्यलाई माथि द्युलोकमा उठाउंछम् । सूर्य किरणले पर्वतलाई गतिशील बनाउंछन्, हिउं बग्न थाल्दछ । मेघातिथि ऋषिको अगिल्तिर पर्वतमा एक थुम्को बादल जान्छ, उनी गाउंछन्–

मेषो भूतो ३ भि यन्नयः

हे पर्वतमा रहने इन्द्र, बुद्धिमान् कण्वपुत्र मेघातिथिको अगाडिबाट यसरी तिमी भेडाको रूपले गयौ ।

मेधातिथिका पिता कण्व हामी चारैतिरबाट पर्वतले घेरिएर बसेकाहरूको निंति कस्तो प्रेरणा दिने गीत गाउंछन्–

परा ह यत् स्थिरं हथ नरो वर्तयथा गुरु ।
वियाथन वनिनः पृथिव्या व्याशाः पर्वतानाम् ।।

हे नर ! जब तिमी सुस्थिर शत्रुलाई उचालेर फाल्न सक्छौ, बलियो शत्रुलाई हल्लाउन सक्छौ, पृथ्वीको वनलाई पनि नाश गर्न सक्छौ तब तिमी चारैतिर धेरैको पर्वतबाट पनि सुगमताले निस्कन सक्छौ । यो उनले हावालाई सम्बोधन गरेर बोलेका हुन् ।

यसरी ऋग्वेदका कैयौं मन्त्रमा हामी पाउंछौ–पहिले नागह्रद भएको नेपाल खाल्डा तथा वराहक्षेत्रसम्मका ठाउंहरू जहां जहां पानी जमिरहेको थियो, त्यसबाट बज्र प्रहार गरी कालो बादल वा कालो ढुंगो लडाई बांध खोलिदिने इन्द्र छन् । पछि तिनै विष्णुपुराणमा विष्णु र बौद्धपुराणमा बुद्ध भए । पर्वतमा धनको सुरक्षा गरिराख्ने पनि इन्द्र छन्, नदीनालाहरूलाई पर्वतबाट वेगवान् बनाई चलाउने पनि इन्द्र नै छन् । सातै नदी (सप्तकोशी वा सप्तगण्डकी) इन्द्रलाई अन्न दिन्छन् । यस्ता सबै मन्त्र देख्दा हामीलाई निश्चय हुन्छ हामी तिनै ऋषिका उत्तराधिकारी हौं ।

जस्तै हामी पृथ्वीको माथिमाथि खनेर अन्न उमाछौं, अझ तल तल खनेर खानि भेट्टाउंछौं, त्यस्तै संसारको सबभन्दा प्राचीन ग्रन्थ वेदलाई खन्नु र खोतल्नु पनि हाम्रो कर्तव्य हो । हाम्रो आर्थिक संकटको अवस्थामा पुरातत्वको महत्वलाई पन्छाउनेहरू पनि छन् । हाम्रो आर्थिक संकटको मूल कारण हो हामीले आफ्नो पुरातत्वलाई हेला गर्‍यौं अरूको नयां तत्वलाई लियौं । निश्चय नै हामीले हाम्रो संस्कृतिको आधार पूरा तत्वको खोजी अवश्यमेव गर्नुपर्ने देखिन्छ । किनभने त्यहीं जमेको पुरानो जगको ढुंगामाथि हामीले नयां भवन निर्माण गरेर संसारको मुखिन्जेल प्रतिष्ठाले उभिनु छ ।

# श्री ५ राजेन्द्र विक्रम शाह र तत्कालीन नेपाल

—ढुण्डिराज भण्डारी

श्री ५ पृथ्वीनारायण शाहका पाचौं उत्तराधिकारी श्री ५ राजेन्द्र विक्रम शाह बुद्धिले कुशाग्र, हृदयले महान्, भावनाले राष्ट्रिय भए तापनि भाग्यले एक अभागी राजा थिए । करीव ३१ वर्षको उनको राज्यकाल (वि. सं. १८७३–१९०४) मा नेपालमा जति अमानवीय घटनाहरू घटित भए र साथै देशभक्तहरूको इहलीला जुन बर्बर तरीकाबाट समाप्त गरियो त्यति कुनै पनि राजाको राज्यकालमा नेपालको इतिहासले प्रस्तुत गर्न सकेको छैन । दरवारभित्रका तत्कालीन स्वार्थी भारदारहरूको देशबेचुआ राजनीति, ईस्ट इण्डिया कम्पनीका पदाधिकारीहरूको नेपाल हड्पने कूटनीति र केही सीमित व्यक्तिका व्यक्तिगत स्वार्थ र दुराकांक्षा नै ती अमानवीय घटनाहरूका मूल कारण हुन् । जसले गर्दा नेपालको इतिहाससम्म भाँडिन र राष्ट्र आफ्नो राष्ट्रिय चरित्र, मर्यादा, गौरव र संस्कृतिसम्मलाई प्रश्नवाचक चिह्नले हेर्ने स्वभावले प्रेरित भयो ।

भारतवर्षको इतिहासका कतिपय घटना (जयचन्द, मीरजाफर आदि ऐतिहासिक पात्रहरूको व्यक्तिगत स्वार्थ र साथै सिकन्दर, नादिर शाह र ईष्ट इण्डिया कम्पनी आदिका भारत–अभियान सम्बन्धी सफलताहरू)ले इतिहासका जिज्ञासुहरूलाई ठूलो शिक्षा प्रदान गरेको छ ।

इतिहासका सबै घटनाहरूको तुलनात्मक विशद अध्ययन र मनन गर्दा इतिहासका पुराना पाता पुनः नपल्टिऊन् र साथै विदेशी र विदेशीका इशारामा "वणिक्-वृत्ति" ले प्रेरित भई नेपालको इतिहास भाँड्न लेखिएका इतिहासका कल्पित चरित्रचित्रण र घटनाहरू ऐतिहासिक प्रमाणका साथ इतिहासका प्रेमीहरूको समक्ष आएका छन् । तर आफ्नो स्वार्थगत भावनालाई कुण्ठित गरी आफ्नो देशको इतिहासको रक्षा गर्नु, ऐतिहासिक सामग्रीहरूको खोजी गर्नु, संचित राख्नु र ती सामग्रीहरूको अध्ययन, मनन र चिन्तनको आधारमा इतिहासका बिग्रन गएका अंशहरूलाई सच्याउनु इतिहासका प्रेमीहरूको पुनीत कर्तव्य हो ।

यिनै उपर्युक्त तथ्यहरूमाथि विचार गर्दागर्दै यसै क्रममा श्री ५ राजेन्द्र विक्रम शाहको चरित्र, तत्कालीन राजनैतिक घटना र त्यसका निश्चित भयंकर परिणामसम्म पुग्न सकिन्छ । विदेशी इतिहासकार तथा उनका आधारमा अनूदित ऐतिहासिक घटनावली तथा ऐतिहासिक पात्रहरूका चरित्रचित्रण र प्राप्त ऐतिहासिक सामग्रीहरूका तथ्यांकहरू स्पष्ट रूपमा एक दोस्राका विरोधी लक्षित हुन्छन् । यसको अतिरिक्त यी इतिहासका चित्रहरू कल्पनाको आधारमा चित्रित हुन गएकाले स्वतः पनि एक दोस्राका विरोधी देखापर्दछन् ।

प्राप्त ऐतिहासिक प्रमाणको आधारमा श्री ५ राजेन्द्र विक्रम शाहको जीवन दुई भागमा विभाजित देखापर्दछ । १, अपरिपक्व अवस्था र २ परिपक्व अवस्था । अपरिपक्व अवस्थाअन्तर्गत उनको जीवन बाल्यावस्था र युवावस्था यी दुई भागमा बाँडिएको देखिन्छ ।

राजेन्द्र विक्रम शाह करीब २ वर्षको उमेरमा राज सिंहासनमा आसीन भएका थिए । १९ वर्षको अवस्थासम्म उनले अभिभाविका नायव जिज्यूमुमा महारानी ललित त्रिपुर सुन्दरीको आश्रय प्राप्त गरेका थिए । वि. सं. १८७३ मा राजसिंहासनमा आसीन भएदेखि वि. सं. १८९४ सम्म मुख्तियार भीमसेन थापाको प्रशासकीय व्यवस्थाको आधारमा श्री ५ राजेन्द्र विक्रम शाहले देशको गौरवको रक्षा गरेका थिए । अब प्रश्न उठ्दछ– वि. सं. १८८९ मा नायव महारानी ललित त्रिपुर सुन्दरीको निधनपछि दरवारका भारदारहरूले भीमसेन थापाको विरुद्ध १९ वर्षीय श्री ५ राजेन्द्र विक्रमको कान किन फुक्न थाले र श्री ५ राजेन्द्रविक्रम शाहको उमेर २५ वर्ष पुग्दा नपुग्दै वि. सं. १८९४ मा भीमसेन थापाको पतन किन भयो ?

नेपाल राष्ट्रका जनक दूरदर्शी पृथ्वीनारायण शाहले अंग्रेजहरूको उपनिवेशवादि नीतिलाई राम्ररी बुझेका थिए । यसैकारण उनले प्रशाका प्रधानमन्त्री ओटो वान विस्मार्कले जर्मन राष्ट्र खडा गर्नुभन्दा एक शताब्दी पूर्व नै नेपाल राष्ट्रको निर्माण गरेका थिए । अंग्रेजहरूको सम्बन्धमा उनको धारणा थियो–यिनीहरू पहिले शास्त्र देखाएर पछि शस्त्र प्रहार गर्दछन् । अर्थात् आर्काको राज्यमा पहिले धर्मप्रचारका लागि पादरी पठाउँछन्, उनीहरूको सफलतापछि व्यापारीहरू र अन्तमा क्रमशः त्यस राज्यमा आफ्नो राजनैतिक अधिकार कायम गर्दछन् । हुन पनि पछिका घटनाहरूले उनको धारणालाई सत्य सिद्ध गरेका छन् । यसै धारणाको आधारमा पृथ्वीनारायण शाहले आफ्नो जीवनपर्यन्त अंग्रेजहरूलाई नेपालको भूमिमा प्रवेश गर्न दिएका थिएनन् । वि. सं. १८१९ मा सिधुलिगढी युद्धमा भएको किन्लोकको पराजय यस्तै रूपमा देखापर्दछ । पृथ्वी नारायण शाहले नेपालराष्ट्रको निर्माण त गरे तर देशको दुर्भाग्यले गर्दा अल्प समयमा नै इहलीला समाप्त गर्नुपरेकोले प्रशासनिक व्यवस्थालाई उनले सुदृढ पार्न सकेनन् । श्री ५ प्रताप सिंह शाहको राज्यकाल एक त अत्यन्त अल्प रह्यो र अर्को उनले आफ्नो अल्प (२ वर्ष १० मैना) राज्यकालमा पनि राज्यविस्तार गर्ने भावनालाई नै व्यावहारिक रूप प्रदान गरे । उनको निधनपछि बालक रणबहादुर शाह राजसिंहासनमा आसीन भए । राजा कमजोर भएको खण्डमा राज्य कसरी भारदारहरूको हातको खेलौना हुन जान्छ भन्ने तथ्य मल्लकालीन पाटनको इतिहासले प्रस्तुत गरेको छ । हुनत श्री ५ प्रतापसिंह शाह र बहादुर शाहको झगडाले राजदरबारमा षड्यन्त्रको बीजारोपण प्रारम्भ भइसकेको तथ्यतिर आकर्षित गर्दछ, तर यसको स्पष्ट लक्षण रणबहादुर शाहको राज्यकालमा देखापरेको छ । दरबारी षड्यन्त्रमा स्वार्थी भारदारहरूको मात्र हात थिएन बरु ब्रिटिश कम्पनी सरकारको पनि हात थियो भन्ने कुरा ऐतिहासिक प्रमाणद्वारा सिद्ध भइसकेको छ ।

अब अर्को प्रश्न उठ्छ– भारतको उत्तरको एउटा कुनामा रहेको भौगोलिक दृष्टिबाट यति सानो राज्यमाथि ब्रिटिश कम्पनी सरकारको त्यत्रो ठलो गृद्धदृष्टि किन पर्‍यो जसले गर्दा बहादुर शाह तथा भीमसेन थापाको पतन भयो, माथवरसिंह तथा गगनसिंहको हत्या भयो र साथै नेपालले कोतपर्व र भण्डारखालपर्व जस्ता कल्पना गर्न पनि डर लाग्ने अमानवीय घटनाहरू देख्नुपर्‍यो ।

इंगलैण्डको इतिहास टच्यूडर कालमा गृहकलह र हनोवरकालमा जातीय युद्धले भरिएको छ । युद्धको मूल कारण उपनिवेशप्रसारण नीति नै बोध हुन्छ । पुर्तगीज, डच, फ्रांसिसी र अन्तमा अंग्रेजहरूको क्रमशः भारतमा आगमनसम्बन्धी घटनाले उपर्युक्त विचारलाई बल प्रदान गर्दछ । सन् १६०० ई० को ३१ दिसम्बरमा अंग्रेजहरूले भारतमा ईस्ट इण्डिया कम्पम्पनीको स्थापना गरेका थिए । अंग्रेजहरूले यस समयदेखि श्री ५ रणबहादुर शाहको राज्यकालसम्म कैयौं पटक यूरोपीय देशमा आफ्ना जातभाइहरूसित र एशियामा विभिन्न राजारजौटाहरूसित युद्ध गरी एशियाको व्यापार र राजनीतिबाट अन्य यूरोपीय जातिहरूलाई स्वदेश फर्कन बाध्य गरेका थिए । सन् १७८३ ई. को वारसाइलको सन्धिद्वारा अमेरिकन उपनिवेश आफ्नो हातबाट गुमेपछि यता इंगलैण्डमा १८ रौं शदीको उत्तरार्धमा औद्योगिक क्रान्तिले जरो हालेपछि आफ्नो व्यापार सुरक्षित राख्न भारतवर्षमाथि आफ्नो अधिकार बलियो पार्नु परमावश्यक थियो । यसै कारण अंग्रेजहरूले भारततिर जाने सबै जल स्थल दुवै भागलाई अनेक छल, बल तथा कूटनीतिद्वारा क्रमशः आफ्नो अधिकारमा पारेका थिए । अंग्रेजहरू रूसलाई ब्रिटिश भारतको निश्चित खतरा मान्दथे । यसकारण रूसको दृष्टिबाट भारतलाई बचाउन प्राकृतिक ढाल अफगानिस्तान र तिब्बत यी दुई राज्यलाई आफ्नो अधिकारमा पार्नु परमावश्यक थियो । तिब्बत र नेपाल एक दोस्रासित जोरिएका हुनाले नेपालको राजनीतिमाथि पनि आफ्नो अधिकार कायम गर्नु ईस्ट इण्डिया कम्पनीका लागि परमावश्यक थियो । यसै कारण ईस्ट इण्डिया कम्पनीको दृष्टि नेपालमाथि परेको थियो ।

अपरिपक्व बालक श्री ५ राजेन्द्र विक्रम शाहको राज्यकालमा पनि कमाण्डर इन चीफ र मुख्तियारीको पद भीमसेन थापाले नै प्राप्त गरेका थिए । उनको परराष्ट्र नीति नेपाल राष्ट्रका जनक पृथ्वी नारायण शाहको परराष्ट्र नीतिको व्यावहारिक रूप थियो । नेपालबाट त के सम्पूर्ण एशियाबाट नै ब्रिटिश–उपनिवेशवादलाई पलायन गराउने इरादाको आधारमा उनले आफ्नो सम्पूर्ण नीति बनाएका थिए । काशीबाट रण-

बहादुर शाहलाई नेपाल फिर्ता गराउंदा दूरदर्शी भीमसेन थापाले आफ्नो बुद्धिचातुर्य र कूटनीतिमा अंग्रेजहरूलाई राजनीतिको यौटा सानो तर महत्वपूर्ण पाठ पढाइसकेका हुनाले ईस्ट इण्डिया कम्पनी अब आफ्नो सैनिक बलद्वारा नेपालमाथि अधिकार कायम गर्न चाहन्थ्यो । सोझैं आक्रमण गर्दा वि. सं. १८५८ को सन्धिमाथि प्रभाव पर्ने हुनाले बुटवल र स्यूराजको इलाकालाई आधार बनाएर उनीहरूले कचिंगल उठाए । यस सम्बन्धमा केवल २५ दिनको म्याद दिई युद्धघोषणा गर्नुभन्दा १० दिन-अगाडि नै वि. सं. १८७१ मा श्री ५ गीर्वाणयुद्ध विक्रम शाहको राज्यकालमा नेपालमाथि आक्रमण गरेका थिए । अब पुनः प्रश्न उठ्छ– वि. सं. १८५८ को सन्धिद्वारा एक प्रकारले मित्र भइसकेको स्वाभिमानी नेपालको विरुद्ध निराधार कचिंगल उठाई हतारिएर आक्रमण गर्ने के कारण थियो ?

एक त महत्वाकांक्षी नेपालको बढ्दो शक्तिले अंग्रेजहरूको उपनिवेशवादनीतिमाथि आघात पुऱ्याएको थियो र अर्को त्यस समयमा कूटनीतिज्ञ भीमसेन थापा ग्वालिएरमा नेपालका वकिल भएर गएका पद्मपाणिद्वारा मराठा–शक्ति र सिखदरवारमा नेपालका वकिल भई गएका पृथ्वीविलासद्वारा सिखशक्तिलाई नेपालको अनुकूल र ईस्ट इण्डिया कम्पनीको विरुद्ध पारी त्रिशक्ति (नेपाल, मराठा र सिख) भएर अंग्रेजहरूलाई भारतवर्षबाट लखेट्ने प्रयत्नमा थिए * । वस्तुतः यी त्रिशक्ति आपसमा मिल्न पाएको भए एशियाको इतिहास आज अर्कै हुने थियो । यिनै कारणले गर्दा हतारिएर पूर्व-योजनाअनुसार नेपाल हड्पने नीतिले उनीहरूले आक्रमण गरेका थिए । वीर नेपालीले आफ्नो देशको एक एक अंवल भूमिको रक्षाको लागि जुन अपूर्व वीरता र धैर्य देखाए साथै यस युद्धमा ईस्ट इण्डिया कम्पनीको जति धनजनको क्षति भयो त्यो निकै रोमाञ्चकारी छ । यसमा नेपालको इतिहास साक्षी छ । चीनको सहायता समयमा नआएकोले र आक्टरलोनीको दोस्रो अभियानले गर्दा देशको धनबल र जनबल सीमित भएकोले युद्ध-नीतिमा चतुर भए तापनि भीमसेन थापाले बाध्य भएर कूटनीतिद्वारा आफ्नो इच्छाको विरुद्ध अंग्रेजहरूसित सुगौलीसन्धि कायम गर्नुपऱ्यो । सुगौलीसन्धिले नेपाल र सिख– शक्तिलाई भविष्यमा मिल्ने बाटो सदाका लागि बन्द गरिदियो र साथै नेपालमा व्रिटिश रेजिडेण्ट कायम भयो । नेपालमा ब्रिटिश रेजिडेण्ट कायम भए तापनि स्वाभिमानी भीमसेन थापाले रेजिडेण्टमाथि कडा प्रतिबन्ध लगाएका थिए । रेजिडेण्टका कुनै पनि अधिकारी नेपाल सरकारको आदेशविना न त आफ्नो सीमाभन्दा बाहिर विचरण गर्न सक्दथे न कुनै नेपाली नागरिकसित भेटघाट नै । फलतः रणबहादुर शाहका पालामा चवन्नी कोठी खोल्न हतारिएका ईस्ट इण्डिया कम्पनीका अधिकारीहरूले नेपालमा रेजिडेण्ट कायम गरिसकेपछि पनि खुलेर राजनीति खेल्न नपाउंदा भित्र–भित्रै थापाका विरोधी भारदारहरूलाई आफ्नो अनुकूल पार्ने कूटनीतिको प्रयोग गरे । रणजंग पाण्डे भीमसेन थापाको पतन गराउन चाहन्थे । फलतः उनले आफ्ना समर्थकहरूका साथ यस कार्यमा ब्रिटिश रेजिडेण्टको साथ दिए । मुख्तियार भीमसेन थापाले नायव महारानी ललित त्रिपुर सुन्दरीको आड प्राप्त गरेकोले यी षड्यंत्रकारीहरूको दरवारमा केही लाग्दैनथ्यो । तर वि. सं. १८८९ मा नायव महारानीको स्वर्गवास भएपछि यी षड्यंत्रकारीहरूले आफ्नो स्वार्थ-सिद्ध गर्ने मार्ग निष्कण्टक पाए । यस समयमा १९ वर्षीय श्री ५ राजेन्द्र अनुभवको क्षेत्रमा परिपक्व थिएनन् । कुचक्रीहरूले उनको यस कांचो अवस्थाबाट गलत फाइदा उठाए र नित्यप्रति मुख्तियार भीमसेन थापाको विरुद्ध श्री ५ राजेन्द्रको कानमा विषवमन गर्न थाले । फलतः वि. सं. १८९४ सालको श्रावण महीनामा षड्यंत्रकारीहरूले रचेको कल्पित घटनाको आधारमा मुख्तियार भीमसेन थपाको पतन भयो । जुन महापुरुषले श्री ५ रणबहादुरको समयदेखि आफ्नो, (राजेन्द्रको,) करीव २४ वर्षको अवस्था सम्म करीब ३१ वर्षको यौटा लामो अवधिमा कुनै प्रकारको लोभलालसा मनमा नराखी राष्ट्रहितलाई सर्वोपरि संझी आफ्नो बुद्धिचातुर्य तथा अथक परिश्रमद्वारा राष्ट्रलाई अनेक संकटबाट बचायो त्यस्ता महान् देशभक्तको सम्बन्धमा राम्ररी छानवीन नै नगरी सर्वस्व हरण गरी बन्दी बनाउनु र फेरि कुचक्रीहरूको भत्ताइमा लागी प्रमाण नभेट्टिएर एकपल्ट निर्दोष सावित भइसकेको मुद्दालाई तत्कालीन मुख्तियार रणजंग पाण्डेको मंत्रणामा पुनः उल्टाउने कार्यले श्री ५ राजेन्द्र विक्रम शाहको अपरिपक्क अवस्था प्रकट गर्दछ ।

भीमसेन थापाको बलिदानले श्री ५ राजेन्द्रको अपरि-

* (१) चित्तरंजन नेपालीकृत– "भीमसेन थापा र तत्कालीन नेपाल"मा प्रकाशित पद्मपाणिको पत्र नं. २३ पृ. २८५ र" पृथ्वीविलासको अख्तियारनामा" पत्र पृ १२५। (२) "संस्कृत सन्देश" वर्ष १ अंक ९ पृ, १–५

पक्व युवावस्थालाई समाप्त गर्दछ र साथै उनको ज्ञान-चक्षु पनि खोलिदिन्छ । तर उनी अब त्यस अमूल्य रत्न भीमसेन थापालाई कसरी प्राप्त गर्न सक्दथे ? फेरि पनि परिस्थितिसित कहिल्यै हार नमान्ने कूटनीतिविशारद श्री ५ वडा महाराजाधिराज पृथ्वी नारायण शाहका पाचौं उत्तराधिकारी श्री ५ राजेन्द्रले पनि निर्भयता र धैर्यका साथ आफ्ना पूर्वजहरूले अपनाएको परराष्ट्र नीतिलाई नै कूटनीतिको आधार मानी कार्यान्वित गर्ने संकल्प मनमा लिए । यस नीतिलाई कार्यान्वित गर्न सर्वप्रथम घरका भेदिया ब्रिटिश रेजिडेण्टका समर्थन प्राप्त मुख्तियार रणजंग पाण्डेलाई अंग्रेजहरूको दृष्टिबाट खसाल्नुका साथै उनका समर्थक दरवारका अन्य कुचक्री भारदारहरूको पतन गराउनु परमावश्यक थियो । यै लक्ष्य लिएर आफ्नो संकल्पमा दृढ भएर श्री ५ राजेन्द्र विक्रम शाहले आफ्ना गुमेका इलाका पुनः फिर्ता गराउन पूर्वप्रतिज्ञा-अनुसार मुख्तियार रणजंग पाण्डेमाथि दवाव हाले । भीमसेन थापाको मुख्तियार कालमा रणजंग पाण्डेले गुमेका इलाकाहरू र सुगौलीसन्धिको सारा दोषारोपण भीमसेन थापामाथि हाली अधिकार पाएको खण्डमा उक्त गुमेका इलाकाहरू पुनः फर्काउन सक्छु भन्ने प्रतिज्ञा गरेका थिए । अब उनको स्थिति धरमरिएको देखिन थाल्यो । तर श्री ५ राजेन्द्र विक्रम शाहको समक्ष केही नलागेकोले अन्तमा रणजंग पाण्डेले ईस्ट इण्डिया कम्पनीअधिकृत चम्पारन जिल्ला अन्तर्गत रामनगरमाथि आक्रमण गर्न बाध्य हुनुपऱ्यो । यस कार्यद्वारा कूटनीतिज्ञ श्री ५ राजेन्द्रले अंग्रेजहरूको दृष्टिबाट रणजंग पाण्डेलाई खसाई आफूलाई ब्रिटिश समर्थक जस्तो देखाएको तथ्य कलकत्ता-स्थित नेपालका वकिल लोकरमण उपाध्यायका नाममा वि. सं. १८९८ सालमा पठाएको पत्रले स्पष्ट गर्दछ । यस पत्रद्वारा ईस्ट इण्डिया कम्पनीले नेपालको प्रशासकीय व्यवस्थामा राम्ररी दखल दिन लागिसकेको थियो र साथै सालबसाली हुने नयां पजनीमा आफ्ना समर्थकहरू भर्न थालेको थियो भन्ने कुरा स्पष्ट हुन्छ ।

अर्जिले सवै विस्तार जाहेर भयो . माउक साहेब सिक्रिटरिले कौलकरार वमोजिम रहनु भन्या विस्तारको कुरा वहुत वढिया गऱ्याछन् पजनीका कुरालाई सायेत हेरी थमौति गर्न्या दस्तुर अघि देखि चलि आएको हुनाले आजतक सायेत न ठहर्दा ढिल भयाको हो अवर वढिया सायतमा मुषतियार चौतरियाको थमौती भै सरासर पजनी हुन्छ विचमा घटिया मानिसहरूका गर्नाले केहि कुराको तफावत पऱ्या जस्तो हुन गयो त पनि जो कवुल करार भै लेख पढ गरि रजीडट हाजसन साहेब मार्फत अघि वन्दोवस्त लाठसाहेवलाई गयाको छ उस बमोजिम कदाचित् हाम्रा तरफबाट आर्को तरह हुन्या छैन दिन प्रदिन दोस्ति बढदै जावस भन्या यही मनमा रहेछ तिमीले यही व्यहोराका चाहिन्या वातचित माउक साहेब सित गरि जो भयाको विस्तार हाम्रा हजूर विति पठाउन्या काम गरे* ।

यस प्रकार कूटनीतिज्ञ श्री ५ राजेन्द्र विक्रम शाहले एकतिर त अंग्रेजहरूका समर्थक दरवारका षड्यंत्रकारी भारदारहरूलाई उनीहरूको दृष्टिमा तल खसाली आफूलाई ब्रिटिश समर्थक जस्तो देखाएका थिए र अर्कोतिर भित्रभित्रै ईस्ट इण्डिया कम्पनीको जरो उखेल्ने र देशको गौरवको रक्षा गर्ने कूटनीति खेलेका थिए । यै कूटनीतिको आधारमा उनले आफूमा र रानीमा ठूलो झगडा देखाई आफ्नो लक्ष्य सिद्ध गर्ने इरादा गरेका थिए । यो झगडा देखाउनमा कारण थियो । रणजंग पाण्डेको पतनपछि फत्तेजंग शाह मुख्तियार भएका थिए । यिनी कमजोर प्रकृतिका व्यक्ति थिए । न त कूटनीतिज्ञ थिए न दूरदर्शी नै । उनको राजनैतिक सल्लाहमा चलेर आफूले चिताएको ठूलो लक्ष्य पूर्ण होला भन्ने विश्वास श्री ५ राजेन्द्र विक्रम शाहको मनमा थिएन । कारण उनले त अंग्रेज जस्तो सबल र कूटनीतिज्ञ जातिसित मोर्चा लिनु थियो । अंग्रेजहरूको जन्मजात विरोधी, राष्ट्राभिमानी माथवरसिंहद्वारा नै यत्रो ठूलो काम सम्पन्न हुन सक्छ भन्ने कुरा श्री ५ राजेन्द्रको अन्तरात्माले ठानेको थियो । यस समयमा माथवरसिंह थापा लाहौरमा थिए । उनीलाई नेपाल बोलाएर उनको हातमा राष्ट्रको प्रशासनिक व्यवस्था र फौजी व्यवस्था सुम्पनु परमावश्यक थियो । सोझै आफूले उनलाई नेपाल बोलाउदा अंग्रेजहरू सशंकित हुने सम्भावना देखेकाले कूटनीतिज्ञ श्री ५ राजेन्द्रले पहिले त आफूमा र आफ्नी महारानी राज्य-लक्ष्मी देवीमा झगडा भएको अफवाह प्रचारित गरी अन्तमा वि. सं. १८९९ सालमा शाही घोषणाद्वारा रानी-लाई आफ्नो सम्पूर्ण शाही अधिकार प्रदान गरे । दरवारका यी षड्यंत्रकारीहरूले पहिले पनि जेठी महारानी साम्राज्य लक्ष्मी देवी र कान्छी महारानी राज्य लक्ष्मीको वीचमा नारीसुलभप्रकृति सौतिने डाह उत्पन्न गरी त्यसका आधारमा उनीहरूले नचिताएको कुरालाई कल्पनाको आधारमा दुवै महारानीहरू आपनाआपना शाहजादालाई

*"इतिहास प्रकाश," अंक १ पृ. ९६

युवराज बनाउने प्रयत्नमा छन् भनी जनतामा भ्रम प्रचारित गरेका थिए र यस समयको राजारानीको योजनाबद्ध झगडालाई पनि यिनीहरूले चारित्रिक लाञ्छन लगाई चिताउन नसकिने भावना जनतामा प्रचारित गरेका थिए भन्ने तथ्यको उद्घाटन ऐतिहासिक प्रमाणले गरेको छ १।

वि. सं. १८९९ मा नियुक्तिसम्बन्धी सम्पूर्ण शाही अधिकार रानीलाई सुम्पेपछि पनि वि. सं. १९०० मा माथवरसिह थापालाई प्रधानमन्त्री बनाउंदा श्री ५ राजेन्द्रद्वारा आफ्नो नाममा नियुक्तिपत्र दिने कार्य दुवै राजदम्पतीको आपसी कलह वस्तुतः देखावटी थियो भन्ने तथ्य स्पष्ट गर्दछ । रणबहादुर शाहका पालामा एक पल्ट धोखा खाइसकेका अंग्रेजहरूले राजदम्पतीको यस आपसी कलहलाई पहिलेको जस्तो राजनैतिक चाल ठाने । रणजंग पाण्डे तथा उनका समर्थकहरूले यस परिस्थितिबाट फाइदा उठाई श्री ५ राजेन्द्रको आन्तरिक इच्छा ब्रिटिश रेजिडेण्टलाई अवगत गराई दिएको सम्भावना तत्कालीन ब्रिटिश रेजिडेण्ट हाग्सनले भारतका तत्कालीन वाइसराय लार्ड एलिनवरालाई लेखेको पत्रले सत्य सिद्ध गर्दछ २। हाग्सनले एलिनवरालाई लेखेका थिए "आदेश पाएको खण्डमा ऐले उनी नेपालमा रक्तको खोलो बगाउन पूर्णतया समर्थ छन्।" तर भारतका तत्कालीन वाइसरायलाई एलिनवराले यो कार्य रोकी पठाए। रोक्नका खास कारण हुन् पहिले भनिए जस्तै रूसको दृष्टिबाट भारतको रक्षा गर्ने दुई प्राकृतिक ढाल मध्ये अफगानिस्तान पनि एक हो । त्यस समयमा फारसको शाह रूससित मिलेर ब्रिटिशविरोधी हुन गएकाले अफगानिस्तानमा ईस्ट इण्डिया कम्पनीसमर्थक शासक हुनु परमावश्यक थियो। यसैकारण भारतका तत्कालीन वाइसरायलाई आकलैण्डले अफगानिस्तानका वैधानिक शासक दोस्त मोहम्मदलाई गद्दीबाट जवरदस्ती हटाई ईस्ट इण्डिया कम्पनीसमर्थक शाह शुजालाई गद्दीमा बसाउंदा त्यहांका देशभक्त सरदारहरूले दोस्त मोहम्मदका छोरा अकबरखांका नेतृत्वमा विद्रोह खडा गरेका थिए। यस विद्रोहले एक त शाह शुजालाई लघायो र अर्को वेलेजलिले चलाएको सहायक प्रथा (Subsidiary alliance) अनुसार अफगानिस्तानमा कायम रहेका १६००० फौजी जवानहरूलाई एक एक गरी सखाप पारेको थियो । केवल डाक्टर व्राइडन एक्लै आफ्नो ज्यान जोगाई त्यहांबाट भाग्न समर्थ भएका थिए । अन्तमा ब्रिटिश कम्पनी सरकारले आफ्नो कैदमा परेका दोस्त मोहम्मदलाई आफूले नीचदेखि ससम्मान मुक्त गरी अफगानीहरूसित सन्धि कायम गर्नुपरेको थियो । यस घटनाले कुनै पनि देशलाई छलछामद्वारा आफ्नो अधिकारमा पार्नका लागि शाहशुजा जस्ता यौटा अराष्ट्रिय तत्वको सहायताले मात्र काम चल्दैन बरु त्यस देशका सम्पूर्ण देशभक्तहरूलाई जरैबाट नष्ट गर्नुपर्दछ भन्ने तथ्य अंग्रेजहरूका समक्ष पछि यै अनुभवको आधारमा ईस्ट इण्डिया कम्पनीले नेपालमा कोतको भूमिका रच्ने प्रेरणा प्राप्त गरेको तथ्य श्री हृषीकेश शाहले पनि व्यक्त गर्नु भएको छ ३ । यस प्रकारलाई आकलैण्डको नीतिले सशंकित रहेको अफगानिस्तानको भय, ग्वालियरको विशाल सेनाको आतंक र सिखहरूको बढ्दो प्रबल शक्तिले गर्दा लार्ड एलिनवरा एकसाथ अर्को चौथो हिन्दुशक्ति नेपाललाई त्यस समयमा आफ्नो विरुद्ध उत्तेजित गर्न चाहँदैनथे । फलतः भारतका तत्कालीन वाइसरायलाई एलिनवराबाट सहमति प्राप्त नभएकोले सदा अनुशासनमा रहने र साथै आफ्नो देश र आफ्नो जातिको हितमा आफ्नो व्यक्तिगत स्वार्थको बलिदान गर्ने अंग्रेज जातिका सन्तान हाग्सनले आफ्नो भावनालाई आफूतिरबाट त्यस समयमा रोक्नुपऱ्यो । रेजिडेण्ट हाग्सनले आफूतिरबाट यस कार्यलाई समयको प्रतीक्षामा स्थगित गरे तापनि उनीद्वारा पाठ पढाइएका देशद्रोहीहरूले आफ्नो स्वार्थपूर्तिमा हतारिएर वि. सं. १८९९ सालमा "षेलषाल" रचेका थिए । यस "षेलषाल" द्वारा उनीहरू देशभक्तहरूलाई राजाको हातबाट नै खतम गराई आफूले गुमाएको अधिकार पुनः प्राप्त गर्न चाहन्थे । तर भीमसेन थापाको सम्बन्धमा एक पल्ट ठूलो धोखा खाई समय र अनुभवको आँचमा खारिएका परिपक्व श्री ५ राजेन्द्रलाई धोखा दिनु अब साधारण कार्य थिएन । फलतः यी कुचक्रीहरू आफूहरूले रचेको "षेलषाल" मा स्वतः अल्झिए ४।

पूर्वयोजनाअनुसार सम्पूर्ण शाही अधिकार प्राप्त कान्छी महारानी राज्यलक्ष्मी देवीको अनुरोधमा माथवरसिंह थापा लाहोरबाट नेपाल फर्कदा ईस्ट इण्डिया कम्पनीले उनलाई ३५–३६ हजार फौजका मालिक

---

१–"इतिहास प्रकाश" अंक १ पृ. ४१ २– हाग्सनको पत्र । ३–"Nepal and the world" page 9 -10
४– "इतिहास प्रकाश" अंक १ पृ. १५७ .

बनाई मैह्लाको एक लाखको खान्गी दिन्छु भनी भारतमा नै रोक्ने प्रयत्न गर्दा पनि सारा प्रलोभनलाई तृणवत् सम्झी देशको सेवा गर्नु नै उचित ठानी उनी नेपाल फर्केर आएका थिए । "तिमी हाम्रा दरवारमा बस तिमीलाई पैतिस् छतिस हजार फौजको मालिक हौं । मैह्लाको लाष रूपैया षानगि षाऊ भनी कवौल गऱ्या छन् . जनरण माथवरसिंह थापाले त्यो कवौल त्रिण-बमोजिम मानि हाम्रो निमिष र दुष्ट अपराधीले लायाका कुल अपवातको उद्धार गर्न समझी लाष रूपैयाको देश-देशको चीज सौगात ली १९०० सालका वैशाषमा हाम्रा हजूरमा दाषिल भयो जो ल्यायाको दौलथ चिजीविज हाम्रा नजराना चह्लायो*।" नेपालमा उनको ठूलो स्वागत भयो र उनको विशेष सम्मानमा सर्वप्रथम उनलाई प्रधानमन्त्रीको पद प्रदान गरियो ।

श्री ५ राजेन्द्रविक्रम शाहको यस कूटनीतिक कार्यले ईस्ट इण्डिया कम्पनीका अधिकारीहरूको आंखा छर्लंग खोलिदियो । नेपालले धेरै पहिलेदेखि नै अंग्रेजहरूको विरुद्ध पृथ्वीविलासद्वारा सिखशक्ति, चौतरिया पुष्कर शाहद्वारा चीनशक्ति र साथै वाणिनिधिको वाणीद्वारा एशियाका सम्पूर्ण शक्तिलाई एक सूत्रमा गांसिन आवाहन गरेको थियो । फलतः अंग्रेजहरूले यी शक्तिहरूलाई एक एक गरी चुपचाप सखाप पारी अन्तमा एक्लो नेपाल-लाई हड्पने चाल चले । यै नीतिको आधारमा नेपालका अत्यन्त छिमेकी तथा एकै प्रकारका हिन्दू राज्य ग्वालियर र पंजाबलाई क्रमशः वि. सं. १९०० (सन् १८४३ ई.) को ग्वालियर युद्ध र वि. सं. १९०२ (सन् १८४५ ई.) को सिखयुद्धद्वारा पराजित गरी यी राज्यहरूको सैनिक-शक्ति नगण्य बनाई त्यहां आफ्नो रेजिडेण्ट कायम गरे । यसै बीचमा नेपालस्थित ब्रिटिश रेजिडेण्टले जंगबहादुरको निर्माण गरी आफ्नो इशारामा माथवरसिंह थापा तथा गगनसिंहको हत्या गर्न लगाए ।

माथवरसिंह थापाको हत्याको दोषरोपण विदेशी इतिहासकारहरूले सती साध्वी राज्यलक्ष्मी देवीमाथि थोपरी उनको चरित्रको विरुद्ध अनेक कल्पित प्रसंग इतिहासमा जोडी आफ्नो वर्णनलाई सांचो तुल्याउने असफल प्रयत्न गरेका छन् । तर यस सम्बन्धमा विदेशी-हरूले लेखेको तथा उनीहरूको आधारमा स्वदेशी इतिहास-कारहरूले लेखेको इतिहासदेखि बाहेक अन्य ऐतिहासिक प्रमाण आजसम्म भेट्टिएको छैन । अतः महारानी राज्य-लक्ष्मी देवीको सम्बन्धमा लेखिएका विवरणहरू पूर्णतया कपोलकल्पित ठहरिन्छन् । जुन देशभक्त सेवकहरूको सहायतामा आफ्नो लक्ष्य प्राप्ति गर्ने पूर्ण आशा थियो तिनीहरूको यस प्रकार निर्मम हत्या हुंदा राजारानीले विचलित हुनु स्वाभाविकै थियो । फेरि नारी जाति त स्वभावले नै कोमल हुन्छन् ; तर मानव सुलभ यस कमजोरीको आधारमा सती साध्वी महारानी राज्यलक्ष्मी देवीमाथि विदेशी इतिहासकारहरूले आफ्नो जातिको ढाकछोप गर्न आफ्नो इतिहासमा चिताई नसक्नु असफल प्रहार गरेका छन् ।

यस प्रकार वि. सं. १९०२ सम्म भारतका हिन्दू-शक्तिलाई पूर्ण रूपले पंगु बनाई ईस्ट इण्डिया कम्पनीले आफ्नो सम्पूर्ण कुदृष्टि नेपालमाथि दिएको थियो । नेपालको राजनीतिलाई आफ्नो अनुकूल पार्न अंग्रेजहरूले प्रतापसिंह शाहदेखि ऐलेसम्म अथक प्रयत्न गरेका थिए । यस कूटनीतिक कार्यमा अंग्रेजहरूले आफ्नो जन, धन र इज्जतका साथै ७० वर्षको यौटा लामो अवधि खर्च गर्नुपरेको थियो । यसको बदलामा उनीहरू नेपालका केही इलाकाहरूका साथ वीर बहादुर शाह, देशाभिमानी भीमसेन थापा, स्वामिमानी माथवरसिंह थापा, आदिलाई क्रमशः आफ्नो मार्गबाट हटाउन सफल भएका थिए । अब ईस्ट इण्डिया कम्पनी नेपालको राजनीतिमा धेरै समयसम्म अल्झिएर आफ्नो समयको दुरुपयोग गर्न चाहन्नथ्यो । फलतः उ हतारियो । उसको हतारमा दुराकांक्षी जंगबहादुरको हतार पनि मिल्न गएकोले गगनसिंहको हत्याको आधारमा कोतको भूमिका निर्मित भयो र त्यसमा सम्पूर्ण देशभक्तहरूको निर्मम हत्या गरियो । ईस्ट इण्डिया कम्पनीका पदाधिकारीहरूले अफगानिस्तानको पराजयबाट कोतकाण्ड गराउने प्रेरणा प्राप्त गरेका थिए भन्ने तथ्य प्रसंगवश उल्लेख भइ-सकेको छ । कोतकाण्डपछि, परिस्थितिसित कैले हार नमानी उद्योगमा सदा विश्वास राख्ने निर्भय तर अभागी राजा श्री ५ राजेन्द्रले भण्डारखालयोजना र अलौयुद्धद्वारा नेपालको भाग्यरेखाबाट निरंकुश अवैधानिक राणाशासन हटाउने प्रयत्न गरेका थिए तर उनको प्रयत्न नेपालको इतिहासलाई मंजूर थिएन । फलतः देश र देशको इतिहास दुबै विदेशीको इशारामा निर्मित हुन थाले ।

*"इतिहास प्रकाश" अंक १ पृ. ४४ पंक्ति ३६–४२

श्री ५ राजेन्द्रको राज्यकालमा नै यस प्रकार अमान-वीय घटना घटित भएकाले र साथै नेपालको इतिहासमा राणाअध्याय जोरिन गएकोले आफ्नो दोष लुकाउन र जनताको दृष्टिबाट नेपालको राजसिंहासनलाई गिराउन इतिहासका पानामा कल्पित घटना र चरित्रहरू चित्रित भएका छन् र कल्पनाका केन्द्रविन्दु श्री ५ राजेन्द्र हुन गएका छन् ।

वस्तुतः ऐतिहासिक प्रमाणको आधारमा नेपालको इतिहासको विवेचना गर्ने हो भने श्री ५ राजेन्द्र विक्रम शाहको जीवनको उत्तरार्द्ध कुचक्रीहरूलाई आफ्नो मार्ग-बाट हटाउन व्यतीत भएको र एशियाको भूमिबाट अंग्रेजहरूको उपनिवेशवादनीतिलाई पलायन गराउन व्यतीत भएको तथ्य बोध हुन्छ र उनको यस पुनीत कार्यमा उनकी सती साध्वी कान्छी महारानी राज्यलक्ष्मी देवीले कल्पनाको आधारमा आफ्ना विरुद्ध फैलाइएका अफवाहसम्मको परवाह नगरी हिन्दूमर्यादाको अनुसार पतिपरायणा भई पतिलाई सहयोग गरेको तथ्य प्रकाशमा आउंछ ।

# बैतडी र डँडेल्धुराको लोकसाहित्य

–धर्मराज थापा

अब त हाम्रो लोकगीत र लोकसंस्कृतिले आफ्नो धुस्रे फुस्रे जीवनमा वसन्तको सौरभ छर्दै आफूभित्रै कठाङ्ग्रिएका घरवारविहीन चरा चुरुंगीहरूलाई खिच्न आज यौटा सुनौलो नयां बिहानलाई नगीच ल्याइरहेको छ । हजारौं हजारौं कोशसम्म उड्न सक्ने त्यो लोकगीतका पात रूख-बाट झरेर खाल्टोमा मल बन्न पुगेको भए तापनि यसै मलजलको रसानीले फेरि नयां चिल्ला र चम्किला बिरुवालाई उमार्दै नयां रंग नयां सुगन्ध छर्दै कैयौं निराश पन्छीलाई नयां गुँड बनाउने जांगर दिंदैछ । आज हाम्रो लोकगीतका निर्माताहरूले नयां घर नयां चलनचांजो बसाउनका निम्ति लोकसाहित्यकै हांगामा बसेर हिमाली रागको उद्घाटन गर्न थालेका छन् । पुरानो तरुलको बूढी-बाट नयां आँकुरा मुजुराए झैं पुराना हिमाल र पर्वत, मैदानका भित्ता भित्ताबाट नयां भावनाको लहर भुमरिएको छ । पुराना पात झरिसके, झर्दैछन् र नयां पह्लाए । वैशाख रातो– पोरो तन्देरी जस्तै गुरासे मुस्कान लिएर फक्रक्क फुलिसकेको छ । तुंवालोले जति नै यसको सौन्दर्य-लाई ढाक्न खोजे पनि अब यहां रमाइलो सुखद वर्षा बर्सिएर अनुहारको धूलो मैलो पखालिई एकदम उज्यालो हुनेछ । यो दिन अब टाढां छैन ।

लोकसंस्कृति र लोकगीत भन्नु नै हाम्रो प्राचीन जातिको सभ्यता हो, अर्थात् हाम्रो पुर्खाले कसरी राष्ट्रलाई स्वतन्त्र राखे औ सामाजिक जीवनलाई कुन पारासंग बिताए इत्यादि चाँजोपाँजीको सिलसिला जान्नलाई हामी लोकगीत र लोकसंस्कृतिको दिशापट्टि फर्किनुपर्दछ । यसै दिशातिर हेर्दामात्र इतिहासको अनुहार छर्लङ्ग देखिएला र आफ्नो राष्ट्रको संस्कृतिको ज्ञान भएपछि मात्र आधुनिक प्रगतिशील युगलाई स्वागत गर्दै भोलिको उज्जल बन्दै गैरहेको युगको विश्राममा छिटो छिटो पुग्न सकौंला ।

हामी यसै प्रगतिको उक्लिनउक्लिनमा आफ्नो देश र जातिलाई लैजान विश्वका बन्धुहरूसित कांध मिलाएर लक्ष्यका छानो चढी धुरी मार्न आज हामीले आफ-आफनो जीवनको छेत्रमा एक पला नसुतेर, अल्छयाइँ नझिकेर चिम्म आंखा नचिम्ली हर्दम टाठो र बाठो, जांगरिलो हुनुपरेको छ । आज हामी भाग्यको फेर समाती पूर्पुरो ठोक्तै हिडेका, युगको बाटो नपैल्याई भौतारिइरहेका जति छौ सबैले आफनो आफनो जिम्मे-दारी सगालेर एकसाथ लम्कनुपरेको छ । साहित्यको मार्ग समातेर हिंड्ने साहित्यिकले हनूमान्‌लाई बाटो छेक्ने लङ्किनीका झैं खालि बाटो ओगट्ने मात्र हुनु पनि भएको छैन । यस बाटोमा झ्याङझाडी फांड्न छिटो र छरितो अगुवा सर्दार भैसकेको रहेछ भने पनि त्यस अगुवाले आफ्नो उत्तरदायित्वलाई लगाउ गरिदिने साक्षी सम्झेर आफूसंगसंगै लैजाने उदार हुनुपर्छ । अथवा एकसुरले आफू हिंडिरहेको बाटोमा अर्को चोट्टा जूवा खेल्दै आफ्नो बाटोको हरुवा बनेर साहित्यको बाटोमा शरण पर्न, विश्राम गर्न आएको रहेछ भने त्यस्तालाई बाटो खोलि-दिनुपर्दछ । धर्म र मन भएको आजको तन्देरीको जीवन आफ्नो क्षेत्रमा खेल्न र सिद्धान्तको चूलीमा चढेर घाम झैं झुल्किन, चरा झैं उड्न हिउंचूलीको टुप्पो झैं मुस्कुराउन गाह्रो पर्दछ ।

आज लोकसाहित्यको गजुर सिंगार्दै हिड्ने साहित्यि-कले सर्वप्रथम नेपाली धर्तीको मुटु छाम्नुपरेको छ । 'यसैको मुटु छाम्दै जांदा पानीका रहभित्र माछा गुजुल्टिएर बसें झैं कोकगीतका थरी थरी भाका भएका पोकाहरू फेला पर्दछन् । लोकगीतको खोज गर्न खोजुवाको अगाडि नयां र पुरानो भावनाले पूर्ण भएका लोकगीतहरू देखिन्छन् । त्यस बेला ती दुबैलाई एकै गादोमा हाली संकलन गर्नु-पर्नेछ । ती गीतहरूको ऐतिहासिक महत्वलाई नयां र पुरानोमा छुट्याई क्रमबन्ध पारी पुस्तकाकारको रूप दिंदै गएमा संग्रहकर्ताको ईमान्दारीमा शंका गर्ने ठाउं रहदैन । नेपालको जुनसुकै ठाउं थलाको लोकसंस्कृति अथवा लोकगीत होस् समान भावनाले संकलन गर्नुपरेको छ ।

यी जाति नेपालका प्राचीन हुन, यी जाति सबै सरेर आएका आधुनिक हुन् भनी संकिर्णता ल्याई गरेको कामले उपेक्षा गरिएका आफ्नै राष्ट्रका सन्तानले हामीलाई सौताने व्यबहार गरेका रहेछन् भनी धिक्कारको फूल साहित्यकको चिहानमा चढाउन बेर मान्ने छैनन् । यसै सिलसिलामा भनौं, बैतडी र डडेल्धुरा प्रदेशमा हुड्को बाजामा नेपालको प्राचीन लोकगीत गाउने लोककला-कारहरू पाइन्छन् । यिनीहरूमा पनि यो प्राचीन हो र यो चांहि आजभोलिको हो भन्ने चेतन भएका कला-कारहरूले महत्वपूर्ण लोकगीत, लोकभजन, सवाई आदि गाउन थाल्छन् र श्रोताहरूको चाखपट्टि बढ्ता ध्यान दिन्छन् । श्रोतागण लोकगीतका महत्वको कसी जांच्न नसक्ने खालका रहेछन् भने गायकले लोकगीतको शृंखला-लाई भांचेर नयां छड्क्याइलो लोकगीत प्रस्तुत गर्न आतुर भैहाल्छ । पुरानो लोकगीतको हांगामा कलप लगाई नयाँ कोकगीतको फूलको डाली गांसिदिएको श्रोतालाई पत्तै हुंदैन । यस्तो हुन आएको लोकगीतमा संग्रहकर्ताले पूर्ण ध्यान दिनुपर्छ । बैतडीको हुड्के गिरधारी कलाकारले गाएको अतिप्राचीन लोकगीत र सवाईहरू यहाँ प्रस्तुत गरिन्छ । बैतडीमा संग्रामसुर कार्कीले बेहीजति फाडेर राजालाई राजगद्दीमा बसालेको पुख्यौंली अधूरो कथा यसरी आएको थियो :–

क्यालो ढोल, क्याली ताल
खैर खमोरकी ढोल
ढोलको शब्द ताल अवत ढोली ढोली बजा
पूर्व दिशा कसो बादल पश्चिम दिशा कस्तो बादल
पूर्व दिशा पैंलो बादल पश्चिम दिशा सेतो बादल
जदौ मेरो वरमा ! जडौ जदौ ! जदौ
आजको दिनमा राजाको राज गद्दीमा राज राज हुंदैछ
मन्त्रिका छोराहरू राजगद्दीको प्रबन्ध मिलाउंदैछ
त्यस अवस्थामा खुशियाली गीत गाइने गाउंदैछ
मेरी गडमा कसा कसा पाइक्या छन्
मेरी गड धौदिनेको पाइक्या
धन्य रानीका दूध धन्य राजाका पूत
तेरी गड धौदिने मे जो घा

यति भनेर हुड्कालाई म्वाइँ खाएपछि राजाको वर्णन बीचैमा छोडेर त्यस गिरधारीले नाच्ने छनकको गीत यसरी झिक्यो :–

अव:– क्याव कयो सौक्यानी बाउजु क्या कयो सौक्याले,
घन घस्या घन घन घन घस्या घन,
बचिरह्या बाह्रै मासा मऱ्या कमै जन ।
अब:– जोबनले क्या गरू मैले करमले जोगेनी बनायो

त्यो हुड्के कलाकार फेरि वैरागी भावनाबाट उछिट्टिएर यो देश र परदेश कालो कुर्ताले बेह्रो भन्ने कुमैयाँ र नेपाली मिश्रित गीतले आधुनिक फेसनलाई गिज्याउन पुग्दथ्यो :–

यो देश बेह्या पर्देश बेह्या
काली कुरताले मेरी सैला,
हेर मेरी यो गति होइगै
तेरी सुरताले मेरी सैला !
उन बगी काली गंगा
उंब लाग्या गुना मेरी सैला !
मेरा जति तैंला सुच्या
तेराले परान् हुना मेरी सैला !
यो बटि हिंड्दा हिंड्दा
पुगि गो दे मासगें मेरी सैला !
नैन मेणी केन माडौं
मै त रीके मारगें मेरी सैला !
उनचली काली गंगा
उंब चल्यो हांवा मेरी सैला !
तेरा देश कति रौला
डाली माइ कीं कौवा मेरी सैला !
धान बाली हरी रैं गै
पीपलका छायाले मेरी सैला !
उठी पउन्छे भीट हुंदैन
के गरू मायाले मेरी सैला !
जुस केला, कानडी केला
भालमोडीमा मेला मेरी सैला !
तैंले लाइछै गैलो माया
मेरो जाने बेला मेरी सैला !
यां बाटे हिट्ना हिट्ना
पुगिग्यो घमा मेरी सैला !

मेरो हुन खायौ मायौ अंस्यालु कुमडा मेरी
सैला !
पूर्व जाने गोरखाली मूला चौतो बाइग्यो
मेरी सैला
बचिरौंला फिर भिट् होली नती ईती
होइग्यो ॥

तेरो मेरो कर्ममा भीख मागी खानुपऱ्यो, अर्काको भरले कतै नजानु रहेछ भन्दै 'न्याउला' गीतमा आफ्नो विरह बैतडी जिल्लाले यसरी पोख्तछ :–

भैंसा म ताइ लेक लैग्यो बेथाकी डरले
नेउल्या ।
काई पनि नजानु रेछ अर्खाका भरूले
नेउल्या ।
आज बासा फुलौटी गाउ भोल लेक नाग्नु छ
नेउल्या ।
तेरा मेरा करमैमा साइ, मेरा बोल्नीका
बाज ! देश भीख माग्न छ नेउल्या ।
घट्ट मैले ढोपाए न जतरा पिसुकि नेउल्या
तम हुम भिट होली उपरो बिमुकि नेउल्या
मैसालो कां मरिरेछ चरपटी वाटि यो
नेउल्या !
बास दिनकी गौड्या भीट रूगरात काटियो
जर्मनले ब्रेकुल लायो पल्टन घेरियो नेउल्या
खाइ न पाइको बूको माया कभर बेडियो
नेउल्या
बाड़ू भैंसा डाड़ू दूध लसपस्यानी खीर
नेउल्या ।
जैं की तैं कसरी खान्छेउइ कि मेरा शिर
नेउल्या
कि धनी नेपालको राजा कि महा चिनको
नेउल्या ।
पुरानो हौसिया मै हूं पुराना दिनको नेउल्या
बंगला घामले सुके चीन पहाडका नेउल्या
रस साइकी चेउडेनी रैंग नैन बाहाडका
नेउल्या ।

चीनसित नेपालको साइंनो जति पुरानो छ तंसित मेरो पुरानो माया त्यत्तिकै थुप्रिएको छ भन्दै त्यस्तो पुरानो मायालाई पनि आफूले सुख पाए लत्याउन खोज्ने आफूले बाहुली समातेर खेल्न लागेकी प्रियतमालाई माथिको गीतमा भनिरहेको छ । चीनका पहाडका सेता बगला त घामले सुके सुके परन्तु मेरा आंखालाई सधैं तृप्ति दिने साइकी सुन्तले रस मेरो निम्ति सुकेको काठ भयो भनी खिन्नता प्रकट गर्न पनि छोडेको छैन । फेरि तिमी त रिसाउंल्यौ कि मेरो त हांस्ने, खेल्ने बानी भन्दै त्यो फरासिलो रसिकले आफ्नी प्रेमिकालाई छुट्टिने बेलामा सलाम गर्दै :–

भैंसीले गल्यौन चुंड्यौं हे हे भैंसी काली
नेउल्या !
मेरो छ हासन्या बानी
हात जोडी सलाम गद्दौ जनदिया गाली
नेउल्या !

बैतडीका प्रीतराम बबैत ढोलुंगेहरूका साथ 'ढोलुंगे खेल' खेल्दछन् । जसरी बैतडी समाजका प्राचीन पुर्खाहरूले रावण र मन्दोदरीको व्यंग्य सवाल जवाफ आफ्ना शैलीको भाषामा लेखेर गाई छोडेका थिए, त्यही पारामा अहिलेसम्म धार्मिकभजन एकादशी पूर्णिया तिथि परेका दिनमा मन्दिरमा गाउंछन् । यस लोकभजनमा कुनै आधुनिक बनावटी कला छैन । छन्द प्राचीन छ, भावना प्राचीन छ । यस व्यङ्ग्य लोकसाहित्यको प्रवाहमा नारी मन्दोदरीको पातिव्रत्य उद्घार यसरी पोखिएको छ :–

रामज्यू कै दिशा छन, कठ रामज्यू कै
दिशा छन
रामज्यू बृन्दाबन मारका हुरीन खानी लाग्या
कठबरमा ! हरीनको, पाइन हराइग्यो
भारका घोरड खानी लाग्दा
हाई ··· के तोली देख मै क्यो चनाखी
मौरा बनोली हाइरू बस
हाई ··· खानले भरियो हाइरू बस ।
हाई ··· गडामा तितरो बास्यो गडो ···
क्या गयो गैचन खोला पडीग्यो
घुडा जोला देखु मे हाइरूबस
कांसाको बटुका हाइरू बस
यो दाया खानदेउ चनखी
खानले भरिग्यो हाइरू बस ।
केलडी खाम हाइरू बस
कन्डोली देखु मै हाइरू बस ।
कुमाली ठान हाइरू बस

यो दाया खान देउचन की
लंका मन्दोदरी घूतपूत हांसी
घूत घूत घूत घूत हांसन लागी
लंकाको राबन्ने रिसान लाग्यो,
तें रानी मन्दोदरी के बात हांसी ?
गर हो मन्दोदरी हांसाको विचार ।
लंका मन्दोदरी बोलन लागी
"मै गुसाई सुदैब हास्यो ।"
लंकाको राबन्ने बोलन लाग्यो
कि छे के रानी ! गोडाको डूंडो
क्यौ हो मन्दोदरी हांसाको विचार ?
लंका मन्दोदरी हांसन लागि
काकड बिराली मुसी दोली रैथी
मुसीले बिराली दाडिरे लाल !
काली बिराली धुरू धुरू रोई ।
ते बात राबन्ने मै हांसो आइ छ"
लंकाको रावन्ने बोलन लाग्यो ।
झूटी हो रानी झूटी हो बात
मुसी बिराली घाटतैन लाल, केहो
"ताल्न महोली खेलन लागि गैछ
माछीले मृग समाइछरे ताल
ते बात मै हांसो आइछरे लाल"'
झूटी हो रानी झूटी हो बात । कहो
"लोहा लौडी धुलियाले खाइछरे लाल ।"
"झूटी हो रानी ! झूटी हो बात"
लंका मन्दोदरी बोलन लागी
मेरा बैना सीता की अडिया ढुगारै
सुनौला गातले उज्यालो भैछ
लंकाकी रावन्ने छ ।
अजुध्या रामज्यू कि ज्यूनार भैछ
मेरी वैना सिताले अढियाव लाइछ
लंका अन्यारो भै बगेछ रे लाल !"
लंकाको राबन्ने बोलन लाग्यो—
"लंका उज्यालो हुन्या कसि रे लाल !
काउ इफी अजुध्या के भेसझौ ?"
लंका मन्दोदरी बोलन लागी
जनलिए सीताको धोको
सीताका धोकाले राज हृन्ये
तैं बाटा होलो विनाश ।
लंकाको रावन्ने अकस पऱ्यो
लंका मन्दोदरी बोलन लागी
स्वामीको अकस छोडी बौला
तम गुसाई रावन्ने जोगी भेस जौं
लंकाको रावन्ने जोगी भठायो
गैरूयानी कपडा रंगौछरे लाल ।
सालकी मदुरी बनाइछरे लाल ।
मनपर चिमटा बनाइछरे लाल ।
गाथ गुसाईका बघम्बर छाला
टाढु गुसाइका रूदरकी माला
बैंली गुसाई टीभुरकी सोटा
कान गुसाईको झोली मेखला
कान गुसाइका केदारी कंकड इत्यादि

एवं रीतसित प्राचीनभन्दा पनि प्राचिन श्री बाल्मीकि ऋषिको व्याधाबाट क्रौञ्च पन्छीका दुइ जोडीको विषाद-पूर्ण मरण देखेर स्फुरित हुन गएको रामायण जस्तै पुर्खाले रचना गरी छोडेका यी लोकसाहित्यका ग्रन्थी मुख मुखबाट फुकाउंदै लैजान्छन् । जो अद्यापि हाम्रा अग्ला पहाडमाथि साँझ बिहानका जून घाम जत्तिकै हामीले देख्न र सुन्न पाइरहेका छौं ।

अब मनपरेकी मायालुलाई डांडा कटाई विदेश लैजांदा मेरो खुकुरी तैंले भिर्लिस् र लट्टीपट्टी जती मै बोकुंला तंचांहि रित्तै हिंड्लिस् भन्ने भावनाहरू पनि एक पंक्ति गीतमा यसरी खांदिएका छन् :–

खुकरी भीरली लट्टी पट्टी मै समौलो तैं रित्ती हिंडली

बैतडीको अन्धा सूरदासका मुखबाट निस्किएका सत्यकलिको सवाई सुन्दा मलाई कविशिरोमणि श्री लेखकनाथको सत्यकलि सम्वादको पाता पल्टाउन मन हुन्छ । हाम्रो शिरोमणि अहिले यस कोकमा हुनुहुन्न । बैतडीको पृथ्वी चनका आंगनमा सत्यकलिको सवाई भट्याउने सूरदास पनि कविज्यूकै दौंतरी होला । सूर-दासको सत्यकलिको सवाई आफ्नै शैलीको छ, यतापट्टि ध्यान दिनुहोस्, सत्य जुगमा पूर्व दिशाबाट यौटा गरुड राजा आयो, पश्चिम दिशाबाट गरुडनी आइन् र दुइटाको बातचित भइरह्यो । गरुड राजारानीको बसउठ हुंदा गरुडले कैलासनाथसित मागे र गरुडनी रानीलाई खुवाउन 'अमरफल' ल्याएका थिए । पश्चिमबाट गरुडनीले पनि 'इन्द्रफल' ल्याएकी थिइन् । यी दुवै फल खाए पछि गरुडनी गर्भवती भएर दश महीनामा

यौटा फुल पारिन्, तर त्यो फुल फुट्यो र धर्ती भइन् कैलास शिवजीले श्रृष्टि जमाया भनिसकेपछि सूरदासले यसै सिलसिलामा एक सुरले सवाई फांउदै लैजान्छ :–

सिरि भगवान प्रभु बिस्नु भगवान ।
विस्नुका मुखबाट बर्माज्यू भ्यान
बर्माज्यू सोजा भरी ध्यान
राजा लोग दियो प्रभू अन्त कान
हरिहर भगवान न्याउरनी माया
विस्नुका कुलबाट वैस्य भयान
वैस्यलाई दियो पञ्च वेपार
वर्माका पैरबाट भया प्रभु शिल्पकार

इत्यादि सवाई सूरदासले गाएकोलाई वैतडी समाजले पुराण जत्तिकै मानी आदर गर्दछन् । बैतडीको नाउं पहिले बहुतडी थियो । बहुको हावा र तडीको अर्थ अडिनु हुनाले त्यो पर्वतै पर्वतले सिंगारिएको जिल्लालाई हावा अलमलिने ठाउं भन्नामा सत्य सिद्ध हुन जान्छ । आध्यात्मिक दृष्टिकोणले बैतडीलाई मुक्ति मिल्ने पुण्यभूमि हो भन्ने पनि जनविश्वास छ । यहांको दारचूलाको नाम प्राचीन कालमा धारचूला भनेर पुकारिन्थ्यो । यो धारचूला पनि भीमसेनलाई तीतेफापरको रोटी खुवाउन वसिष्ठ ऋषिले बसालेको चूलो भन्ने लोकको भनाइ छ ।

यसरी जंगली अवस्थादेखि नै मानवजातिको हृदयबाट स्वतः स्फुरित भएर बाहिर निस्केका भावनामय गीत र चलनचांजाहरू आत्मसचेतन नभएर अचेतनको पर्दाभित्र गुम्सिरहेका थिए । यी सारा लोकसंस्कृतिका कलाहरू अन्धकार हृदयको गुफाबाट उदित भएका छन् । शताब्दीदेखिको गंगाको जल जस्तो बनेर निस्केको अभिनय र कला लोकको हृदयसा टांस्सिएर आएको छ । यही प्राचीन लय र अभिनय हाम्रो जीवन र सम्पत्तिको गजुर हो ।

# कोशी प्रदेशका माझी जाति

*-शंकर कोइराला*

## १. परिचय

पूर्व २ नम्बर इलाका पहाडको फेदी सुनकोशी र तामाकोशीको कुनै माझी गाउंमा पुग्यौं भने हामीलाई केही कौतूहलपूर्ण अचम्म लाग्न थाल्दछ जब घामले डढेका काला न त पुड्का मानिसहरू कोशीको घाटदेखि केही सय पचास फूटमाथि खरले छाएका झुप्रा घरहरूबाट निस्केर हाम्रो अगाडि आउंछन् । कुनै एउटा घरमा गएर नवागन्तुकले घरको मालिकका बारे सोध्न लाग्यो भने उ आजित हुन्छ किनकि उनीहरू त्यस आगन्तुकसित चांडो हेलमेलमा आउन सक्दैनन् । यसको कारण उनीहरू अड्डाखानाका मानिसदेखि डर मान्दछन् । केटाकेटीहरू पहिले भित्रबाट निस्कन्छन् । अरू छिमेकी बालकहरूले घेर्न लाग्छन् । घरका स्वास्नीमानिसहरूले चियाउन थाल्छन् अनि पुरुषहरूले ढोकाबाट चियाउंदै भन्दछन् कति कामले ?

सयकडौं प्रश्न आगन्तुकले गर्‍यो भने उसले टाउको हल्लाएर मात्र टार्न खोज्दछ । बिस्तारो यति बिस्तारो कि प्रश्नकर्ता त्यहीं ढिलाइमा घबराउन लाग्दछ । उनीहरू सुस्त प्रकृतिका मानिस हुन् जसको पेशा कोशीमा डुंगा खियाउनु, मालसामान, बस्तुभाउ वारीको पारी र पारीको वारी गर्नु हो जो पहाडको फेदीमा बसे पनि पहाडको उकालो ओह्लालो हिंड्न मन गर्दैनन् । कोशीको किनारकिनार माछा मार्नु, जाल खेल्नु, बल्छी खुंगा थाप्नु उनीहरूको परंपरागत पेशा छ । जाललाई कांधैमा हालेर हिंडेपछि भूत प्रेतको डर हुंदैन भन्ने धारणा गर्छन्, यसैले रात आधारात भन्दैनन्, न त कोशीको भेलको पर्वाह गर्छन् । फुर्लुङ्ग कम्मरमा बाँधेका, काँधमा जाल भिरेका माझी रमाइलो दृश्य भएको सुन कोशीको तीरमा यताउति हिंडेका देख्न पाइन्छन् ।

तिनीहरू मकै, कोदो, धान, गहत, कपास आदिको खेतीपाती गर्छन् । जग्गा विशेष गरेर किपट नै हुन्छ * । किपटको मतलब तिरो माफी जग्गा हो जसको किपट छ पहिलेका राजा महाराजहरूबाट लालमोहोरद्वारा पाएको हुन्छ । यसको बापत सरकारी खजाना, कागतपत्र, गोलीगट्ठा विनारोकटोक झरी वर्षा नभनी तार्नुपर्छ । सरकारी मानिस र सरकारी मालहरू पनि विनामहसूल तार्नुपर्छ र अरू हिंड्नेहरूमाथि उनीहरू भाडा लिने गर्दछन् । तर तिनीहरूले पैसा तिर्नुपर्ने जरूरत छैन जो 'डुंगे पाथी' भन्ने चलनअनुसार बर्षेनी धानको खलामा धान दिन्छन् । जे काम पनि माझीहरू समूहद्वारा गर्दछन् । जागिरमा जान पर्‍यो भने दुइचार जना नभई निस्कंदैनन् । एकलै दोकलै बसाईं हिंड्दैनन् । मझिनीहरू जाँड बनाउन शिपालु हुन्छन् । उनीहरू घाट र बाटो दोबाटोमा जाँड बेचेर हिंडेका पनि पाइन्छन् । कोथपेतिरका माझीहरू सुंगुर पाल्दैनन् तर सेले, नवघाटतिर भने कसै कसैले पाल्न लागेको पनि देखिएको छ ।

उनीहरू जे कुरा पनि मिझार याने मुखियाविना गरेको अपूरो मान्दछन् ।

## २ बिहाबरीको तरीका र चाडपर्व

केटी कुनै घरमा माग्न जानुपर्‍यो भने पहिले कुरो हाल्छन् र केही कुरो मिल्ने छांट भयो भने पछिबाट जाँडरक्सीको शकुन लिएर जाने चलन छ । पछि कुरा छिन्न जानेहरूले एउटा भाला लिएर गएको हुन्छ र सो भाला केटीको घर आंगनको बीचमा गाडिदिन्छन् त्यसको माने हो हामी केटीको कुरा छिन्न आएका छौं । साथमा आएकाहरूले जांडको शकुन लिएर घरमा पस्तछन् । जांड रक्सीको जाफतको साथ दुवै थरिमा विवाहको वाग्दान

*यो प्रथा भूमिसुधार लागू हुनुभन्दा पहिलेको हो । सं.

हुन्छ । उनीहरू विवाहको वार बुधवारलाई श्रेष्ठ मान्दछन् । अरू बाहुन क्षत्रीहरूको विवाह पर्ने महीनामा बुधवारको दिन विवाह कार्य संम्पन्न गर्दछन् । रजगाउं, भटौली, नवघाटतिर माझीहरू बेनीको जात्रा, जुन जात्रा सुनकोशी र तामाकोशीको दोभानमा हुन्छ, बालाचतुर्दशी र शिवरात्रीको वेला विवाहप्रथाअनुसार मझिनीहरू पनि अरू जातिसरह घिसारिन्छन् । घिसार्ने तरीका, यसमा केटा र केटीको सल्लाहा पहिले नै मिलिसकेको हुनुपर्छ । अनि फलानो जात्रा भन्ने निर्णय दुवै थरिबाट तोकिन्छ र केटी सहेलीसंग जात्रालाई गाउंबाट झर्छे । केटो आफ्नो साथीहरूलाई लिएर जात्रामा आइपुग्छ । केटा र केटीतर्फको संगीतगानपछि केटापट्टिको साथीहरूले यो केटी यसैसित आउन खोजेकी हो भन्ने थाहा पाउंछन् । त्यस काममा पहिले जसले केटीको नाडी समातेर तान्छ उसको भावी पति त्यही हुन्छ । यो एक जर्वर्दस्त काम हो तापनि बलात्कार भन्न सकिदैन । किनभने अरू जातिहरूमा पनि यस्तो प्रथा प्रशस्त छ जुन घिसार्ने काम पुरुषतर्फबाट आरम्भ गरिन्छ । अनि लैजाने सहयोगीहरूले पहिले नै बाटोको गुप्त इन्तिजाम बनाइसकेका हुन्छन् । दुवै थरिमा कहिलेकाहीं कुटामारी पनि देखिएको छ । कहिलेकाहीं केटीको खोसाखोसमा इज्जतको बेइज्जत पनि हुन गएको छ । तर माझिनीहरू बिरलै अरू जातिसित बिहा गरेका वा पोइल गएका पाइन्छन् । यिनीहरूको विशेष गरी माझी जातिमै आदान-प्रदान हुन्छ । मझिनी भ्रष्टाचरण अर्थात् जतिसुकै घर चहारेकी भए पनि जातभातको चोखी नै बनिरहन्छे ।

यिनीहरूको आफ्नो थर हुन्छ भन्छन् तर थर र आफ्नो न्वारनको नाउं बताउंदैनन् न कुनै तमसुक या कागतपत्रमा तिनको सक्कली नाउं र थर देख्न पाइन्छ । यसको मतलब आफ्नो सक्कली नाउं प्रख्यात गरेपछि बोक्सी झांक्रीको भेद पर्छ भन्ने उनीहरूको बलियो धारणा हुन्छ । आफ्नो नाउं र थर कागतपत्रमा लेख्नै पऱ्यो भने पहिले नाउं, जात– माझी र ठेगाना दिन्छन् । घरायसी कागजदेखि अड्डाखानासम्म यही प्रथा हुनाले तिनीहरूको विवाहको लागि थर हुन्छ हुंदैन भन्न सकिदैन । मेरो विचारमा यिनीहरू विवाहलाई आफ्नो चेलीबेटीका घर मात्र जोगाउंछन् भन्न सकिन्छ ।

कोशीकिनारमा माझीहरू आफ्नो इष्टदेवता कोशीलाई नै मान्छन् र वर्षको एक पल्ट ३ दिनसम्म धूमधामसित कोशीको पूजा हुन्छ । यो फाल्गुन महीनामा शनिश्चरवार पारेर हुन्छ । यस औसरमा २ दिन डुंगा पनि चलाउंदैनन् र अरू परिआएका बाहिरफेरका काम पनि गर्न जांदैनन् । जांड रक्सीको जाफत हुन्छ । सुंगुरको बलि यस पूजाको अनिवार्य क्रिया मान्दछन् । यसलाई अरू जातिले हेर्न गयो भने त्यसले बेइज्जत पाएर फर्कनुपर्छ । पहिला र दोस्रो दिन सुंगुरको टाउको बगरैमा रहन्छ र तेस्रो दिन शिर उठाउने दिनको नामले विसर्जन गरिन्छ । त्यो दिन डुंगा चल्दछ । यिनको पुरोहित राख्ने चलन छैन जो व्यक्ति सबैको चित्त बुझाएर परिपाटीपूर्ण पलाक्न सक्ने हुन्छ उसैले पूजाको कार्य सम्पन्न गर्छ । यसको अतिरिक्त अरू देवदेवीहरूको मन्दिरमा महादीप बाल्न जाने चलन पाइन्छ । उनीहरू निराहार बस्ता जांड मात्र पिउंछन् किनकि जांड जरीबूटीद्वारा बनेको मर्चा नामक ओखती पर्ने भएकोले त्यसको मात्र आहार गर्दछन् । पूजाआजा गर्नु गराउनु पर्दा प्रचलित तन्त्रमन्त्र र फलाक्नुको साथै शुरू र समाप्ति हुन्छ । चाडबाडमा दसैं तिहार पनि मान्छन् जुन हाम्रो पात्रो सरह नभएर अलिक दिन पछि पर्छ जसको विशेष प्रबन्ध गाउंको तालुकदारद्वारा हुन्छ । तालुकदार केही तान्त्रिक मान्त्रिक पनि भएको हुनुपर्छ । यिनीहरू बिरामीको उपचार झांक्रीहरूद्वारा गराउंछन् । झांक्रीले रोगीको व्यथा कालो कुखुरामा सार्न सक्छ भन्दछन् । रोगीको खड्गो काट्ने भनेर बाखा काट्ने चलन पनि अद्यापि छंदैछ, तर माझीझांक्रीलाई चिन्ता गदा तामांगको जस्तो भातको तोर्मा चाहिंदैन । अक्षतापातीमै खतम हुन्छ जुन चलन मरिन र मकवानपुरको माझीको जस्तै छ । मंत्रको देवता र कुनै शब्दमा बाहिरी दनुवारको भाषाको शब्द पर्न आउंछ ।

## ३ अन्त्येष्टि क्रिया

माझीहरूको अन्त्येष्टि क्रिया एउटा 'सरात' गरेपछि खतम हुन्छ । यो क्रिया सोह्रश्राद्धमा एउटा बुधवार गएपछि अर्को बुधवारमा थालिन्छ र ३ दिनमा सकिन्छ । सानो नानीको पनि सरात गर्ने चलन छ । यो ३ दिनलाई डाक्ने, पाल्ने, फाल्ने भन्ने चलन छ । मर्नेको घरमा खूब जांड बनेको हुन्छ । बाखो र रांगो काट्ने प्रथा छ । चेलीबेटीहरू जम्मा गरिन्छ । गाउंका सबै प्राय: बूढाबूढी केटाकेटी भेला भएर घरआंगनमा मादल बजाएर नाच्ने गाउने गर्दछन् । पहिला पितृ डाक्ता पहाड-

त्राट मादल ठोकेर लट्ठीमा भाले खरको फूल, घोडाको जगर झैं बाँधेर त्यही लठ्ठीमा चढेर आउने चलन छ कारण तिनीहरूको आंगमा मृतक आत्माको प्रवेश हुन्छ भन्ने विश्वास गर्छन् ।

घरमा आएपछि धूमधामको नृत्य हुन्छ । अरू वरि-परि बस्नेहरूलाई ब्यांगे कमिला (सुनकमिला–सं.) र जांडको कट मिसाएको पदार्थ छरिदिन्छन् र हांसो गर्छन् । यसो गर्नाले पितृ खुशी हुन्छन् । उनीहरू पितृलाई 'पितर' भन्छन् । यिनमा कुनै काममा पनि तोर्मा बटार्ने चलन छैन । कुखुराको मासु, फुल, बाख्राको मासु, जांड डबकोमा हालेर ठाउंमा राखेपछि पितृको आह्वान हुन्छ । बाहिर मादल घन्किरहेको हुन्छ । मृतकको छोरा नाति त गुफा जस्तै घरभित्र बस्छन् । फलाक्नेले फलाकिरहन्छ । जसको आंगमा पितृप्रवेशको आह्वानकार्य गरिन्छ उ पनि आंगनमा चोखीनितीसंग बसेको पाइन्छ र जब उसको आंगमा कम्पन आउंछ र उल्टोसित पछाडि हिंड्न थाल्दछ उसलाई उनीहरू 'पितर' आएको भनेर प्रसन्न हुन्छन् । रातभर दिनभर मादलको ताना छुट्दैन । यो नृत्य दर्शकहरू हंसाउने अनेक हावभावले परिपूर्ण हुन्छ । यदि त्यस घरमा पितृ आएन भने के कारण नआएको हो अर्को त्यस्तै सरात गरेको घरमा गएर पितृ आएर कामेको व्यक्तिलाई सोधनी गर्दछन् । उसलाई पितृ आएको बखत उ देवतासरह तीनै कालको कुरा बताउन सक्छ भन्ने विश्वास लिएर पितृ नआउने घरको कुरा सोधिन्छ । केले आउन नसकेको हो उसले मांगेको के कुरा नपुग्दा चित्त दुखाएको हो अथवा कतै काममा अलमलिएर पितृले आफ्नो अहिलेको घरमा आउन नपाएको हो खोलिन जान्छ । कुनै कामविशेषले नआएको रहेछ भने फेरि अर्को वर्ष सरात गर्नुपर्छ । माझीहरू मृतकको क्रिया त्यही एक सरातमा खतम गर्छन् । मरे-पछि सरातको दिन नआउन्जेल मृतको नाममा पानी दिने चलन छ ।

## ४ माझी जाति आदिवासी होइनन्

माझीहरू कहांबाट गएका हुन् यसको वृहत् अध्ययन जरूरी छ । यिनीहरू मकवानपुर, मरिन, सप्तकोशीतट-वर्ती माझीहरूकै एक समुदाय हुनुपर्छ यात सरकारले डुंगा चलाउन बाहिरबाट यिनीहरूलाई ल्याएर किपट दिएर राख्यो या बसोबास खोज्दै आएका बखत घाट पारेर डुंगा चलाउने काम गर्न लागेका हुन् । यिनको पुरखा मकवानपुर र मरिनतिरका सित जोडिन पुग्ला भन्ने कुरा यिनीहरूको गृह निर्माणकलाबाट ज्ञात हुन्छ । डांडाको त्यही टाकुरोमा भएका चौकुने घर जस्तो नभ-एर बाटुलो भित्ता भएको इनारमा पाली गांसेको जस्तो यिनको घर पनि दृष्टिगोचर हुन्छ । यिनको भित्तिचित्र चेपांग, दनुवारहरूकै झैं रातो माटोले लिपेपोतेको भित्तामा ढोकामा मादलनाच नृत्य मत्स्याकार देखिन्छ । भित्ति-चित्रहरू तामांगका घरमा पनि पाइन्छ तर यिनको अर्कै भिन्नता छ यिनीहरूको सरात गर्ने चलन बाहिरका माझी-सित मिल्दो जुल्दो नै हुन्छ । ती जग्गा कमाउन मात्र आएका भए पहाड टाकुरामा बस्ने थिए । तर यिनले कोशी किनारमा घाट पारेर बसेकाले बरु किपटको प्रलो-भनमा बाहिरबाट आएका होलान् भन्ने सिद्ध गर्न सकिन्छ । भाषामा पनि नेपालीको प्रशस्त संमिश्रण पाइन्छ जुन बाहिरका माझीसंग भिन्न छ । वाक्यको पछिल्तिर र लगाएर बोल्ने बोली र आइछिन्, खाइछिन् भन्ने प्रयोगमा भिन्नता पाइन्छ जुन एउटा गाउको अर्कोसित केही फरक हुन्छ । यिनको बोली मरिनका सित मिल्दैन यद्यपि बिहा-बरी जात भात सबै चल्दछ । नेपालको पहाडी प्रदेशमा आएपछि नेपाली भाषाको पूरा प्रभाव पर्ने नै भयो ।

"रोसी न कोशी बाढी न आयो लैजान्छ छालैले ।
न बूढो भन्छ न बालो भन्छ लैजान्छ कालैले ।"

राष्ट्रिय भाषाको प्रभाव परेका अरू अनेक मादल र नृत्य गीतहरू पाइन्छन् । बाहिरका माझीहरूको बोली मिलेका माझीगीत सुन्दा पनि हामीलाई कहां कहिले सुनेको जस्तो सम्झना दिलाउंछ ।

## ५ फुटकर कुरा

माझीको घरमा ढिकी हाल्ने चलन छैन । ओख-लीको मात्र प्रयोग गर्छन् । ढिकी फाप्दैन भन्ने धारणा प्रचलित छ । बाहुनहरूले दिएको खानेकुरो खास गरी मासको दाल खानुपर्दा टोपी फुकालेर ग्रहण गर्छन् । डुंगा एउटै सिगैं मूढो खोपेर बनाउंछन् जसलाई घाटमा घिसारेर ल्याउंदा बाजा बजाउदै ल्याउंछन् । रमाइलो जात्रा जस्तै लाग्छ ।

# योग

–बुद्धिसागर पराजुली

"योगश्चित्तवृत्तिनिरोधः (पातञ्जल योगसूत्र २)" विषयवासनामा दौड्न चाहने चित्तवृत्तिलाई रोक्नु योग हो भन्ने योगसूत्रको भनाइ छ। कोषकार भन्दछन् "योगः संनहनोपायध्यानसंगतियुक्तिषु" अर्थात् कवच, समादि उपाय, ध्यान, समागम एवं युक्ति यति अर्थमा योगशब्दको प्रयोग हुन्छ। ध्यान एक प्रकारको चित्तवृत्तिको निरोध हो। प्रकृत योगको उपयुक्त परिभाषा देवीभागवतमा आउँछ—

"न योगो नभसः पृष्ठे न भूमौ न रसातले
एक्यं जीवात्मनोराहुर्योगं योगविशारदाः"

योग आकाशमा छैन, धरातलमा छैन र रसातलमा पनि छैन। अर्थात् त्यहां खोजेर पाइन्न। योग भनेको के हो भने जीवात्मा र परमात्माको पृथक् पृथक् अस्तित्व नरही एकस्वरूप हुनु योग हो। जीव र आत्माको अभेद विषयक चित्तवृत्तिलाई योगशास्त्रका विद्वान्हरूले "योग" भन्ने संज्ञा दिएका छन्। यसै योगबाट अद्वैत ब्रह्मको साक्षात् अनुभव हुन्छ। अतएव "अयं तु परमो धर्मो यद् योगेनात्मदर्शनम्।" भनेर योगी याज्ञवल्क्यले आफ्नू स्मृतिमा उल्लेख गरेका हुन्। यो कुरा तपस्वी महापुरुषहरूले आरण्यक उपनिषद्हरूको रहस्यहरूको चिन्तनबाट संपन्न गरेका हुन्छन्। यदि त्यसै सरल मार्गबाट हुन सकेन भने योगको अर्को मार्ग अपनाउनुपर्दछ। किनभने जीव र आत्माको अभेदविषयक चित्तवृत्तिको सिद्धि सहज कुरा होइन, चरम एवं परम पुरुषार्थ हो र महान् उपलब्धि हो। ठूला ठूला उपलब्धिहरू त्यसै अनायासमा हस्तगत हुँदैनन्, त्यसका लागि परिश्रम गर्नुपर्छ, ठूलो बल एवं पौरुष लाउनुपर्छ। ठूला काममा विघ्नबाधाहरू पनि धेरै नै हुन्छन्, विघ्नबाधाहरूबाट सावधान रहनुपर्दछ। त्यसै कारणले योगमा पर्न आउने प्रमुख विघ्नहरूबाट बच्नुपर्छ भन्ने शास्त्रकारहरूको संमति छ।

"तत्रत्यूहाः षडाख्याता योगविघ्नकरानघ
कामक्रोधौ लोभमोहौ मदमात्सर्यसंज्ञकौ।"

योगमा काम, क्रोध, लोभ, मोह, मद र मात्सर्य नाम भएका छ प्रकारका विघ्न छन्। जबसंम यी पूर्वोक्त छ विघ्नउपर विजय प्राप्त गर्न सकिन्न तबसंम योगसिद्धि हुन सक्दैन। तसर्थ कसरी योगमा विघ्न निवारण गर्ने भन्ने बारेमा शास्त्रकारहरूको उपदेश छ,

"योगाङ्गैरेव तान् भित्वा योगिनो योगमाप्नुयुः"।

योगका अङ्गहरूद्वारा योगका विघ्नहरूलाई हटाएर योगीहरूले योगप्राप्ति गरून्। योगका अङ्ग कति छन् र के हुन् यस विषयमा पनि लेखिएको छ—

"यमनियममासनप्राणायामौ ततः परम्।
प्रत्याहारं धारणाख्यं ध्यानं सार्धं समाधिना।
अष्टाङ्गान्याहुरेतानि योगिनां योगसाधने॥"

यम, नियम, आसन, प्रणायाम, प्रत्याहार, धारणा, ध्यान तथा समाधि यी ८ आठ योगसाधन गर्ने योगीहरूका लागि अष्टाङ्ग योग हुन्। यिनकै सहायताबाट योगीहरूले योगसिद्धि गर्न सक्छन्।

## यम

यम १० छन्, जसका नाउँ यस प्रकार छन्–अहिंसा, सत्य, अस्तेय (चोरी नगर्नु), ब्रह्मचर्य, दया, ऋजुता (सादगी), क्षमा, धैर्य, मिताहार (हित परिमित भोजन), र शौच (शारीरिक र मानसिक शुद्धि।)

## नियम

नियम १० छन्, जसका नाउँ यस प्रकार छन्–तपस्या, संतोष, आस्तिक्य, धान, देवतापूजा, वेदान्तसिद्धान्तश्रवण, अकर्तव्य प्रति लज्जा, सत्कर्म र सत् शास्त्रउपर मनन, जप तथा होम ।

## आसन

आसनहरूको संख्या धेरै छ तापनि मुख्य आसन ५ छन्, जसका नाउं यस प्रकार छन्–पद्मासन, स्वस्तिकासन, भद्रासन, वज्रासन र वीरासन । आसन भनेको त्यो हो जसबाट बसाइमा आराम र स्थिरता होस् ।

## प्राणायाम

आसनसिद्ध भएपछि प्राणायाम नामक चौथो योग प्रक्रियामा अधिकार आउंछ । शास्त्रोक्त रीतिबमोजिम श्वास प्रश्वासको स्वाभाविक गति रोकी प्राणवायुलाई निश्चित समयसंम रोकिराख्ने कामलाई प्राणायाम भन्दछन् । योग-शास्त्र, पुराण, तन्त्र अथवा संहिताग्रन्थहरूमा प्राणायामको प्रक्रिया साधारणतया जहांतहीं सामानै छ, केही नगण्य क्रिया र संख्यामा मात्र भेद छ । प्राणायाम गर्ने रीति, स्थिर एवं सुखकारी आसनमा मेरुदण्ड सीधा गरी बस्नू । इडा, पिङ्गला र सुषुम्णा तीन नाडीको परिज्ञान गर्नू । इडा नाडी त्यसलाई भन्दछन् जुन नाडीको धारा खुलेमा बायां नाकबाट श्वास प्रश्वास बहन्छ, तसर्थ बायां नाकको श्वासनली इडा हो । पिङ्गला नाडी त्यसलाई भन्दछन् जुन नाडोको धारा खुलेमा दायां नाकबाट श्वास प्रश्वास बहन्छ, तसर्थ दायां नाकको श्वासनली पिङ्गला हो । गङ्गा यमुनाको बीचमा रहेकी सरस्वती नदी जस्तै इडा, पिङ्गला २ नाडीका बीच रहने नाडीलाई सुषुम्णा नाडी भन्दछन् । प्राणायाम गर्ने प्रकार यस्तो छ । दाहिने हातको बूढीऔंलाले दाहिने नाकको पोरा बिस्तारै अंठ्याउनू त्यसबाट श्वास भित्र जान र बाहिर निस्कन समेत नपाओस्, यसरी पिङ्गला नाडीलाई बन्द गरी इडा नाडीद्वारा वाह्य विशुद्ध वायुलाई फोक्सो (फुस फुस पार्दै) भित्र पुऱ्याउने क्रियालाई पूरक भन्दछन् । यसरी कोक्सोभित्र भरिएको वायुलाई दुबै नाडी बन्द गरी निर्दिष्ट समयसम्म त्यहीं रोकिराख्ने क्रिया-लाई कुम्भक भन्दछन् र यसरी रोकिराखेको वायुलाई दायांहातको साँहिलीऔंलाले इडा नाडीलाई दबाई पिङ्गलाबाट बूढीऔंला झिकी पिङ्गला नाडीद्वारा बिस्तारै बाहिर निकाल्ने प्रक्रियालाई रेचक भन्दछन् । यसरी रेचकलाई वाह्यवृत्ति, पूरकलाई आभ्यन्तर वृत्ति र कुम्भक-लाई स्तम्भवृत्ति भनी प्राणायाम ३ प्रकारको मान्दछन् । दाहिने नाडी पिङ्गला, त्यसको देवता सूर्य र योनि पितृयोनि हो । बायां नाडी इडा, त्यसको देवता चन्द्रमा र योनि देवयोनि हो । बीचको नाडी सुषुम्णा, देवता ब्रह्मा । वाम नाडीबाट वायु वाहिर निकाल्नु रेचक, दक्ष-नाडीबाट भित्र वायु भर्नु पूरक र भरिएकालाई नछाडी रोकीराख्नु कुम्भक हो । यसरी महर्षि पतञ्जलिले रेचक, पूरक, कुम्भकको क्रमशः उल्लेख गरेका छन् । महर्षि याज्ञवल्क्यले पूरक, कुम्भक, रेचकको क्रम उल्लेख गरेका छन् । १६ बार प्रणव पढ्दै पूरक गर्नू । ६४ बार प्रणव पढ्दै कुम्भक गर्नू । ३२ बार प्रणव पढ्दै रेचक गर्नू । यो महर्षि वसिष्ठको मत हो । पूरक, कुम्भक, रेचक यी तीनैमा १२ प्रणव हुनु निम्न, २४ प्रणव मध्यम र ३६ प्रणव हुनु उत्तम प्राणायाम हो भन्ने योगी याज्ञव-ल्क्यको मत छ । विनाजपध्यानको प्राणायाम अगर्भ र जपध्यानसहितको प्राणायाम सगर्भ हो । प्राणायामको क्रमिक अभ्यासमा पसीना आउनु असल होइन । कम्प हुनु मध्यम हो । भूमित्याग हुनु उत्तम हो । प्राणायामको उत्तम गुण प्राप्ति नभएसम्म अर्थात् आसनबाट भूमि छाडी माथि नउठुन्जेलसम्म प्राणायामको अभ्यास गरिरहनुपर्छ ।

## प्रत्याहार

हरएक विषयमा निरङ्कुश भएर दौडने इन्द्रियहरू-लाई विषयबाट जबर्जस्तीका साथ प्रत्यावर्तन गर्ने कामलाई प्रत्याहार भन्दछन् ।

> "इन्द्रियाणां विचरतां विषयेषु निरर्गलम् ।
> बलादाहरणं तेभ्यः प्रत्याहारोऽभिधीयते ॥

## धारणा

गोडाका बूढीऔंलामा, गोलीगाँठामा, घुंडामा, तिघ्रामा, मूलाधारमा, लिङ्गमा, नाभिमा, हृदयमा, कण्ठमा, किलिकलेमा, नाकमा, भ्रूमध्यमा, शिरमा, ब्रह्मरन्ध्रमा र द्वादशान्त स्थानमा विधिपूर्वक प्राणवायुलाई रोकिराख्ने प्रक्रियालाई धारणा भन्दछन् ।

## ध्यान

आत्मोन्मुख तथा सावधान अन्तःकरणद्वारा आत्मामा अभीष्ट देवताको चिन्तन गर्ने प्रक्रियालाई ध्यान भन्दछन् ।

## समाधि

जीवात्मा र परमात्माको एकत्व भावना हुनालाई समाधि भन्दछन् ।

महर्षि पतन्जलिले योगसूत्रमा अष्टाङ्ग योगका लक्षण सूत्रहरू निम्न लिखितानुसार रचना गरेका छन् ।

"यम–नियमासन–प्राणायाम–प्रत्याहार–धारणा–ध्यान–समाधयोऽष्टावङ्गानि" (योगसूत्र–साधन पाद २९)

१ "तत्राहिंसासत्यास्तेयब्रह्मचर्यापरिग्रहाः" (यो.सू.सा. ३०)

२ "शौच–संतोष–तपः-स्वाध्यायेश्वरप्रणिधानानि नियमाः" (यो. सू. सा. ३२)

३ "स्थिरसुखमासनम्" (यो. सू. सा. ४६)

४ "तस्मिन् सति श्वासप्रश्वासयोर्गतिविच्छेदः प्राणायामः" (यो. सू. सा. ४९)

५ "स्वविषयासंप्रयोगे चित्तस्वरूपानुकार इवेन्द्रियाणां प्रत्याहारः" (यो. सू. सा. ५४)

६ "देशबन्धश्चित्तस्य धारणा" (यो. सू. विभूतिपाद. १)

७ "तत्र प्रत्ययैकतानता ध्यानम्" (यो. सू. वि. पा. २)

८ "तदेवार्थमात्रनिर्भासं स्वरूपशून्यमिव समाधिः" (यो. सू. वि. पा. ३)

अर्थात् अहिंसा सत्य, अस्तेय (चोरी नगर्नु), ब्रह्मचर्य, अपरिग्रह (संग्रह नगर्नु), यी ५ यम हुन् । शौचाचार, संतोष, तप, स्वाध्याय (शास्त्राध्ययन), ईश्वरप्रणिधान (ईश्वरको पूजा र कर्मको फल, ईश्वरमा अर्पण गर्नु) यी ५ नियम हुन् । जसरी बस्दा आराम र स्थिरता हुन्छ त्यो आसन हो ।

आसन स्थिर र आरामको भएपछि श्वासप्रश्वासको गतिविच्छेदरूपी प्राणायाम सुकर हुन सक्छ । आफ्‌आफ्ना विषयका साथ संप्रयोग नभएका वेलामा इन्द्रियहरूको ध्यानमा जो चित्ताकारता हुन्छ त्यो प्रत्याहार हो, अर्थात् इन्द्रियनिरोध प्रत्याहार हो । जुन हृदयकमल आदि स्थानमा ध्येयको चिन्तन गर्नु छ त्यहीं चित्तको एकाग्रता हुनालाई धारणा भन्दछन् । हृदयकमल आदि स्थानमा अरू कुनै प्रकारको चित्तवृत्तिको प्रवाह न भै चतुर्भुजादि ध्येयाकारको वृत्ति प्रवाह हुनु ध्यान हो। त्यही ध्यान जब ध्येय अर्थ मात्रको ग्रहीता हुन्छ; ध्याता, ध्यान, ध्येयको विभाग गरिरहँदैन भने समाधि भनिन्छ । यसरी सूत्रमा संक्षिप्त रहेका योगाङ्गहरूलाई पुराण, संहिता तथा आगमहरूमा विस्तृत रूपमा प्रदर्शन गरिन्छ । यो भयो अष्टाङ्ग योगको कुरा । अब केही मन्त्रयोगको पनि परिचय गरौं ।

## मन्त्रयोग

पिण्ड र ब्रह्माण्डको एकता छ, तसर्थ पञ्चभूतात्मक शरीर नै विश्व हो । जुन शरीर चन्द्र, सूर्य र अग्निका तेजले युक्त भएको छ र जीव र ब्रह्मका एकताका निमित्त अत्यन्त उपयुक्त मानिएको छ । यस शरीरमा साढेतीन कोटी नाडी छन्, त्यस मध्ये १० नाडी मुख्य छन्, ती १० मध्ये पनि तीन नाडी ज्यादै प्रमुख छन् । जसको नाउं इडा, पिङ्गला र सुषुम्णा भनेर उल्लेख गरिसकियो। इडा नाडी बायां, सुषुम्णा नाडी बीचको हो । सुषुम्णाका बीचमा इच्छा, ज्ञान, क्रियात्मक चित्रा नाडी छ । त्यस नाडीका बीचमा स्वयंभू लिङ्ग छ र त्यसमाथि मायाबीज रहेको छ । त्यसमाथि रातो बत्तीको शिखा समान कुण्डलिनी छ, जुन कुण्डलिनी महादेवी महामायाको अभिन्न मूर्ति हो । यसै कुण्डलिनीलाई जागरित गराउनु, माथि चढाउंदै लानु, माथिबाट फर्काएर आफ्ना स्थानमा राख्नु इत्यादि प्रक्रिया यस मन्त्रयोगका मुख्य मुख्य कृत्यहरू हुन्। साधनामा लवलीन भएका योगीहरूले कुण्डलिनीको जागरण गर्न विभिन्न प्रकारका मार्गहरू अपनाएका छन् । कोही शक्तिको उपासना, कोही शिवको उपासना, कोही गणेशको उपासना, कोही सूर्यको उपासना, कोही विष्णुको उपासनाका अङ्गमा र कोही अर्हत्‌को र कोही बौद्धको उपासनाका अङ्गमा कुण्डलिनीको जागरण आदि प्रक्रियामा छन् । मार्ग जुनसुकै होस् तर सबैको लक्ष्य समाधिसिद्धि नै प्रमुख हो ।

पूर्वोक्त कुण्डलिनीको स्थान मूलाधार मानिएको छ। मूलाधार गुदद्वारको र मेढ्रको बीचमा पर्दछ । त्यहां चार दल भएको कमल रहन्छ भनी मानिएको छ । त्यसैका मूल स्थानमा साढे तीन फन्का गुँडुल्किएको सर्प जस्तो सुप्तावस्थामा रहेको, श्यामवर्णको, सूक्ष्मरूपको, कमलको नालको तन्तु झैं मसिनो, बिजुली चम्के जस्तो, मूलाधार-देखि ब्रह्मरन्ध्रसंम प्रकाशित भएको, आफ्नो तेजःपुञ्जले जगतैलाई श्यामवर्णको गराउने क्षमता भएको, त्यो कुण्डलिनीलाई जागरित गराई उठाई सुषुम्णामार्गद्वारा माथि चढाई क्रमशः षट्चक्रको भेदन गरी ब्रह्मरन्ध्रमा पुऱ्याउनू । त्यहां पुऱ्याएपछि त्यहां रहेका परमशिवका साथ सामरस्य गराउनू । सामरस्यजन्य सुधाधाराद्वारा षट्चक्रका सबै देवताहरूलाई तृप्त गराउनू र पुनः कुण्ड-लिनीलाई माथिदेखि चक्रभेदन गराउँदै मूलाधारमा नै पुऱ्याउनू र पूर्ववत् सार्धत्रिवलयाकारमा गुँडुल्किएको सर्प झैं सुप्त गराई राख्नू इत्यादि मन्त्रयोगका प्रक्रिया छन् । चक्रहरू यस प्रकार छन् ।

## आधारचक्रहरू

### मूलाधार

स्थान—गुदद्वार, चतुर्दलकमल, व. श. ष. स. चार अक्षर अरुण वर्ण गणेश देवता, बज्रवैरोचनी शक्ति,भैरव त्रिकोण यन्त्र । पृथ्वी तत्व ।

### स्वाधिष्ठान

स्थान—लिङ्गमूल, षड्दलकमल, ब भ म य र ल अक्षर, रक्तवर्ण, ब्रह्मदेवता, शक्तिभैरव, षट्कोणयन्त्र, जलतत्व ।

### मणिपूर

स्थान—नाभि, दशदलकमल, ड ढ ण त थ द ध न प फ अक्षर, विष्णुदेवता, इन्द्रनीलवर्ण, तैजसत्तत्व, शक्तिभैरव ।

### अनाहत

स्थान—हृदय, द्वादशदल कमल, क ख ग घ ङ च छ ज झ ञ ट ठ १२ अक्षर, स्फटिकवर्ण, शिवदेवता, वायुतत्व, शक्तिभैरव ।

### विशुद्ध

स्थान—कण्ठ, षोडशदलकमल, अ आ इ ई उ ऊ ऋ ॠ ऌ ॡ ए ऐ ओ औ अं अः १६ अक्षर, धूम्रवर्ण, जीवदेवता ।

### आज्ञाचक्र

स्थान—भ्रूमध्य, द्विदलकमल, ह क्ष २ अक्षर, श्वेत-वर्ण, गुरुदेवता, मनस्तत्व ।

### ब्रह्मरन्ध्र

स्थान—शिर, सहस्रदलकमल, सबै अक्षर, रक्तकेसर नानावर्ण, परमात्मा देवता ।

## षट्चक्रको आम्नायक्रम तल लेखेअनुसार छ

१ **अधराम्नाय**— मूलाधार गणपति, शाकिनी, वर्णमातृका व—स, अस्थिधातु, गुह्य स्थान, शब्दयोगसिद्धि ।


२ **पूर्वाम्नाय**— स्वाधिष्ठान, ब्रह्मा, काकिनी, वर्णमातृका ब—ल, मेदधातु, लिङ्गमूल, मन्त्रयोगसिद्धि ।

३ **दक्षिणाम्नाय**— मणिपूर, विष्णु, लाकिनी, वर्णमातृका ड—फ, मांसधातु, नाभिस्थान, भक्तियोगसिद्धि ।


४ **पश्चिमाम्नाय**— अनाहत, शिव, राकिनी, वर्णमातृका क—ठ, असृग्धातु, हृदयस्थान, कर्मयोगसिद्धि ।

५ **उत्तराम्नाय**— विशुद्ध, जीवात्मा, ज्ञानयोगसिद्धि ।

६ **ऊर्ध्वाम्नाय**— आज्ञाचक्र, परमात्मा वा गुरु हाकिनी, वर्णमातृका ह—क्ष, मज्जाधातु, भ्रूमध्यस्थान, मोक्षयोगसिद्धि ।




क. चक्रनिरूपण पृष्ठ–२५
A. Chakranirupana




ख. चक्रनिरूपण पृष्ठ–२५
B. Chakranirupana

See page–25




क. चक्रनिरूपण । पृष्ठ–२५
A. Chakranirupana



ख. चक्रनिरूपण । पृष्ठ–२५
B. Chakranirupana

See Page 25



चक्रनिरूपण । पृष्ठ–२५
Chakranirupana. See Page–25

यसरी श्रीविद्याको उपासनामा आम्नाय, चक्रस्थान, देवता, योगिनी, धातु, मातृका र सिद्धिको क्रमिक तारतम्य छ । श्रीविद्या योगसाधनाको प्रबल सोपान हो । प्रस्तुत चित्र यही श्रीविद्याका क्रमको एक तालिका हो ।१।

## कुण्डलिनी जागरण

कुण्डलिनी उत्थापन गर्ने बारे केही संक्षेपमा उल्लेख गरिसकियो । पुनः तत्सम्बन्धी केही स्पष्टीकरण यहाँ प्रस्तुत गरिन्छ । प्रथमतः पूरक योगद्वारा मूलाधारमा मनलाई आयुक्त गराउनू । पूरित वायुका सहाराले लिंग एवं गुदद्वारका बीचमा रहेको कुण्डलिनी शक्तिलाई संकुचित गराई पुनः प्रबोधित गराउनू । त्यसपछि सुषुम्णाका भित्रको चित्रानाडीभित्र रहेको इच्छा, ज्ञान एवं क्रियात्मक, कोटी सूर्यसमान स्वयम्भूलिंगको र क्रमशः पूर्वोक्त षट्चक्रको समेत भेदन गराउँदै जागरित कुण्डलिनीलाई उठाउँदै सहस्रदल कमलकर्णिकाका बीचको विन्दुस्थानमा पुऱ्याउनू । त्यहाँ त्यस विन्दुमा रहेका परम विकाश परम शिवका साथ कुण्डलिनीलाई सामरस्याविस्थामा आनन्दित गराउनू र परम शिवका साथ ती कुण्डलिनीलाई तन्मय भै एकरूप भएको चिन्तन गर्नू । अनि त्यस अपूर्व आनन्द अवस्थामा मग्न भएका शिवशक्तिका संगमबाट पग्लेको लाहा जस्तो अमृत प्रवाहित हुन्छ, त्यो अमृतधाराद्वारा मायानामिका योगसिद्धिदायी कुण्डलिनीलाई तृप्त गराउनू र पूर्वोक्त षट्चक्रका देवता, देवी, भैरव सबैलाई समेत सो अमृतधाराद्वारा तृप्त पारी क्रमशः माथिबाट बिस्तारै कुण्डलिनीलाई ओरालेर मूलाधारमा पुऱ्याई आफ्ना स्थानमा विराजमान गराउनू । यस प्रकार प्रतिदिन अभ्यास गरेमा मन्त्रदोष सबै हट्छन् र सबै मन्त्रहरू सिद्ध हुन्छन् । यसरी मन्त्रयोग साधना गर्न सकेका खण्डमा जरामरण आदि दुःखमय सांसारिक बन्धनबाट मुक्ति (छुटकारा) मिल्दछ । आराध्य देवतामा रहेका जति गुण छन् ती सबै साधकमा प्रस्फुटित हुन जान्छन् । यसलाई वायु (प्राण) धारणयोग भन्दछन् । दिग्, देश, कालसमेतबाट परिच्छिन्न हुन नसक्ने इष्टदेवताविशेषमा चित्तलाई निरन्तर स्थिर पारी जीव र ब्रह्मको तादात्म्य भावना गरिरहन सकेमा जीव अवश्यमेव ब्रह्ममय तुरुन्तै हुनजान्छ केही संशय छैन । यदि चित्तमा केही मल छ र चाँडै सिद्धि हुन सकेन भने स्वेष्ट देवताका परम सुन्दर हस्तपादादि अङ्ग प्रत्यङ्गहरूमा चित्तस्थापना गर्दै जानू र चित्तशुद्धि भैसकेपछि पूर्णशरीरको ध्यानमा चित्तलाई स्थिर गराउनू । जहांसम संविदाकारमय देवतामा मन विलीन हुंदैन, त्यहांसम इष्ट मन्त्रको जप इत्यादि अभ्यास गर्दैरहनू । यस प्रकारको मन्त्राभ्यास र पूर्वोक्त योगद्वारा ज्ञेय वस्तुको ज्ञान हुंन्छ । तसर्थ विनायोग मन्त्रसिद्धि हुन्न र विनामन्त्र योगसिद्धि पनि हुंदैन । मन्त्र र योग दुबैको अभ्यासबाट मात्र ब्रह्मत्वसिद्धि हुन्छ । जस्तै अंध्यारो घरभित्रको कुरा बत्तीको प्रकाश भयो भने प्रत्यक्ष हुन्छ, त्यस्तै मायाले छोपिएको आत्मा मन्त्रयोगबाट प्रत्यक्ष हुन सक्दछ । तर यो योग गुरुको अनुसार गर्नुपर्छ । विनागुरु कोटी कोटी ग्रन्थको अध्ययन गरेर पनि सिद्ध हुन सक्दैन । यसै योगका सहाराले योगिराज मत्स्येन्द्र, गोरखनाथ आदि सिद्धहरू अलौकिक सिद्ध मानिएका छन् । हाम्रो नेपाल यस योगको अपूर्व स्थान हो । यसको खोज हुनु परम आवश्यक छ ।

१–फलक ५, ६, र ७ ।

# श्री ५ पृथ्वीनारायण शाहका लालमोहर र धैबुङको अभिलेख

–शङ्करमान राजवंशी

पुरातत्त्वविभागमार्फत पूर्वमा इलाम र भद्रपुर तथा पश्चिममा नुवाकोट र धैबुङ भ्रमण गरी ऐतिहासिक ठाउँको निरीक्षण गरेको र केही ऐतिहासिक सामानको उपलब्धि भएको कुराको विवरण प्राचीन नेपाल संख्या २ मा ऐतिहासिक निरीक्षण र त्यसको उपलब्धि भन्ने मेरो लेखमा बताइसकेको छु । प्रामाणिक इतिहास तयार पार्न तात्कालिक लेखको जति महत्त्व हुन्छ त्यति अरूको हुँदैन भन्ने कुरा इतिहासका विद्वान्हरूलाई विदितै छ । यस्ता उपयोगी सामानलाई संग्रह गर्दै प्रकाश गर्नु राष्ट्रहितका लागि अत्यन्त आवश्यक छ । किनभने बितेका कुराको इतिहास बनाउन यस्तै सामानको आधार लिनुपर्छ । यस्ता प्राप्त सामानहरूलाई प्रकाश गर्दै जानु आवश्यक छ । अहिले श्री ५ पृथ्वीनारायण शाहका केही लालमोहर र धैबुङको अभिलेख पाठकका समक्ष प्रस्तुत छ ।

## श्री ५ पृथ्वीनारायण शाहबाट नैजराम मेदासीलाई गरिदिएका लालमोहर (फलक १ क)

स्वस्तिश्री गिरिराज चक्र चूडामणि नरनारायणेत्यादि विविध विरुदावलि विराजमानमानोन्नतः श्रीमन्महाराजधिराज श्री श्री श्री पृथ्वीनारायणसाहाबहादुरः सम्सेर जङ्गदेवानाम् सदा समर विजयिनाम्

आगे नैजराम मेदासि प्रति नुवाकोट भर अम्वलका चार वर्ण छतिसै जात वस्याको घरवारिमा वसि पजनि नगर्नु तथा आयाका कुरियालाई उठिजान्या कुरियाको षायल र धेरै हुन्याको वारि काटि घडेरि बनाउन दिनु घरवडेरि पाताल गर्न नदिनू पाताल भयाको घर बनाउन्यालाई दिनु सहर गुल्जार गराउनू रैतानले अन्यत्र झारा नजानू भनि थितिको वंदेज गरिवक्स्यौं इति साके १६९० मिति फाल्गुणमासे शुक्लपक्षे पंचमी बुधवासरे शुभम्

रुजु वसराज पाडे

रुजु सुरसिं राना

रुजु दामधर पाडे

यसमा दिइएको सालमितिको गणना गरी हेर्दा आएको पञ्चाङ्ग यस प्रकारको छ ।

शाके १६९० वि.सं १८२५ फाल्गुन शुक्ल

| | गते | वार | तिथि | घडी | पला |
|---|---|---|---|---|---|
| चैत्र | ३ | आदित्य | पञ्चमी | ५० | २९ |

यहाँ वार मिलेन ।

त्यस कारण श्रावण शुक्लमा गणना गरी हेर्दा आएको पञ्चाङ्ग यस प्रकारको छ ।

शाके १६९० वि.सं १८२५ श्रावण शुक्ल

| | गते | वार | तिथि | घडी | पला |
|---|---|---|---|---|---|
| भाद्र | ५ | बुध | पञ्चमी | ४७ | ३८ |

यहाँ वार मिल्यो । त्यस कारण सो लालमोहरमा मिति लेख्दा भ्रमले श्रावण लेख्नुपर्नेमा फाल्गुण लेखेको बुझिन्छ ।

## श्री ५ पृथ्वीनारायण शाहबाट नैजराम मेदासीलाई गरिदिएको लालमोहर (फलक २)

श्रीदुर्गासहाय

श्री भैरवी

१ तुलजा

२

स्वस्ति श्री गिरिराजचक्रचूडामणि नरनारायणेत्यादि विविध विरुदावली विराजमान मानोन्नत श्री महाराजाधिराज श्री श्री श्री पृथ्वीनारायण साहा वाहादुर सम्सेर जङ्ग देवानाम् सदा समर विजयिनाम्

आगें नैजराम मेदासी साहीके अघि नुवाकोटका देवीजात्रा र दसैंमा नेपाली राजाका भाइछोराले पुजाविधि संकल्प गर्नुपर्दो रहेछ तस तिमित्त आहा बडा जोसीलाई हेराउँदा तुम्रो नाउँमा जुर्‍यो अव उप्रान्त तहाका –१– का जात्रा दसैंमा –२– का षडगजात्रामा हामीले गर्नुपर्ने पूजाविधि संकल्प तिमिले गर्नु तिम्रा शेष पछि तिम्रा सन्तानले गर्नु पुर्ण्याका रात्रीमा देवीघाटमा धामीले भलोमन्दो जो वोल्छ सो हाम्रा हजुरमा जाहेर गर्नु भनी राजगुठीयारी गरीवक्स्यौं तुमीकन जागीर षेत ४।२० को चौषुडा धनराज थापाको वारी । ४० लब्दुखुकुवेसी लामीस्वती ।४० षसन्यापानी ।२० पीपला आरुखोला । ।६० साहु गाउँ पातल्या ।३० पीपल्या धनराज थापाको १ । २० षिच्यात ।५० घोरषाड । १० दोल्षाजीर मुहान्या चौषुडा ।५० कुतवालकन १। ५० गेर्खु पातल्या ।३० ऐ. जलुक्यानी ।२० माले ।३० वकौल्या । ३० घोडघाड । २० चौषुडा । २० कालीगंडकी । ८० केलब्दु कामीटार । ८० यो लेखियाको षांमी खाई नीमीकको सोझो चिताइ जागीर जानी भोग्ये गर एस वातको साछी २ तथापि वंसराज पाण्डे १ अभिमानसिं १ हर्के पंथ सुरसिं राना भगीरथ पाध्या लेखक दामोदर भट्टराइ इति शाके १६९० चैत्रमासे कृष्णपक्षे द्वादशी गुरुवासरे शुभम्

श्री. म. चौतरिया दलमर्दन साहा

मार्फत दलमर्दन साहा

यसमा दिइएको सालमितिको पूर्णान्तिमानबाट गणना गरी हेर्दा आएको पञ्चाङ्ग यस प्रकारको छ ।

शाके १६९० वि. सं. १८२५ चैत्रकृष्ण

| | गते | वार | तिथि | घडी | पला |
|---|---|---|---|---|---|
| चैत्र | २५ | सोम | द्वादशी | ५४ | ११ |

यहाँ वार मिलेन ।

त्यस कारण अमान्तमानबाट गणना गरी हेर्दा आएको पञ्चाङ्ग यस प्रकारको छ ।

शाके १६९० वि. स. १८२५ चैत्रकृष्ण (पूर्णान्तिमानबाट वैशाखकृष्ण)

| | गते | वार | तिथि | घडी | पला |
|---|---|---|---|---|---|
| वैशाख | ६ | बृहस्पति | द्वादशी | १९ | २३ |

यहाँ वार मिल्यो । त्यस कारण पृथ्वीनारायणको यस लालमोहरमा अमान्तमानको मिति प्रयोग गरिएको बुझिन्छ ।

## श्री ५ पृथ्वीनारायण शाहबाट नैजराम मेदासीलाई गरिदिएको लालमोहर (फलक ३)

श्री दुर्गा सहाय

स्वस्ति श्री गिरिराजचक्रचूडामनि नरनारायनेत्यादि विविध विरुदावलि विराजमान मानोन्नत श्रीमन्महाराजाधिराज श्री श्री श्री पृथ्विनारायण शाह वहादुर सम्सेर जङ्ग देवानाम् सदा समर विजयिनाम्

आगें नैजराम मेदासिके तिम्रा द्वारि खानगि खाई नुवाकोटमा रहनू नुवाकोटमा जो परिआयाको ड्डकुण्ड पंचखत् समेत खानु रहितान्मा खोजि नपस्नु नुवाकोट भर अम्बलको चार वर्न छतिसै जातले वस्याका घरवारि सुवराको सेर्मा र साउन्या फागू छाला पैसा जन मानु समेत माफ गरिवक्स्यौं थरघर सामेल राखि कटुवाल लोहार जो भयाका पनि आफ्ना तजविजले राखि निमिकको स्वझो चिताई रहनू तिम्रा दरसन्तानलाई हाम्रा दरसन्तान भै भारदारले नखोसनु जसले खोसला तस्को धर्म नष्ट ईति साक १६९१ माघमासे कृष्णपक्षे गुरुवासरे

शुभम्

मार्फत दलमर्दन साहा मार्फत सुरप्रताप साहा
रुजु दामोदर भट्टराइ रुजु सुरसिं राना

यसमा मितिको उल्लेख छैन् । पक्षमा दुइ पटक बृहस्पति वार पर्छ । पूर्णान्तिमानको भए सप्तमी र चतुर्दशीमा बृहस्पति वार पर्छ । अमान्तमानको भए पञ्चमी र द्वादशीमा बृहस्पति वार पर्छ ।

यी तीनै ओटा लालमोहर पश्चिम १ नम्बर नुवाकोटका द्वारे गणेशकुमार साहीको सौजन्यबाट प्राप्त भएका हुन् ।

व्याख्या

सत्रौं शताब्दीतिर पाल्पाली राजा मुकुन्दसेनपछि उनका छोराहरूका पालामा मुकुन्दसेनको राज्य छिन्न-भिन्न भई टुक्रिएर गण्डकी प्रदेश अनेकन् राज्यमा विभाजित भएका थिए । यी राज्यको संख्या कहिले बढ्ने र कहिले घट्ने पनि हुन्थ्यो । यी राज्यको संख्या लगभग २४ सम्म पुगेका थिए । त्यसकारण तिनताक गण्डकी प्रदेशको राज्य चौबीसी राज्य भनी प्रसिद्ध छ । यी चौबीसी राज्यमध्ये खाँची र धुरकोटमा मेदासीको राज्य थियो । नरभूपाल शाहका जेठी रानी चन्द्रप्रभावती खाँचीकी राजकन्या हुन् । यसरी खाँची र गोरखाको संबन्ध भएको थियो । यी नैंजराम मेदासी खाँचीको हुनुपर्दछ । यिनलाई श्री ५ पृथ्वीनारायण शाहले शाही पदवी दिई राजगुठियारी गरी नुवाकोटमा बस्नू भनी द्वारेको जागीरमा नियुक्त गरिदिएका थिए । नुवाकोटमा शहर गुल्जार गराउने परिआएको दण्डकुण्ड पञ्चखत आदि खाने, कटुवाल लोहारलाई आफ्नो तजबीजमा भर्ना गर्ने, देवीजात्रामा र दसैंमा पूजा संकल्प गर्ने आदि अधिकार श्री ५ पृथ्वीनारायण शाहले यी नैंजराम मेदासीलाई दिएका थिए । यी नैंजराम मेदासीले जागीरस्वरूप खानगी खेत बिर्ता धेरै पाएका थिए । सो कुरो उपर्युक्त लालमोहरबाट स्पष्ट छ । हाल द्वारे गणेशकुमार शाही यिनैका वंशज हुन् ।

नुवाकोटका भैरवीको जात्रा मल्लकालदेखि चलेको थियो भन्ने कुरा दोस्रो लाल मोहरबाट स्पष्ट छ । तर सो जात्रा मल्लकालमा कसको पालादेखि चलेको थियो भन्ने निश्चित प्रमाण प्राप्त भइसकेको छैन । नुवाकोटमा महेन्द्र मल्लका पालाको वि. सं १६२५ को शिलालेख प्राप्त भएको छ । सो अभिलेख मैले सम्पादन गरेको पुरातत्व पत्रसंग्रह तेस्रो भागमा प्रकाशित भइसकेको छ । तर सो अभिलेखको देवीजात्रासंग कुनै संबन्ध छैन । केवल एउटा विचार गर्ने बाटोसम्म सो अभिलेखले दिन्छ । अर्को कुरो देवीको शिलामूर्तिले पनि प्राचीनता देखाउँछ । सो देवीको मूर्ति केवल टाउको मात्र छ । सो मूर्तिशिला चिल्लो तथा राम्रो छ ।

नुवाकोटका भैरवी देवीको जात्रा चैत्रशुक्ल चतुर्दशीका दिनदेखि शुरु हुन्छ । त्यो दिन धामी नुहाउने भनी धामीले देवीथानमा नुहाई जामा पोशाक मुकुट गहना पहिरी बसिरहेको हुन्छ । तिनलाई बाजा बजाई लिन जान्छन् र बाजाको साथै धामीले द्वारेको घरमा महाबलि लिन जान्छ । त्यहाँबाट धामीले बलि लिई देवीथानको मुनि गएर बिसाउँछ । सो ठाउँ देवीको माइती भन्ने स्थानीय जनताको भनाइ छ । त्यस ठाउँमा लिङ्गो गाडेर धामीलाई जात्रा गर्दै ल्याउँछन् । ठाउँ ठाउँमा बलि प्रसाद छर्दै शहर परिक्रमा गरी धामी देवीथानमा आउँछ । त्यहाँ पनि एउटा लिंगो गाड्छ । लिंगो गाड्ने काम राति हुछ । त्यो रात साततलेदरवारमा धमिनीलाई द्वारेले सिंदूर हाली धामी, धमिनी र अरू गुठियारहरूलाई भोज दिन्छन् । भोलिपल्ट चैत्रशुक्ल पूर्णिमाको दिन देवीलाई खटमा राखी धामीधमिनीसहित जात्रा गरी देवीघाट लैजान्छन् । त्यो दिनको रातिदेखि चैत्रकृष्ण प्रतिपदाको दिनभर त्यहाँ ठूलो भोग बलि हुन्छ । त्यसको राति देवीको खटसहित धामी माथि आई धरंमपाटी भन्ने ठाउँमा बास बस्छ । भोलिपल्ट चैत्रकृष्ण द्वितीयाको दिन पल्टनसहित गयो देवीको खट र धामी धमिनीलाई माथि देवीथानमा ल्याई ठूलो सिंदूरजात्रा गरी त्यहाँबाट तलेजूमा लैजान्छन् र त्यहाँ पूजा हुन्छ । यस दिन सारा गाउँलेहरूको भीड हुन्छ । त्यो दिन रातमा देवीथानमा धामीले सरकारतर्फबाट दिएको पञ्चबलि लिन्छ । यसपछि सानो सानो जात्रा हुन्छ र प्रायः: अष्टमीमा लिंगो ढालेपछि जात्रा समाप्त हुन्छ । दसैंमा तलेजूमा खड्गजात्रा हुन्छ । यी जात्रामा पूजासंकल्प द्वारेबाट हुन्छ ।

पृथ्वीनारायण शाहभन्दा पहिले ती जात्रामा पूजासंकल्प मल्ल राजाका भाइछोराहरूबाट हुन्थ्यो । पृथ्वीनारायण शाहका पालादेखि सो जात्रामा पूजासंकल्प मेदासी द्वारेबाट हुने भयो । चैत्रशुक्ल पूर्णिमाको राति धामीले बकेको शुभाशुभ कुरा हाम्रा हजुरमा जाहेर गर्नू भन्ने कुरा श्री ५ पृथ्वीनारायण शाहले नैजराम मेदासीलाई गरिदिएको दोस्रो लालमोहरमा उल्लेख भएको छ । यसबाट पृथ्वीनारायण शाहले धामीले बकेको कुरा विश्वास मानी सुन्ने गर्दथे भन्ने बुझिन्छ ।

## श्री ५ पृथ्वीनारायण शाहबाट ग्यानदेउ धामीलाई गरिदिएको लालमोहर (फलक १ ख)

श्री दुर्गासहाय

श्री भैरवि

स्वस्ति श्रीमन्महाराजाधिराजकस्य रुक्का

आगे ग्यान्देउ धामि प्रति तहाँ —— का थानमहा एक सय सत्ताईस वाति हरिसयनी एकादशीदेखि हरिवोधनीसम्म रोज प्रति मेरा नाउँमहा व्यालुका सांजका भषत नित्तह वालि देउ भेटिकन रुपैया एक वाति वाति वाल्न्या सराजाम एताबाट पठाइ दियाको छ वालि दिन्या गर पछि चतुर्मासा पुगला भन्दा खेरि दिन ८ । १० अध्यारै हामिलाइ षवर दिया र सांग्य गरौला तेल किन्न रुपया २ पठाइदियाको छ किन र वाल इतिसम्वत् १८३१ साल आषाढ शुदि १० रोज २ मुकाम काठमाडौं शुभम्

यसमा दिइएको सालमितिको गणना गरी हेर्दा आएको पञ्चाङ्ग यस प्रकारको छ ।

वि. सं. १८३१ आषाढ शुक्ल

| | गते | वार | तिथि | घडी | पला |
|---|---|---|---|---|---|
| श्रावण | ६ | सोम | दशमी | ४८ | ५२ |

यो वर्ष वैशाखमा अधिकमास छ । अधिकमास गणना नगर्दा वार मिल्छ । यस वेलाको अधिकमास गणना गर्ने विधि विचारणीय छ ।

यो लालमोहर नुवाकोटका धामी श्री हरिमानसिं डङ्गोलको सौजन्यबाट प्राप्त भएको हो ।

व्याख्या–

वि. सं. १८३० मा पूर्व किरातप्रदेश चौदण्डी विजयपुर विजय गरी नेपालराज्य टिष्टासम्म पुऱ्याएपछि पश्चिमतिर पनि राज्य बढाउने उद्योगमा पृथ्वीनारायण शाह लागिरहेका थिए । यत्तिकैमा वि. सं. १८३१ माघ १ गते त्रिशूली गण्डकीको किनारमा ५२ वर्षको उमेरमा पृथ्वीनारायण शाहको देहावसान भयो । यस रुक्का लालमोहरमा पृथ्वीनारायण शाहको नाम उल्लेख भएको छैन । तर वि. सं. १८३१ आषाढको पत्र हुनाले यो पत्र पृथ्वीनारायण शाहको हुनामा सन्देह छैन । किनभने यस वेला पृथ्वीनारायण शाह जीवितै छन् । श्री ५ पृथ्वीनारायण शाहले आफ्नो नाउँमा चतुर्मासमा देवीथानमा वत्ती बालिदेऊ भनी नुवाकोटको ग्यानदेउ धामीलाई गरिदिएको यो लालमोहर हो । यस वेलासम्म पृथ्वीनारायण शाहलाई आफू मरौंला भन्ने लागेको थिएन । किनभने पछि आउने चतुर्मासमा ८ । १० दिन अगाडि नै हामीलाई खवर गर्नू भनी पृथ्वीनारायण शाहले ग्यानदेउ धामीलाई यस लालमोहरमा लेखिपठाएको कुरो छ । यसमा मुकाम काठमाडौं लेखिएको हुनाले यस वेला पृथ्वीनारायण शाह काठमाडौंमै थिए भन्ने निश्चित छ । ग्यानदेउ धामी डङ्गोल जातिका हुन् । हाल धामी हरिमानसिं डङ्गोल यिनैका वंशज हुन् । पृथ्वीनारायण शाहले देवतामाथि मर्यादा राखी भक्तिभाव गर्दथे भन्ने कुरा यस लालमोहरबाट स्पष्ट छ ।

## राई लिम्बूहरूलाई गरिदिएको श्री ५ पृथ्वीनारायण शाहको लालमोहर

स्वस्ति श्री गिरिराजचक्रचूडामणि नरनारायेणत्यादि विविध विरुदावली विराजमान मानोन्नत श्री मन्महाराजाधिराज श्री श्री श्री महाराज पृथ्वीनारायण साहवादुर शम्शेर जङ्ग देवानाम् सदा समर विजयिनाम्

स्वस्ति राजभार सामर्थ श्री श्री सुनराई श्री कुश-

राइ श्री जङ्ग राइ सव गैह्र लिम्बु राइके आशिक पूर्वक पत्रमिदम् यहा कुसल ताहा कुसल चाहिये आगे यहा मेरा धर्म समाचार भलो छ उप्रान्त तिमीहरूलाई हिज पनि पिछा वक्सेको हो त्यो तिम्रो लिम्बुवान मुलुक हाम्रो प्रतापले तिम्रा पूर्खा तूतू तुम्याहांगको प्रताप हान्यो र याहा श्री ढङ्गसन्तान लिम्बुवान् खम्बुवान् मुलुक हाम्रो भये तापनि तिमीहरू हाम्रै छौ तिम्रा जहानको पिछा हामीले लियौं जस जस जस्को जे जे तम्रा खाइन् पाइन् लुङ्गवांग वाङसिग वांगगङ जिमी भूमी हिजको आपुंगी सर्व थामीवक्स्यौं तिमीहरूले हिज आपै आप आपुंगी पाए बमोजीम जिमी भूमी रहन्जेल साखा सन्तान तक भरत सघाई भोग्य गर अरु नौ लाख रथंकपटि हौन के अर्थले भने अरु राजालाई मासिने हुंदा तिमीहरू राजा नै भन्ने नमासिने हौ यो तिम्रा निती हामीले जानेको छ तर कुराको विस्तार सवै तिम्रा नाभिमा वसेकाले तिनले नास्यो सुखिमको र हाम्रो घर नभएको हाम्रो भला मानिस र हाम्रो चौकीले वोल कुरा गरीगएको छ उनैबाट विस्तार कुरा बुझौला भोली र तिमीहरूको आपुंगी खाइन पाइन त्यो मुलुक जिमी भूमी जिती हामीले खोसी मासे हामीले पूजी ल्याएको देवताले हाम्रो राजकाज नासोस् भन्ने वाचाको तसली मोहर वाधिदियौं इति सम्वत् १८३१ साल मिति श्रावण सुदि १ रोज २ मुकाम कान्तिपुर राजधानी शुभम् ।

यसमा दिइएको साल मितिको गणना गरी हेर्दा आएको पञ्चाङ्ग यस प्रकारको छ ।

वि. सं. १८३१ श्रावण शुक्ल

| | गते | वार | तिथि | घडी | पला |
|---|---|---|---|---|---|
| श्रावण | २७ | सोम | प्रतिपदा | ३२ | २९ |

यो गणनामा पनि वैशाखको अधिकमास लिइएको छैन । मौथिकै बमोजिम गणना गरिएको हो ।

व्याख्या–

पृथ्वीनारायण शाहले नेपाल खाल्डो विजय गरेपछि पूर्वका सेनराज्य चौदण्डी र विजयपुर दख्खल गर्ने विचार गरे । तिनताक चौदण्डीमा कर्णसेन राजा थिए । तिनलाई वि. सं. १८३० मा हराएपछि विजयपुर पनि पृथ्वीनारायणले दख्खल गरे । चौदण्डी र विजयपुर दख्खल भएपछि किरात र लिम्बुवान प्रदेशका राजाहरूले पृथ्वीनारायणलाई आत्मसमर्पण गरे । यति भएपछि नेपालराज्य पूर्व सुखिमसँग जोडिन पुग्यो ।

विजयपुरको राज्य टिष्टासम्म फैलिएको थियो । विजयपुरमा राजा र मन्त्रीको कलह भएको मौका छोपी सुखिमले विजयपुरको राज्य टिष्टादेखि कनकाइसम्मको प्रदेश हात लगाएका थिए । पृथ्वीनारायण शाहले विजयपुर दख्खल गरेपछि सो प्रदेश पनि आफ्नो हक दावी गरे । तर सुखिमले हात लागिसकेको सो प्रदेश छोड्न चाहेन । यसैमा पृथ्वीनारायणको र सुखिमको ठाकठुक पर्‍यो ।

यस वखत किरातबाट भागेका आफ्ना शत्रुहरूलाई सुखिमले हात लिई गडवड मच्चाउन लागिरहेको थियो । यस्तो मौकामा लिम्बुवान पनि भड्कने सम्भव थियो । त्यसैले पृथ्वीनारायण शाहले तिनीहरू नभड्कियून् भन्ना निमित्त बुद्धिमत्तापूर्वक ती लिम्बुवानहरूलाई तिनीहरूले खाइपाइआएको भूमी थामी राजा भन्ने पदवी नै दिई यो लालमोहर गरिदिएका हुन् । यो लालमोहर पृथ्वीनारायण शाहले काठमाडौंबाट गरिदिएका हुन् । यस वेलासम्म पृथ्वीनारायण पूर्वतिरकै बन्दोबस्त मिलाउने काममा व्यस्त भएको बुझिन्छ । पृथ्वीनारायण शाहले विजित प्रदेशमा लुटपाट गर्दैनथे, त्यहाँका मानिसलाई राम्रो बन्दोबस्त गरिदिएर आफ्नो अनुकूल बनाइराख्दथे । सो कुरो यस लालमोहरबाट स्पष्ट छ ।

## धैबुङ पौवाको अभिलेख (फलक ४)

(१) श्री रामः ॥ ॥ श्रीमान्वै सदयो ऽग्निहोत्रितिलको वेदान्तवित्सत्य

(२) वाक् ख्यातः श्री जयमङ्गलः सुकृतिनां मध्ये ग्रणीश्चाभवत्

(३) यस्य स्त्री सुगुणाम्बिकेव कथिता गौरीति नाम्ना सती तस्यां भूप

(४) तिवन्दिताङ्घ्रिकमलाः पञ्चा भवन्यत्सुताः ॥१॥ कुशाग्र

(५) बुद्धिर्व्रजनाथशर्मा ज्येष्ठो हि शास्त्रेषु सुपारगो

भूत ।। वि

(६) द्वान्द्वितीयो रघुनाथशर्मा श्रीरामपादार्पितचित्त-
वृत्तिः ।।२।।

(७) जगन्नाथशर्मा तृतीयः शरण्यस्तथा लोकनाथश्च

(८) तुर्थः सुशीलः ।। क्षमावान् हरिः पञ्चमो भव्यरूपः

(९) सदा सङ्गताः पितृभक्ता वदान्याः ।।३।। गु

(१०) णिनी धर्मनिरता गुणज्ञसुतमूः पथि ।। प्रपां

(११) निर्माय सा गौरी कमलापतये ऽ र्पयत् ।।४।।

(१२) वेदाभ्रसप्तैकमिते १७०४ सुशाके माघे सिते

(१३) सर्पतिथौ सुवारे ।। वाचस्पतेः सर्वजनैः सुसे

(१४) व्या सेयं प्रपा रामपुरे दिदीपे ।।५।। अने

(१५) न कर्मणा श्रीनारायणः प्रीयताम् शुभं

अनुवाद

श्रीराम । सज्जनहरूमा श्रेष्ठ दयावान्, अग्निहोत्रीका तिलक भएका, वेदान्त पढेका, सत्य बोल्ने, प्रख्यात श्रीजयमङ्गल भए । जसकी स्त्री पार्वती जस्ती गुणी पतिव्रता गौरी भन्ने थिइन् । तिनबाट राजाले पाउ ढोगिएका पाँच छोरा भए । तीखो बुद्धि भएका, शास्त्रमा पारङ्गत भएका, जेठा व्रजनाथ भए । रामचन्द्रका पाउमा चित्त लगाएका विद्वान् दोस्रा रघुनाथ शर्मा भए । शरण लिन योग्य भएका, तेस्रा जगन्नाथ शर्मा भए । असल स्वभाव भएका, चौथा लोकनाथ भए । क्षमावान्, लायक मुहार भएका, पाँचौ हरि भए । तिनीहरू सधैं मिलीजुली रहेका, पितृभक्त तथा दानी थिए । गुणी, धर्ममा लागेकी, गुण जान्ने छोरा जन्माउने ती गौरीले बाटोमा पौवा (धर्मशाला) बनाएर शाके १७०४ (वि. सं. १८३५) माघ कृष्ण पञ्चमी बृहस्पति वारमा विष्णुलाई चढाइन् । सबै मानिसले राम्ररी सेवा गरिएको उही यो पौवा रामपुर (धैंबुङ) मा सुहायो । यस कामले श्री नारायण खुशी होऊन् ।

यसमा दिइएको साल मितिको माघ शुक्ल पक्षमा गणना गरी हेर्दा आएको पञ्चाङ्ग यस प्रकारको छ ।

शाके १७०४ वि. सं. १८३५ माघशुक्ल

| | गते | वार | तिथि | घडी | पला |
|---|---|---|---|---|---|
| फाल्गुन | १५ | आदित्य | पञ्चमी २५ | | ७ |

यहाँ वार मिलेन ।

त्यसकारण माघ कृष्ण पक्षमा गणना गरी हेर्दा आएको पञ्चाङ्ग यस प्रकारको छ ।

शाके १७०४ वि. सं. १८३५ माघ कृष्ण

| | गते | वार | तिथि | घडी | पला |
|---|---|---|---|---|---|
| माघ | २६ | बृहस्पति | पञ्चमी | ५० | ५३ |

यहाँ वार मिल्यो । मूल अभिलेखमा "माघे सिते" लेखिएको छ । त्यसको अर्थ माघ शुक्ल पक्ष भन्ने हुन्छ । तर कृष्णपक्षमा गणना मिल्न आएकोले माघे असिते भनी पदच्छेद गरी माघ कृष्णपक्ष भनी अर्थ गर्नुपर्छ भन्ने सिद्ध हुन्छ । त्यहाँ सन्धि भई असितेको "अ" लोप भएको भन्ने स्पष्ट छ । तर अ को सट्टमा खण्डाकार चिह्न ऽ यस्तो हुनुपर्दथ्यो । सो अक्षर कुँद्नेले छुटाएको बुझिन्छ ।


यो अभिलेख पश्चिम १ नम्वर धैंबुङ लहरेपौवाको भित्तामा रहेको छ । त्यसैको यो उतार हो । यसको लमाई १ हात ८ अंगुल (२ फूट) जति र चौडाई १ वित्ता ६ अंगुल (सांढे १३ इञ्च) जति छ । अभिलेख जस्ताको तस्तो गरी दिइएको छ ।

व्याख्या


यो अभिलेख जयमङ्गल पौडेलकी पत्नी गौरीले धैंबुङको लहरेपौवा भन्ने धर्मशाला बनाई राखिदिएको हो । वि. सं. १८९४ मा भीमसेन थापाबाट राजकाजको सम्बन्ध छुटेपछि २ वर्ष जति प्रधानमन्त्रीको काम रङ्गनाथ पण्डितले चलाएका थिए । यिनै रङ्गनाथका बाजे जयमङ्गल पौडेल हुन् । यी जयमङ्गल पौडेल श्री ५ पृथ्वीनारायण शाहका महारानीका दीक्षागुरु हुन् । तिनका ५ छोरामध्ये जेठा छोरा व्रजनाथ भन्ने रङ्गनाथका बाबु हुन् । वि. सं. १८३४ मा व्रजनाथ नेपालबाट धपिएका थिए । काशीमा बसी व्रजनाथले हिन्दुस्थानको

खैखवर पठाई नेपाल दरवारसँग संबन्ध राखिछोडेका थिए । रङ्गनाथ त्यस वेला केटाकेटी हुनाले बाबु-सँगै गएका थिए । रङ्गनाथले काशीमा बसी राम्रो-सँग विद्या पढेका थिए । यिनको कर्पूरस्तवको टीका प्रख्यात छ । वि. सं. १८६० मा श्री ५ रणबहादुर शाह काशीबाट फर्कंदा यी रङ्गनाथ साथ लागी नेपाल आएका थिए । यसै वेलादेखि यी रङ्गनाथले नेपालको राज-काजमा हात हालेका हुन् । तिनैका पुर्खाको चिह्नस्वरूप धैबुङको यो अभिलेख हो । धैबुङलाई त्यस वेला राम-पुर भनिन्थ्यो । सो कुरो यस अभिलेखले स्पष्ट बताएको छ ।


फलक १ ( PLATE I )




क. श्री ५ पृथ्वीनारायण शाहबाट नैजराम मेदासीलाई गरिदिएको लालमोहर । पृष्ठ–२६
A. Shri 5 Prithvinarayan Shah's Lal Mohar to Naijaram Medasi. See Page–26




ख. श्री ५ पृथ्वीनारायण शाहबाट ग्यान्देउ धामीलाई गरिदिएको लालमोहर । पृष्ठ–२९
B. Shri 5 Prithvinarayan Shah's Lal Mohar to Gyandeu Dhami. See Page–29



श्री ५ पृथ्वीनारायण शाहबाट नैजराम मेदासीलाई गरिदिएको लालमोहर । पृष्ठ–२७
Shri 5 Prithvinarayan Shah's Lal Mohar to Naijaram Medasi. See Page-27



श्री ५ पृथ्वीनारायण शाहबाट नैजराम मेदासीलाई गरिदिएको लालमोहर । पृष्ठ–२७
Shri 5 Prithvinarayan Shah's Lal Mohar to Naijaram Medasi. See Page-27



धैबुङपौवाको अभिलेख । पृष्ठ–३०
Stone Inscription at Dhaibung Pauwa. See Page–30

# काष्ठमण्डप *

— *रमेश जंग थापा*

## प्रावकथन

काष्ठमण्डपको प्राचीनता जति घतलाग्दो छ उत्तिकै आकर्षण यसको मौलिकतामा पनि छ । यसको पवित्र व्यक्तित्वले इतिहासका अनेकौं सुख दुःखका दिनहरू देख्नुपरेको छ । मानवीय दुर्व्यवहार र प्राकृतिक प्रकोपबाट जतिसुकै प्रभावित भए तापनि यस स्मारकमा नेपाली संस्कृतिको सामञ्जस्य उदार भावना र सहिष्णुतापूर्ण परंम्पराको पूर्ण अभिव्यक्ति दृष्टिगोचर हुन्छ । धर्मको एकपक्षीय अथवा दलगत दृष्टिकोणबाट 'काष्ठमण्डप' सर्वथा मुक्त छ । अरू हिन्दू र बौद्ध धर्मका विभिन्न मत तथा विचारधाराहरूलाई समानरूपमा अंगीकार गरी "काष्ठमण्डप" मानववादिताको अमूल्य उदाहरण बन्न गएको छ । काष्ठ, मृतिका र प्रस्तरमा कुंदिएका लालित्यपूर्ण देवमूर्तिहरू सामूहिक भक्ति, श्रद्धा र विश्वासको वातावरण सृजना गर्न सफल भएका छन् । श्री गोरखनाथ, शिवपार्वती, गणेश, भैरव, महाकाल, तारा, सरस्वती, नृत्येश्वर, शाक्यमुनि, बुद्ध, आदि विभिन्न चरित्रका देवदेवीहरू एउटै स्मारकमा यसरी सामूहिक प्रतिनिधित्व गरेर 'काष्ठमण्डप" ले नेपाली संस्कृतिको एकतापूर्ण आध्यात्मिक परम्पराको अद्भुत उदाहरण प्रस्तुत गरेको छ । "काष्ठमण्डप" को यस महत्ताको अनुसरणबाट विश्वका मानव मात्रले मुक्तिको गोरेटो प्राप्त गर्न सक्नेछन् भन्ने कुरामा दृढ आस्था र विश्वास व्यक्त गर्न सकिन्छ । यसरी आजको विभाजित विश्वसंस्कृतिलाई "काष्ठमण्डप" को यही नै विशेष देन हुन गएको छ।

"काष्ठमण्डप" को ऐतिहासिक, साँस्कृतिक तथा प्राविधिक पक्षको अध्ययन यसै मूलभूत दार्शनिक र आध्यात्मिक सिद्धान्तको पृष्ठभूमिमा क्रमशः गरिनुपर्दछ ।

## काष्ठमण्डपको प्राचीनता

"काष्ठमण्डप" को प्राचीनता अत्यन्त विवादग्रस्त छ । यद्यपि "काष्ठमण्डप" शब्दको परम्परा निकै प्राचीन छ, तथापि यस शब्दसंग वर्तमान स्मारक विशेषको अन्योन्याश्रित सम्बन्ध छ, छैन भन्ने कुराको छिनोफानो गर्नु जरूरी छ । "काष्ठमण्डप" शब्दको उल्लेख विक्रमको बाह्रौं शताब्दीमा लेखिएको "नामसङ्गीति" नामक हस्तलिखित ग्रन्थमा भएको पाइन्छ§ अद्यापि थाहा पाइएका ग्रन्थहरू मध्ये सबभन्दा प्राचीन यही नै थाह हुन्छ । यसपछि वि. सं १३०० मा लेखिएको 'परमार्थनामसङ्गीति" मा निम्नबमोजिम लेखिएको छ ।‡

"श्री काष्ठमण्डपपुरे सुरलोक साम्ये"
देवालये वसति श्री जिनरखितः सः"

अर्थात्, स्वर्गतुल्य श्री काष्ठमण्डप नगरका देवालयमा श्री जिनरक्षित बस्नुहुन्छ । पुरातत्वविभाग, वीर पुस्तकालयको संग्रहमा रहेको श्री यक्ष मल्लकालीन ग्रन्थ "पञ्चरक्षा"❁ (वि. सं. १५३३) मा यसो भनिएको छ—"देय धर्मोयं प्रवर महायानयायिनः परमौपासिक श्री काष्ठमण्डपनगरे श्री कीर्तिपुण्यमहाविहारीय भिक्षु श्री देवचन्द्रस्य" अर्थात्, यो दानधर्म, महायानका समर्थक तथा परमोपासक श्री काष्ठमण्डप नगरस्थित श्री कीर्तिपुण्य महाविहारका भिक्षु श्री देवचन्द्रको हो ।

---

* काष्ठमण्डपको जीर्णोद्धार समाप्त भएपछि २०२३ सालमा प्रस्तुत काष्ठमण्डप—संक्षिप्तपरिचयबाट उद्धृत ।

§ इतिहास संशोधनको प्रमाण प्रमेय भाग १ पृष्ठ ११० ।

‡ पुरातत्वविभाग नेपाल राष्ट्रिय पुस्तकालयको संग्रहमा रहेको अभय मल्लकालीन उपर्युक्त ग्रन्थ । प्रमाण प्रमेयमा पनि उल्लेख भएको छ ।

❁ इतिहास संशोधनको प्रमाणप्रमेय पृष्ठ ११४ मा पनि सविस्तार उल्लेख भएको छ ।

यसरी उपरोक्त प्रमाणहरूबाट दुई कुरा स्पष्ट हुन आउंछ– (क) काष्ठमण्डपको परम्परा लक्ष्मीनरसिंह मल्लको कालभन्दा ज्यादै पुरानो छ* । (ख) "काष्ठ-मण्डप" को ख्याति नगरका रूपमा निकै प्राचीन कलदेखि चलिआएको छ ।

अब यो विचार गर्नु छ कि "काष्ठमण्डप" स्मारकको अस्तित्वबाट नै "काष्ठमण्डप नगर हुन गएको हो वा के हो ? यस समस्यालाई हल गरेपछि 'काष्ठमण्डप" को काल निर्णय सम्बन्धी विवाद स्वतः समाप्त हुन्छ । वास्तवमा जुन वेला "काष्ठमण्डप" लाई नगरका रूपमा चिनिन्थ्यो । त्यति वेला "काष्ठमण्डप" स्मारकका रूपमा पनि विद्यमान थियो । अर्थात् "काष्ठमण्डप" को नगर परपम्परा जेठो र स्मारकको परम्परा कान्छो होइन कि स्मारकबाट नै नगर परम्पराको जन्म भएको बुझिन्छ । यसको पुष्टचाइँ स्वयं काष्ठमण्डपमा प्राप्त ताम्रपत्र, सुवर्ण-पत्र र मूर्तिकला, काष्ठकलाले दिइरहेका छन्§ । "काष्ठ-मण्डप" स्मारकमा ने. सं. ४५४ अर्थात् वि. सं. १३९१ को कान्तिपुरको पाञ्चाली भलादले राखेको ताम्रपत्र अद्यापि छंदैछ । यसरी यसै ताम्रपत्रले मात्र पनि स्मार-कको परम्परालाई ६३२ वर्ष प्राचीन तुल्याउंछ । अर्को ताम्रपत्र ने. सं. ५८५ अर्थात् वि. सं. १५२२ को पाइन्छ, जसमा भनिन्छ "ओम् श्री गोरखनाथलाई नमस्कार। चराचर युक्त निष्कल अनादि जुन परब्रह्मको योगीहरु सदा ध्यान गर्दछन् ती गोरखनाथलाई म प्रणाम गर्दछु । यो काष्ठमण्डप सुनले रम्य र सुनका ध्वजाले सिंगारिएको छ र जहाँ योगीश्वरहरू नित्य निवास गर्दछन् श्री यक्ष मल्ल प्रभु विराजमान हुनुहुन्छ । श्री गौड देशबाट आएका जे पनि दिन सक्ने दानी योगी चैतन्यनाथले नेपाल देशमा खेत किने र अवधूतहरूलाई सिधा (हण्डी) दिए" इत्यादि। यस ताम्रपत्रमा काष्ठमण्डप सुनले रम्य र सुनका ध्वजाले सिंगारिएको छ भनी नगरको नभै "काष्ठमण्डप" स्मारक विशेषको वर्णन गरिएको कुरा स्पष्ट हुन्छ । साथै अन्य ताम्रपत्र, सुवर्णपत्रबाट पनि स्मारकका रूपमा "काष्ठ-मण्डप" को प्राचीनताबारे कुनै शंकाको संभावना रहँदैन ।

अब अर्को दृष्टिबाट पनि समस्याको छलफल गरौं । अभिलेख र ग्रन्थमा वर्णित "काष्ठमण्डप" नगरको भौगो-लिक स्थिति पनि हालको स्मारकको छेउछाउमा पर्दछन् । जस्तो, ने. स. ६०५ अर्थात् वि. सं. १५४२ को काष्ठ-मण्डपको ताम्रपत्रमा विष्णुमत्याः पूर्व्वकूले इहैव स्थाने श्री काष्ठमण्डप नगरे अर्थात् "विष्णुमतीको पूर्व किनारा अवस्थित यसै श्री काष्ठमण्डप नगरमा" भन्ने उल्लेख भएको छ । अर्को यक्ष मल्लकालीन ने. सं. ५९४ अर्थात् वि. सं. १५३१ मा लेखिएको "स्रग्धरास्तोत्र" मा यसो लेखिएको छ– "श्री काष्ठमण्डप महानगरे च्येकनमगुङ्गी टोलके× अर्थात् श्री काष्ठमण्डप महानगर स्थित चिकंमुगल टोल। यसरी विष्णुमतीको पूर्व किनारा, चिकंमुगल टोल, ओम-बहाल, कीर्तिपुण्य महाविहार आदि काष्ठमण्डप स्मारक समीपका स्थानहरूको वर्णन "काष्ठमण्डप नगर" को संदर्भमा गरिएको छ । यसबाट प्रारम्भमा काष्ठमण्डप स्मारकवरिपरि एउटा विशेष क्षेत्र र परिधिभित्रका घर र स्मारकहरू मात्र काष्ठमण्डप नगरमा परी बिस्तार बिस्तार यो परिधि विशाल हुँदै गएको बुझिन्छ । वर्तमान काठमाडौंको अर्को नाम कान्तिपुर पनि हो । भानुभक्तको कालसम्म पनि काठमाडौंका साथै कान्तिपुर शब्द विशेष प्रचलनमा रहेको बुझिन्छ । अझै एक अर्को परम्परा अनुसार काठमाडौंलाई दुई भागमा विभाजित गरेको पाइन्छ– (क) सुवर्ण प्रणाली महानगर (ख) श्री यंगल । "सुवर्ण प्रणाली महानगर" लाई ठने अर्थात् माथिल्लो र "श्री यंगल" लाई "कोने" अर्थात् "तल्लो" भागका रूपमा जानिन्थ्यो । यंगल क्षेत्रभित्र काठमाडौं, लगन आदि पर्दछन् र अद्यापि यो यं कहलिन्छ । लिच्छवीकालीन नगर "इन्द्रगृह" बाट "यंगल" भई अझ त्यसको अपभ्रंश

* "देवमाला" आदिमा र प्रचलित जन विश्वासमा काष्ठ- मण्डपका निर्माताका रूपमा लक्ष्मीनरसिंह मल्ललाई मानिन्छ । तर तिनीभन्दा निकै अघि "काष्ठमण्डप" को परम्परा विद्यमान रहेको प्रमाणका लागि यसै पुस्तिकाको परिशिष्ट 'क' तथा 'ख' हेर्नुहोस् ।

§ "काष्ठमण्डप" मा विद्यमान ताम्रपत्रहरूको विवरण योगी श्री नरहरि नाथले "सन्धिपत्रसंग्रह" मा पनि दिनु-भएको छ तर कतिपय ताम्रपत्रको प्राचीन भाषाले गर्दा शुद्ध पाठ हुन अझै बाँकी नै छ । "सन्धिपत्रसंग्रह" मा नपरेको र संभवतः सर्वप्रथम फेलापरेको ने. सं. ६३७ को जोगी भलादले तामाको मानामा राखेको अभिलेख यस पुस्तिकामा दिइएको छ ।

× इतिहास संशोधनको प्रमाण प्रमेय ग्रन्थ । इण्डिया "अफिस- लाइब्रेरी लण्डन" मा भएको कुरा ससेत संचित गरिएको छ ।

"यं" हुन गएको हो भनिन्छ । अर्को कुरा उपत्यकाका नगरमा बहालको नामले कुनै विशेष क्षेत्र वा गल्ली बोध हुँने परम्परा अझै प्रचलित छ । जस्तो, गाबहाल, टेबहाल, इवाबहाल आदि आदि । "काष्ठमण्डप" बाट काठमाडौं हुन जानु पनि वर्तमान परम्पराको प्राचीन रूप हो । तसर्थ आज "काष्ठमण्डप" रहेको क्षेत्रलाई पनि काठमाडौं भनिन्छ र राजधानीको समस्त क्षेत्रलाई पनि काठमाडौं नै भनिन्छ । नगरको नाम पनि उही र एउटा कुनै खास गल्लीको नाम पनि उही भएको उदाहरण दुर्लभ छ । यताबाट काष्ठमण्डप क्षेत्रको पछिल्लो विशाल रूप नै काठमाडौं हो भन्ने कुरामा विश्वास जम्छ । त्यसकारण नै आज नगरको साथ साथै उसै नगरको एउटा खास गल्लीको नाम पनि 'काठमाडौं' कायम रहन गएको हो । श्री महेन्द्र मल्लको मुद्रामा पनि "श्री मत्काष्ठमण्डपस्थाधिपति श्री श्री जय महेन्द्र मल्ल देवस्य" अङ्कित छ । जोधपुरका अधिराज मान सिंह देवको संग्रहमा रहेको "श्री नाथ तीर्थावली" मा यस्तो लेखिएको छ "कान्तिपुरमा उहिले एक जना लोयिपाद भन्ने सिद्ध भए । तिनले तलाउमाथि बसेर मन्दिर बनाए । कैलाशबाट एउटा साह्रै गजबको थाम ल्याएर त्यसका चारओटा स्तम्भ बनाए । तिनलाई उभ्याएर तिनैमाथि तीनतल्ले भवन बनाए ।" इत्यादि (पूरा विवरणका लागि हेर्नुहोस् सन्धिपत्रसंग्रह) । मूर्तिकलाको अध्ययन गर्दा पनि गोरखनाथ र काष्ठमय भैरव पूर्व मध्यकालीन देखिन्छन् । तिब्बतीहरू पनि "पद्मसंभव" को दर्शनको उद्देश्य राखी यस मण्डपमा आउंछन् ।

यसरी माथिका हरफहरूमा अभिलेख, ग्रन्थ, भौगोलिक स्थिति, नगरपरम्परा, मूर्तिकला आदि तुलनात्मक अध्ययन गरी यस निष्कर्षमा पुग्ने प्रयास गरियो कि विक्रमको सत्रौं शताब्दीका लक्ष्मीनरसिंह मल्लभन्दा निकै अघि 'काष्ठमण्डप" स्मारकको रूपमा विद्यमान थियो । 'काष्ठमण्डप' को निर्माताबाट कुनै अभिलेख नराखिएको हुनु र जीर्णोद्धारसम्बन्धी कुनै अभिलेख पनि प्राप्त नहुनु आश्चर्यजनक देखिन्छ । जे होस् वर्तमान अनुसन्धानबाट 'काष्ठमण्डप" स्मारक मध्यकालको प्रारम्भिक युगमा निश्चय नै पुग्दछ । तथापि खोजको क्रम जारी राख्नु जरूरी छ ।

## कला र शैली

अब 'काष्ठमण्डप" को प्राविधिक पक्षको अध्ययन गरौं । स्थापत्यकलाका दृष्टिले "काष्ठमण्डप" को आफ्नै विशेषता छ । यसको निर्माण उच्च स्तरको प्राविधिक सिद्धान्तमा गरिएको छ । यस स्मारकको भार चार विशाल स्तम्भले लिएका छन् र यो भव्य स्मारक यी स्तम्भहरूको संतुलनमा खडा छ । स्मारक ६५ फिट ४ इन्च अग्लो छ । "प्लीन्थ" को लम्बाइ चौडाइ बराबर छ, अर्थात् ६५ फिट ११ इन्च । मन्दिरको यस आकारले यसको विशालता स्पष्ट हुन्छ । ‡मन्दिरको चारै समकोणमा काष्ठकलापूर्ण "बालकोनि" अथवा बार्दली बनाइएका छन् । मण्डपको मध्यमा श्री गोरखानाथको प्रस्तर-मूर्ति सुशोभित छ । § भित्रको सुन्दर योजना (प्लान) र निर्माणशैलीलाई पछि पछि घर बनाउने काम गरेर तथा पसल थपेर विकृत तुल्याइयो । मन्दिरभित्र ४।५ परिवारले डेरा गरी बसोबास गरेका थिए । त्यसकारण जीर्णोद्धार हुनुअघि काष्ठमण्डपको मूल प्लान नै बदलिइसकेको थियो र ठूलो प्रयास गरी यसको मौलिक रूप पत्ता लगाई तदनुरूप बनेको प्राचीन नक्शाबमोजिम "काष्ठमण्डप" लाई वर्तमान स्वरूप दिन सफलता प्राप्त गरियो* ।

काष्ठमण्डपको जिर्णोद्धार गर्दा यसको मौलिकता र प्राचीनतालाई कलंकित हुँन नदिने हरसंभव उपाय गरिएको छ । एकदम काम नलाग्ने वस्तुबाहेक अन्यमा प्राचीन वस्तु नै उपयोगमा ल्याइएका छन् । जुन जुन प्राचीन वस्तुहरूको सट्टा नयां वस्तु थपिएका छन् ती पनि पुराना वस्तुहरूकै आकारप्रकारमा बनाइएकाले नयाँ भए पनि पुराना देखिन्छन् । जीर्णोद्धारको प्रमुख सिद्धान्त मौलिकताको बढीसे बढी सुरक्षा गर्नु हो नकि नवीनीकरण अथवा आधुनीकरण । तसर्थ काष्ठमण्डपको जीर्णोद्धार गर्दा मौलिकताको प्राप्तिका लागि ईमानदारीसाथ हरसंभव प्रयास गरिएको छ । स्मारकलाई रंगीबिरंगी आकर्षक तुल्याउनेतिर नलागी यसको प्राचीन अनुहार कायम राख्नेतर्फ नै विशेष जोड दिइएको छ । पुरातात्विक जीर्णोद्धारको मुख्य विशेषता पनि यही हो । यसरी नै प्राचीन परम्पराको सुरक्षा र कलाकृतिको उचित सम्मान गर्न सकिन्छ भन्ने कुरामा दुई मत नहोला । काष्ठमण्डपको यत्रतत्र फालिएका मूर्तिहरूको संग्रह गरी यिनीहरूलाई सुरक्षापूर्वक राख्ने र पर्यटकहरूका निम्ति अतिरिक्त आकर्षण पैदा गर्न पहिलो पटक यस स्मारकमा सानो संग्रहालय खडा गरिएको छ । संसारको प्रत्येय वस्तु नाशवान् छ, यस यथार्थतालाइ स्वीकार गर्नु व्यावहारिक

‡ फलक ११ क, ख र फलक १२ । §फलक ८ । *फलक ११ ख ।

ईमानदारी हो । तर अर्कोतिर सकभर धेरै कालसम्म सुरक्षित रहने अथवा राख्ने प्रयास गर्नु समाज र मनुष्यको पनि परम कर्तव्य हो ।

## अन्त्यमा

यस सानो लेखमा "काष्ठमण्डप" को संक्षिप्त परिचय दिने प्रयास गरिएको छ । यस लेखले 'काष्ठमण्डप" को ऐतिहासिक समस्यालाई अन्तिम रूपमा हल गरेको छ भनी दावा गर्न म सक्तिन । किनकि अनुसन्धान एउटा नित्य क्रिया हो र अनुसन्धानको क्रममा जहिले पनि नयाँ नयाँ तथ्य पत्ता लागिरहन्छन् । प्रस्तुत लेख पनि यसै क्रमको एक अङ्ग हो । "मेरो गोरुको बाह्रै टक्का" भन्ने सिद्धान्तमा म विश्वास गर्दिन । किनकि हरेक कुरा परिवर्तनीय छ । यद्यपि कहिलेकाहीं कुनै कुराको समयभन्दा अघि पनि कृत्रिम परिवर्तन हुन जाला तथापि अन्ततोगत्वा त्यसको स्वतः परिवर्तन अवश्यंभावी छ । यस मूलभूत सत्यले विश्वको हरेक वस्तुलाई समान रूपमा छोएको छ, यसमा सन्देह गरिरहने ठाउं छैन ।

# परिशिष्ट

## (क) काष्ठमण्डपमा प्राप्त अभिलेखहरू

(१) ने. सं. ४५४ को कान्तिपुरका पाञ्चाली भलादले राखेको ताम्रपत्राभिलेख

(२) ने. सं. ४९९ को स्थिति मल्लका पालाको पशुपति भट्टारकले राखेको ताम्रपत्राभिलेख

(३) ने. सं. ५४३ को ज्योतिर्मल्लका पालाको ललितपुरका त्रिमय महापात्रले राखेको ताम्रपत्राभिलेख

(४) ने. सं. ५८५ को यक्ष मल्लका पालाको गौड देशका चैतन्यनाथ जोगीले राखेको ताम्रपत्राभिलेख

(५) ने. सं. ६०५ को रत्न मल्ल र अरि मल्लका पालाको हेतनाथ जोगी भलादले राखेको ताम्रपत्राभिलेख

(६) ने. सं. ६३२ को रत्न मल्लका पालाको खण्डलदेशका बालनाथले राखेको ताम्रपत्राभिलेख

(७) ने. सं. ६३७ को जोगी भलादले राखेको तामाको मानामा उल्लिखित अभिलेख

(८) ने. सं ८६२ अङ्कित राजदैवज्ञ (अनि) रुद्ध सिंहले राखेको अभिलेख (हाल सफा गरेपछि देखिएको)

(९) ने. सं. ९१० को कान्तिपुरका राजदैवज्ञ ठाकुर सिंहले राखेको अभिलेख

## (ख) काष्ठमण्डपको नाम उल्लेख भएका ग्रन्थ तथा अभिलेखहरू ❀

(१) भोटको सक्यमठमा रहेको नरेन्द्र देवको पालामा वि. सं. १२०० मा लेखिएको **नामसङ्गीति**

(२) राष्ट्रिय पुस्तकालयमा रहेको अभय मल्लको पालामा वि. सं. १३०० मा लेखिएको १६७ संख्याको **परमार्थनामसङ्गीति**

(३) भोटको सक्यमठमा रहेको अनन्त मल्लको पालामा वि. सं. १३३९ मा लेखिएको शतसाहस्रिका **प्रज्ञापारमिता**

(४) भोटको सक्यमठमा रहेको अनन्त मल्लको पालामा वि. सं. १३४० मा लेखिएको शतशातस्रिका **प्रज्ञापारमिता**

(५) सिम्भूको अर्जुन मल्ल र स्थिति मल्लको पालाको वि. सं. १४२९ को अभिलेख

(६) राष्ट्रिय पुस्तकालयमा रहेको स्थिति मल्लको पालमा वि. सं. १४३७ मा लेखिएको ८३३ संख्याको **विदग्धमुखमण्डन**

(७) इटुंबहालको जयसिंहरामको पालाको वि. सं. १४३९ को अभिलेख

(८) वीर पुस्तकालयमा रहेको यक्ष मल्लको पालाको वि. सं १५०१ मा लेखिएको ते. ९६ संख्याको **कुब्जिकापूजा**

---

❀ यी सबैको उल्लेख इतिहास संशोधनको प्रमाण प्रमेय पहिलो भागमा भएको छ।

(९) इण्डिया अफिसमा रहेको यक्ष मल्लको पालामा वि. सं १५३१ मा लेखिएको २७२३ संख्याको **स्रग्धरास्तोत्र**

(१०) वीर पुस्तकालयमा रहेको यक्ष मल्लको पालामा वि. सं. १५३३ मा लेखिएको प. १११४ संख्याको **पञ्चरक्षा**

(११) केशर पुस्तकालयमा रहेको यक्ष मल्लको पालामा वि. सं. १५३५ मा लेखिएको ५६६ संख्याको **पञ्चरक्षा**

(१२) काठमाडौं मरुसतलमा रहेको रत्न मल्ल र अरि मल्लको संयुक्त शासनकालको वि. सं. १५४२ को ताम्रपत्राभिलेख

(१३) वीर पुस्तकालयमा रहेको सदाशिव मल्लको पालामा वि. सं. १६६७ मा लेखिएको प. १११४ संख्याको **पञ्चरक्षा**

(१४) वटु खुबहालमा रहेको शिवसिंह मल्लको पालाको वि. सं. १६४९ को अभिलेख

(१५) सिम्भूको शिवसिंह मल्लको पालाको वि. सं. १६६१ को अभिलेख

# (ग) काष्ठमण्डपमा प्राप्त मूर्तिहरूको संक्षिप्त विवरण

## महाकाल

समभङ्ग आकारमा उभिइरहेको, दुई हात भएको, दायाँ हातले दण्डी धारणा गरी बायाँ हातमा कपालपात्र लिएको। वेताल आसन। साधारण वेशभूषा मात्र देखिन्छ, नागभूषण देखिंदैन । यसको निर्माण समय, शाहकालीन । प्रस्तरमूर्ति । नाप इन्च १८३/४"×११" ।

## शिवपार्वती

पद्मासनमा रहेको, चार बाहु भएको, दायाँ पहिलो हातमा माला, दोस्रो हातमा डमरु, बायाँतिरको पहिलो हातमा कमण्डलु र दोस्रो हातमा त्रिशूल । निर्माणकाल, शाहकालीन । नाप इन्च २१"×१५" प्रस्तरमूर्ति ।

## काठको भैरव (फलक १०)

ज्यादै जीर्ण भएको काष्ठमय भैरवमुख। यस मूर्तिको बायाँतर्फको कान खण्डित भएको छ । निर्मित समय १६ रौं शताब्दी । नाप इन्च ३०"×१८" ।

## भैरव

इष्टिकायम भैरवको मुख । ४ फणीले विभूषित । यसै भैरवमुखको पृष्ठ भागमा जाँड रक्सी हाल्ने घ्याम्पो पनि समावेश भएको छ । निर्माणकाल १८ रौं शताब्दी। नाप इन्च २५"×२२" ।

## भैरव

चार नागले सुसज्जित माटाको घ्याम्पासहितको भैरव-मुख । यसको निर्माणकाल १८ रौं शताब्दी । नाप इन्च २८"×२२" ।

## चार कुनाका चार गणेश

(क) प्रथम, आग्नेय कोणमा अवस्थित प्रस्तरको गणेशमूर्ति । ललितासनमा रहेको, चार बाहुसहितको सुन्दर कलात्मक मूर्ति । दायाँतिरको हातमा माला र मूला, बायाँतिरको हातमा छ परशु एवं लड्डु । निर्माण-काल १७ रौं शताब्दी । जसलाई स्थानीय व्यक्ति कार्य-विनायक भनी संबोधन गर्छन् ।

(ख) द्वितीय, नैर्ऋत्य कोणको शिलामय गणेशमूर्ति। ललितासनमा रहेको, चार बाहु भएको। प्रथम दुवै हातले मूला र लड्डु अनि दोस्रो दुवै हातले माला र परशु धारणा गरेको छ । नाप इन्च २७"× २१" निर्माण समय १७ रौं शताब्दी । यसलाई रक्तविनायक भनी संबोधन गर्दछन् ।

(ग) तेस्रो, वायव्य कोणस्थित प्रस्तरको गणेशमूर्ति । पूर्व मूर्ति झैं ध्यानमुद्रा समानता देखिन्छ । नाप इन्च २६"×२२" निर्माणकाल पनि समान देखिन्छ । यस मूर्तिलाई सूर्यविनायक भनिन्छ । आयुध यस प्रकार छन्:– परशु, एक पुष्प, मूला र लड्डु ।

(घ) चौथो, ईशान कोणमा रहेको प्रस्तरको गणेश-मूर्ति । पहिलो झैं ध्यानरूप समान देखिन्छ । नाप इन्च २७"×२४" । निर्माणकाल समकालीन अवगत हुन्छ । यसलाई जलविनायक भनी मानिइआएको छ । आयुध यस किसिमका छन्:– कपालपात्र, परशु, मूला र लड्डु ।

## गोरखनाथ (लोयीपाद सिद्ध ?)
## (फलक ८)

मूल सतलको मध्यस्थ विराजित पूर्वाभिमुख गरेको प्रस्तरमूर्ति । प्रस्तर ज्यादै कडा भएको छ र नित्य पूजाले गर्दा अङ्ग प्रत्यङ्गको बनौट परिवर्तित हुंदैछ । यो प्रस्तर-मूर्ति पद्मासनमा अवस्थित छ । लामो जटा फिंजिएको दुवै हातमा कुनै किसिमको आयुधहरू धारण गरेको देखि-दैन । दायाँतर्फ वितर्कमुद्रा गरी घोप्टिएको जस्तो गरी छातीमा हात राखेको देखिन्छ र बायाँ हातले योगदण्डी-उपर विश्राम गरेको जस्तो गरी हात लच्किराखेको छ । कानमा कुण्डल र गलामा एक योगसूत्रद्वारा विभूषित । अरू विशेष अलङ्कार केही छैन । यस मूर्तिको अनुमानित निर्माण समय पूर्व मध्यकालीन ज्ञान हुन्छ । ने. सं. ५८५ को श्री यक्ष मल्लका पालाको ताम्रपत्रमा "ॐ श्री गोरखनाथलाई नमस्कार" भनिएको छ । यसरी यसको प्राचीन परम्परा स्वयं सिद्ध हुन्छ । यसको नाप इन्च २६$\frac{1}{3}$"×१८" ।

यस मूर्तिको बारेमा स्थानीय दापाभजन गीतमा प्रारम्भ वाक्य यसरी उल्लेख गरिएको छ भन्ने सुनिन्छ, जसले लुयिपादको परम्परा प्रस्तुत गर्दछ ।

"लुयिपादनाथ सिद्धासरूप हडहड माला जोग धरे" इत्यादि ।

## शिवमूर्ति

समभङ्ग आधारमा उभिइरहेको, चार बाहु भएको प्रस्तरमूर्ति । यसका हातमा छन्, माला, कमण्डलु, डमरु र त्रिशूल । निर्मित समय, १९ सौं शताब्दी । नाप इन्च ९"×६$\frac{1}{2}$" ।

## गणेश

ललितासनमा निर्मित, चार हात भएको प्रस्तरको मूर्ति । हातमा लिएका छन् माला, परशु, मूला र लड्डु । निर्मित समय १९ सौं शताब्दीतिरको । नाप इन्च ५"×४" ।

## सरस्वती देवी

ललितासनमा रहेकी । चार बाहु भएकी, माला धारणा गरेकी । हात खण्डित देखिन्छ । पुस्तक र वीणा ग्रहण गरेकी छन् । निर्मित समय १९ सौं शताब्दी । नाप इन्च ५"×३$\frac{1}{2}$" ।

## अमोघपाश लोकेश्वर

अष्टभुजासहित त्रिभङ्गी आकारमा उभिइरहेको । पहिलो दुबै हातमा अभय र कलश, दोस्रो दुवै हातमा आदर्श एवं पुस्तक, तेस्रो दुवै हातमा देखिन्छ पाश र त्रिदण्डी । अनि चौथो दुवै हातले वरद र कमलपुष्प धारण गरेको छ । यसको शिरोभूषण मुकुटमा ध्यान मुद्रामा अमिताभ बुद्ध अङ्कित छ । यस प्रस्तर मूर्तिको नाप इन्च ८"$\frac{1}{4}$×५$\frac{1}{4}$" । अनुमानित १८ रौं शताब्दीतिर निर्मित भएको ।

## विष्णुमूर्ति

समभङ्ग आकारमा उभिएको । चार बाहु भएको, दायाँतर्फ चक्र अनि कमल, बायाँ तर्फ गदा र शङ्ख । शाहकालीन प्रस्तरमूर्ति । नाप इन्च १०$\frac{1}{2}$"×७$\frac{1}{2}$" ।

## आर्यतारा


उभिइरहेकी, समभंग आकारमा । दायाँ हात वरद-मुद्रामा देखिन्छ । शिलामूर्ति शाहकालीन । नाप इन्च ९$\frac{1}{2}$"×७$\frac{1}{2}$" ।

## भैरव (काष्ठमय)


यस भैरवको ग्रीवोपरि भाग मात्र निर्मित गरिएको छ । काष्ठमय कलापूर्ण फणियुक्त भैरव । सौन्दर्य र कला दुवै दृष्टिकोणबाट अत्यन्त प्रभावशाली देखिन्छ । यसमा रङ्ग पनि लगाइएको देखिन्छ, तर ज्यादै अस्पष्ट छ । नाप इन्च २७"×१९" । निर्माणकाल १५ रौं शताब्दी ।



गोरखनाथ (लोयीपाद सिद्ध ?) पृष्ठ ३९
Gorakhanatha (Loyipada Siddha ?) See Page 39



क. काष्ठमण्डपको विकृत रूप । पृष्ठ–३५
A. The Kasthamandapa with aceretionary structures. See Page-35




ख. काष्ठमण्डपको भग्नरूप । पृष्ठ–३५
B. The damaged condition of the Kasthamandapa before repairs. See Page-35




काठको भैरव । पृष्ठ–३८
Wooden head of Bhairawa at Kasthamandapa. See Page–38

काष्ठमण्डप ( Kasthamandapa )




काष्मण्डपको प्लान र सेक्सन । पृष्ठ–३५





Plan of the ground floor and section of the Kasthamandapa. See page 3

काष्ठमण्डप (Kasthamandapa)




काष्ठमण्डपका माथिल्ला तल्लाको प्लान । पृष्ठ—३५




Plan of the two upper floors of the Kasthamandapa. See Page 35

# Kashthamandapa

*By Ramesh Jung Thapa*

## 1. INTRODUCTION

The word Kashthamandapa is a name to conjure with. It is attractive from the points of view of its antiquity as also its stylistic originality. Having passed through many vicissitudes of fortune, it has withstood the ravages of time and man, and stands before us as a representative of the eclectic and liberal traditions of the Nepalese Culture, for it caters to the needs of the Buddhist and Hindu alike. The materials that have gone into its construction comprise wood as the basic frame work as well as its decorative aspects, clay as mortar for its walls and roofs and of course, bricks. It has been enriched with a miscellany of sculptures carved on wood and stone as well as clay figures. The ensemble of deities enshrined in the temple comprise Gorakhnath as the principal object of worship, installed in the principal santcum sanctorum besides Siva, Parvati, Ganesh, Bhairava, Mahakal, Tara, Sarasvati, Nrityesvara, Buddha and Sakyamuni, in different subsidiary shrines or otherwise, which emphasises the basic character of the syncretism of diversely divergent deities in reconciliation.

## 2. HISTORICAL BACKGROUND.

Though the antiquity of Kashthmandapa is disputed, there can be no two opinions about its hoary ancestry. The oldest referenc to 'Kashthamandapa' occurs in a manuscript entitled **'Nama sangiti'** dated to the 11 century A. D. ( 12 th century V. S. ). The next literary reference to the word occurs in another manuscript called **Paramartha Namasangiti,** dated to the twelfth century A. D. ( thirteenth century **V. S.** ) in the following verse:

श्री काष्ठमण्डपपुरे सुरलोकसाम्ये
देवालये वसति श्रीजिनरक्षितः सः

It means that sri Jinarakshita ( **Buddha** ) resides in the temple known as the Kashthamandapa which is comparable to heaven itself signifying thereby that the temple was dedicated to the Buddha.

Yet another manuscript called **Pancharaksha** dating from the time of Yakshamalla (1533 V.S. or 1476 A. **D.** ) states:

" देय धर्मोऽयं प्रवर महायानयायिनः
परमोपासिक श्री काष्ठमण्डप नगरे
श्रीकीर्त्तिपुण्यमहाविहारीय
भिक्षु श्री देवचन्द्रस्य "

This means that it is the gift of the great devotee who is a follower of the Mahayana, and who is the resident of Kirtipunya Mahavihara, in the city of Kashthamandapa. It thus indicates that the name Kashthamandapa had by this time or earlier been transfered ( also ) to the town around the shrine of the name. This itself would perhaps justify the assumption of a still older tradition for the prevalence of Kashthamandapa, as a city, as also of the fact that this tradition is older than the times of sri Lakshmi Narasimha Malla, who is commonly believed to have been the founder of the twin tradition of Kashthamandapa as a shrine and city.

The inference about the priority of the shrine designated as **Kashthamandapa** over the township of the same name is supported to an extent by the evidence of copper and silver plates and the iconography of images in stone and wood associated with the shrine. One of the copper plates preserved in the temple itself is in the name of **Panchali** of Kantipur and dated 424 Nepal samvat (AD 1303). Another copper plate inscription associated

with the temple states. " ॐगोरखनाथलाई नमस्कार" etc. It also indicates that during the reign of Yaksha Malla the temple of Kashthamandapa was enriched with gold and had a golden flag (probably also a flag staff). It is dated in Nepal samvat to 585 is. AD. 1464.

All these evidences point to the distinctive entity of Kashtamandapa as a shrine and to its remote antiquity dating back to at least the eleventh century A. D. That simultaneously the township that had grown around the shrine had come to be called Kashthamandapapura, obviously and inferably after the shrine, is indicated by the mention of the name in the **Paramartha Namasamgiti** pointed out above.

The manuscript entitled **Sragdharastotra** composed during the reign of Yaksha Malla in the year 514 N.S (AD. 1473) describes the township as **Kashthamandapa Mahanagara** and mentions also the **Chyekanamugungi Tol,** which can be equated with the **Chikanmugal Tol** of today, situated not very far from the shrine.

A copper plate inscription found in the temple and dated to 605 N.S. (AD 1484), states :– 'विष्णुमत्या: पूर्वकूले इहैवस्थाने श्री काष्ठमण्डपनगरे' etc. which describes the city of Kashthamandapa to have been located on the left (east) bank of the vishnumati, as the area around the shrine really is. It is thus easy to conclude that the area immediately around the shrine that went by the name of Kashthamandapa came to be so called, and gradually, with the passage of time and the spatial expansion of the residential quarters of the inhabitants of the locality, it came to encompass an increasingly larger area till it engulfed the entire capital.

According to a persistent tradition, the township of Kashthamandapa was divided into two parts, namely (i) **Suvarna Pranali Mahanagara** and (ii) **Sri Yangal,** respectively. These are even now extant and are called **Thane** (upper part) and **Kone** (lower part), respectively, the locality of Yangal comprises Kathmandu, and Lagan etc, and is known by its monosyllabic abbreviation as यं (yan). It is extraordinarly significant that though the entire capital city has now come to be called Kathmandu the word in common parlance, points to the locality around the shrine. It is, therefore, a case of the amazing transference of the name of a street or a locality distinguished by the shrine of Gorakhanatha to the entire city, and it must have sprung from the profound respect in which the deity as well as his shrine were held.

The coins of Mahendra Malla bear the legend, **Shrimat Kashthamandapadhipati Sri Shri Jaya Mahendra Malla Devasya,** which describes him as the lord of Kashthamandapa. The manuscript entitled **Shri Natha Tirthavali** in the collection of Man Singh of Jodhpur describes the expioits of a savant called Loyipada, including the accounts of his construction in Kantipur of a three–storeyed palace with the help of a stupendous pillar, brought away from Kailasa, cut up into four pillars. The existence of the four enormous pillars, which bear the brunt of the three roofed superstructure reflects the literary account given in the manuscript.

Thus it may be indicated that the shrine had come into existence long before the time of Lakshmi Narasimha Malla, who is claimed by a tradition to have been its founder. It is very striking that there is no record whatsoever of the construction or repairs that he might have carried out, if at all, though such a record would be very normal to expect. This inference is also supported by the stylistic form of the images of Gorakhanatha (stone) and Bhairava (wood) associated with the structure.

## 3. DESCRIPTIVE

The temple stands on a square plinth, built of bricks, that measures 65 ft. 11in on each side. The superstructure resting on the single-terraced plinth is supported by four massive wooden pillars of square cross-section, that arech upto the ceiling of the roof. Two

suceessive floors of receding sizes rest on the basic pillars. Wooden stair cases ascending from within the **Sanctum sanctorum,** provide access from one floor to the other. The beauty of the facade is enhanced by a wooden balcony with slenderly carved wooden rails enclosing the **sanctum sanctorum** and superstructures. The main deity enshrined in the **sanctum sanctorum** at the ground floor is that of shriGorakha natha (carved in stone). The structure rises to the height of 65 ft 4 in, which is not very much larger than the basal width. This imparts to it a somewhat stunted form.

The pristine form of the structure, which had been under the occupation till 1966 of fourty-five families, who had built in their ramshackle residence inside the shrine all along the facade, in all manner of ways, and with a diverse assemblage of materials, had to be reclaimed by the unkind act of uprooting of the families from their rather unorthodox and impermissible habitat, and by dismantling of the accretionary structures thus vacated by them. The original lines of the older structure were thus exposed. and their worn out parts comprising the wooden balconies, and the tiled roofs resting on wooden rafters and purlins were extensively repaired by replacement where-ever necessary in the latter half of 1966, as a joint, and maiden venture of the Department of Archaeology and the Guthi Samsthan, the funds being provided by the latter.

## 4. CONCLUSION

The shrine of Gorakhanatha called Kashthamandapa has now been established to be of much earlier date than the days of Lakshmi Narasimha Malla, thus demolishing a popular tradition not founded on facts. That the shrine should have acquired this name, signifying a wooden pavilion from the extensive use of wood in the basic framework of the pillars, beams rafters, purlins, doors, windows, staircases besides ornamental railings and **tunals**, which contained the brickwok structure, is self-evident. A fairly vivid description of the structural features of the shrine is provided by a late medeival manuscript in Rajasthani collection conveying a continuity of the traditional account of the structure as recorded from memory or personal experience. That **Kathmandu**, could be a phonetic transformation of **Kashthamandapa,** in abbreviative parlance of the common folk would be conceded It is also reason able to expect an .mportant shrine in the life of a people to lend its name to the locality that grew around it, including the royal palaces, say as early at least as the times of Pratapa Malla, as at Hanuman Dhoka. And as the orginal city should have been small, with the temple and palace as the central nucleus, it is reasonable to extend the application as well as applicabilily of the name of the royal city to the localities that grew up around it in clusters, keeping pace with the growth of the population. Thus it was the literary form of the name of the most important wooden pavilion that gradually acquired a much wider connotation with the passage of time and encom passed (1) the shrine, (2) the locality and (3) the capital in gradual progression. It is also perhaps the earliest datable shrine. apart from the Pasupati temple, notwithstanding the repairs, renovations or modifications that it must have witnessed and undergone in the natural process of events. Kashthamandapa is thus deeply interwoven with our entire medieval and modern history.

# Comparative Survey of the Coins of the Shah Dynasty

*By Pashupati Kumar Dwivedi*

## 1. INTRODUCTION

The entire coinage of Nepal is classified into three groups as described below :

( 1 ) The coins of the Lichhavis ( A.D. 464 –A.D. 1008 );

( 2 ) The coins of the Malla dynasties which reigned contemporaneously over the three kingdoms of Bhatgaon or Bhaktapur, Kathmandu or Kantipur, and Lalitpur, or Patan, all in the Kathmandu Valley, ( A.D.1566–A.D.1765 )

( 3 ) The coins of the Gorkha dynasty, founded on the unification of whole of Nepal by Prithvi Narayan Saha Deva, in 1768 A.D. and which continues to the present day.

## 2. PREVIOUS WORK

The Nepalese numismatics in the very beginning was noticed by the European and oriental scholars. Amongst them, the name of J.F. Fleet in the field of discovery, study and publication of the Nepalese coinage. is note worthy. Similarly Prof. Bendall, Sir Alexander Cunningham, Marsden, Klrkpatrik, Prof. Rapson, Vincent A. Smith, Dr. Hoernle and Macdovall deserve special mention for their respective contributions in the field.

But much of the credit should go to Walsh who has produced a scholarly work on the entire coinage of Nepal under the headline "The coinage of Nepal". in the **Journal of the Royal Asiatic Society, Great Britain and Irelaud, 1868.**

K.P. Jayaswal, Percival Landon, Sylvain Levi and Rahul Sankrityayan have also thrown considerable light on the various aspects of the coinage.

Among the modern historians who have utilized the numismatic data are B.R. Acharya, B.C.Sharma, S.B.Gyawali, D.R.Regmi, D.R. Bhandari and Luciano Petech. The last mentioned scholar has contributed a research article in his book **'Nepal'** with the help of H.G. Banerjee. Kesher Bahadur K.C., the editors of **'Itihas Samsodhan Mandal'**, S.M. Joshi and C. Valdettaro have also interpreted the different aspects of the historical significance of the coinage.

But most of them have confined themeselves to the ancient or medieval coinage of Nepal and have made only a general survey of the coinage rather than dealing with the subject purely on numismatic grounds.

On the coinage of the Saha dynasty, which is the latest in the series, much of the credit goes to Walsh and Satya Mohan Joshi who have made a detailed general survey of this part. But neither work satisfies the needs of the numismatists comprehensively. Walsh's book only covers

upto Prithvi Vira Vikrama and thus gives no idea about the later numismatic developments. Joshi's book, **Nepal Rashtriya Mudra,** is in the Nepali language and the first book of its kind to give detailed information of the coinage from the beginning to the present day. But it does not satisfy the curiosity of the numismatists in general owing to a few shortcomings. First, it lacks a scientific classification, and the descriptions are general. Secondly, its utility is limited to the boundaries of the country because of the language of the book. A booklet has also been published by the Guiadance Ministry of His Majesty's Government of Nepal in Nepali with the title ' Nepal Rashtriya Mudra Ra Hamro Samskriti'

Two more catalogues have also come into light in recent years. One of them has been published by His Majesty's Department of Archaeology and the other was by His Majesty's Mint Department, but neither of them supplies the basic weight and size of the coins and the type and individual descriptions are deficient from the numismatic point of view.

## 3. SURVEY OF SAHA COINS

### A. GENERAL CHARECTERISTICS

An attempt has been made in the following lines to present n objective study of the coins as comprehensively as it has been possible for the author. The survey of the Saha coinage in general deals with minute observations of the coins from the days of Surendra Vikrama Saha Deva to His Majesty, the present King. The inclusion of tne coins of the present king in this article was essential to show the comparative development and the best specimens of the scientific and mechanical process. Moreover, the latest coins also give complete nationalistic glimpses. From metal point of view also, they mark a change. The coinage, therefore, in his reign reaches its zenith and can be compared with any European or oriental coinage.

The Saha rulers of Nepal did not merely imitate their ancestors but also attempted new experiments, and that is why we find many interesting attempts at beautiful new designs and varieties.

The coins cover different denominations comprising the **Double Mohur** ( conventional name of two or one rupee ), **Mohur** ( ½ of a rupee ), **25 paisa** ( Suka ), **20 paisa** ( Pachanni ), **12 paisa** (Tinanni), **10 paisa, 5 paisa** ( weighty coins of five paisa were called as '**Dhuake**' , which existed till recently, **4 paisa**, with a hole in the centre, **2 paisa**, **1 paisa** and **Chandan**, ( ¼ of a pice, the lowest denomination in the currency of Nepal which existed till recently ).

Different types of coins in gold, silver, copper, and brass have been issued in the names of these kings and their queen consorts. Gold issues (Double patla, Tinanni and fukkdam under their conventional names are all in Hanuman Dhoka Numismatic Museum) are rare as were only issued on some special occasions. Only silver, copper and brass issues are otherwise avalaible. Only few varieties have been considered here just to show the variations in the context of the evolution of our coins. Special care has been taken to show the weight and size of a coin.

In some of the denominations of the same value, the weight and size show a remarkable change. We can take for instance a 5 paisa coin of 1977 V.S., i.e. A.D. 1920-weight-17.690 gm., size-13. 00 c.m. and a 5 paisa coin of 2011 V.S., i.e. A.D. 1954 weight-3.882 gm.; size-2.25 c.m. (both are copper). Later on the brass issues also seem to be in circulation from 1999 V.S, i.e. A.D. 1942 (See Two paisa coin of 2000 V. S. i.e. A.D. 1943) It is an alloy of 70% copper, 20% nickel and 10% zinc and even one and the same denomination consists of purely copper, cupronickel and brass. German silver coins of 5 paisa as a

substitute for 5 paisa bold were introduced in 2000 V.S. i.e. A.D. 1943

In silver issues also the base silver is used in later times, as seen in the one-rupee coin of the late king Tribhuvan, 2005 V.S. (i.e. A.D. 1948). It was an alloy of 33.33% Silver (Ag) and 66.67% copper (cu), which continued upto 2013 V.S. i.e. A.D. 1956. The coins of H.R.H. Gyanendra has also the same metallic composition. (2007 V.S. i.e. A.D. 1950).

The recent currency of king Mahendra and queen Ratna Rajya Lakshmi Devi (coronation issues) are made of cupronickel which has the following composition of alloy: 75% copper, 25% nickel.

The above changes in metals reflect the economic transitions of the country. In the medievalp eriod, the Malla kings were rich in silver because of the authority of coining money for Tibet. But during the time of the Saha rulers Tibet could not supply the silver because of so many reasons and thus we get the effect of it in the silver issues gradually. Prithvi Narayan Saha tried to reform the mixed silver currencies of the last Malla rulers by bringing in the pure silver currencies, but his wishes were not fully implemented later on owing to many practical difficulties. In copper, the changes might be due to the effects of World War II and the subsequent rise in the value of copper. All reasons lead us to confirm the view for the brass issues

In the field of the techniques of minting coins also, the Saha rulers of Nepal introduced considerable changes from time to time. The old medieval technique of striking dies with the help of the hand was noticed for the first time during the time of king Prithvi Vira Vikrama when the use of **'Panidhiki'** (conventional name of the watermill) was introduced. The coins maunfactured by **'Panidhiki'** look quite regular and handsome. It is, however, during the time of king Tribhuvan that the mechanical device was introduced in 1989 V.S., i.e. A.D. 1932

In hand-made coins it seems that no particular attention was paid to adjust the die as it is evident from those coins which were manufactured upto 1889 V.S. i.e. A.D. 1832. Likewise, it encouraged the forgers also to adopt corrupt means. The writer of this article has found some forged specimens while scientifically examining the coins minutely. But since the introduction of mechanical device die adjustments with necessary precautions have been strictly regulated.

## B. OBVERSE AND REVERSE DEVICES

Let us now discuss the legends, symbols and other descriptions from the numismatic point of view.

The occurrence of **'Sri Sri'** and **'Sri 5'** before the deities, kings and queen consorts has got sacred importance in the Hindu **Doxology**. The meaning of 'Sri' has got different importance according to the status of an individual. It may indicate a source of supreme power for the deities, and for the kings and their queens it may be an indication of sovereignty vested with all power and a national link of unity. It is a honorific title given to an individual. It may be noted here that **'Sri 3'** before the name of Rana Prime Ministers was in practice till 2007 V.S. i.e. A.D. 1950 and for the Saha monarchs we find 'Sri 5' from the beginning which is still in practice. It is a mark of respect, the honorific par excellence and the highest of its kind in the country.

The coins of the Saha kings are dated in the Saka era upto Prithvi Vikrama Saha Deva's silver coins of 1823 S.S. i.e. A.D. 1991 but his copper coins of 1950 i.e. A.D. 1893 are in Vikrama Samvat and hence the start of this era can be marked from here. At that time in most of the states in India the Vikrama era prevailed. It may probably be due to reasons of convenience that Prithvi Vikram Saha Deva made this change. Anyway, the medieval Malla era was abandoned during the reign of the Saha rulers.

The occurrence of the legend **"Nepal Sarkara"** and **"Gorakha" "Sarkara"** on the coins (e.g. one paisa coin of 1950 V.S. i.e. A.D. 1893 and 5 paisa coin of 2011 V.S. i.e. A.D. 1954) may be interpreted as the Government of united Nepal and the Government of Gorkha, the ancestral and original home of the Gorkha (Saha) kings.

The Saha kings gave place to their own deities **'Sri Gorakha Natha'**, the patron deity of the Gorkhas and **'Sri Pasupatinatha'** along with **'Sri Bhavani'** which they owe to the Malla kings. The occurrence of the new deities indicate their own religious significance. It can be marked here that previously **'ti'** of Pasupati was long (see one paisa coin of 1965 V.S. i.e. A.D. 1908) but after the date 1981. V.S. i.e. A.D. 1924 it is used as a short **'ti'**.

The Saha kings have used the symbols of **the sun and crescent** on their coins throughout as they claim to have descended of both the solar and lunar races. The position of the sun and crescent on coins is always to **the right and left** respectively, except in one solitary coin of Sri 5 Prithvi Narayan Saha of 1676 S.S. i.e.A.D. 1754. It is said that this coin was issued from Nuwakot before he finally made Kathmandu his capital. Unlike the usual position of the sun and the crescent in all other Saha coins, this coin has the **crescent to the right** and **sun to the left** respectively.

This anomaly may be attributed to a mistake on the part of the engraver. This specimen can be seen in the collection at the Hanuman Dhoka.

The **trident** and sometimes the **trident** tied with **damaru** emblems of Lord Pasupati (Siva) and **Vajra** may indicate the influence of Saivism and Buddhism respectively in the country, being equally indicative of the Co-existence of Hindus and the Buddhists alike. It is well known that Nepal has been a great centre of religious toleration, where both Hinduism and Buddhism have flourished side by side and influenced each other throughout the ages.

The coins reflect this spirit of syncretism as do many other aspects of Nepalese culture. The Saha kings consider themselves as the **devotees of Lord Vishnu** and hence the occurrence of the emblems **'chakra'** (discus) **gada** (club), **sankha** (conch-shell), is in every sense justified. It must be noted here that the Nepalese people still consider the Saha kings as the incarnation of Lord Vishnu. The depiction of foot-prints on the two paisa coins of 1992 V.S. i.e. A.D. 1935 is interpreted as the **charana** of the Gorkha deity, **Sri Gorakha Natha**, also.

The crossed khukris, the national weapon of the Gorkhas, may signify the unity of the integrated nation, and are therefore, of great significance. The depiction of **khadga** (sword) with wreat on coins may stand as the emblem of Sovereignty.

The occurrence of the unique coin showing the **portrait of the head of king Tribhuvan** wearing the national cap as a commoner marks a new era in the entire series of the coinage of Nepal. The **Himalaya mountain** and the **paddy ears** may indicate the geographical aspect and prosperity of the country, respectively.

The **human palm** (probably female?) and kalasa on the 5 paisa coins is another change introduced later on.

The next remarkable change in the coinage of Nepal was made during the early reign of king Mahendra, when the coronation sets with **'The Crown'** (*Sripancha*) as its obverse were circulated. The depiction of the crown with the pure Sanskrit legend **Subha Rajya bhisheka** on the coins was made for the first time and it reminds us of the Gupta coins of ancient India.

**The** recent issues of different denominatons **i.e. 10** paisa, 2 paisa and 1 paisa coins of

2023 V.S. i.e. A.D. 1967 marks the coinage system from different numismatic angles. First they represent our national symbols like the **cow**, the flower **Gurasha** (rhododendron) and the bird 'Danhe '(pheasant). Secondly, careful attention has been given to the size and lastly, aluminium has been used for the first time for 5,2 and 1 paisa denominations in the history of Nepalese coins. They are the specimens of the latest techniques of the mechanical process.

Religious designs like *Chatuskona*, ***ashtakona***, *swastika* with ornamental floral designs on the whole Saha coinage in general and particularry the later issues are in every way a clear reflection of Nepalese cultural taste and tradition.

## C. SOME INTERESTING FEATURES

Some extremely interesting features of the Saha Coinage to the present are–

(i) The use of the term **"Double"** for the higher denomination is purely an original creation of the Saha kings.

(ii) The Saha kings gave up the Newari script and adopted the Devanagiri script in its place.

(iii) The Saha kings abandoned the old Indian system of 64 paisa for a rupee which existed during the Malla period and introduced the **decimal system** i.e. 100 paisa for a rupee. which was indeed a progressively revolutionary step in the evolution of coinage.

(iv) The conversion of the old weighing and measuring techniques of the coins into **grammes** and **centimetres** is another scientific milestone in the history of the Saha coinage.

Thus the coins of unified Nepal have reached its present stage through different phases and have attained a uniform pattern on the lines of the most modern practice in developed nations but strictly on the traditional principles of the country.

## ABOUT THE AUTHORS

| | |
|---|---|
| Shri Balakrishna Sama | is the Acting vice-Chancellor of the Royal Nepal Academy, Kathmandu, Nepal and is, a well-known dramatist, artist and poet. |
| Shri Dhundiraj Bhandari | is a Lecturer in Hindi at the Tribhuvan University, Kathmandu and author of **Nepalko Aitihasik Vivechana**. |
| Shri Dharmaraj Thapa, | Janakavikesari, is a well-known poet, specializing folk songs. |
| Shri Shankar Koirala | is a well known writer of short stories and novels and is employed in the Janak Siksha Samagri Kendra, Sano Thimi, Kathmandu. |
| Shri Buddhisagara Parajuli | is the Adhyaksha of the Rashtriya Abhilekhalaya. |
| Shri Shankarman Rajbamshi | is employed in the Hastalikhita Grantha (manuscripts) section of Rashtriya Abhilekhalaya, Kathmandu. |
| Shri Ramesh Jung Thapa | is the Director of the Department of Archaeology. |
| Shri Pashupati Kumar Dwivedi | is the Numismatist of the Mudra Samgrahalaya, Kathmandu. |

'प्राचीन नेपाल'का निमित्त प्राग् इतिहास तथा पुरातत्व, लिपिविज्ञान, हस्तलिखित ग्रन्थ, मुद्राशास्त्र, अभिलेख, संग्रहालय तथा ललित कलासंग संबन्धित मौलिक रचनाको माग गरिन्छ ।

रचना संक्षिप्त तर प्रामाणिक हुनुका साथै अद्यापि अप्रकाशित हुनुपर्दछ । तर कुनै प्रकाशित विषयका सम्बन्धमा नयाँ सिद्धान्त र प्रमाण प्रस्तुत गरिएका भए तिनको स्वागत गरिनेछ ।

रचनासंग संबन्धित चित्रहरू पठाउन सकिनेछ । रचना पृष्ठको अग्रभागमा मात्र लेखिएको हुनुपर्नेछ ।

**निर्देशक**
पुरातत्त्व विभाग
सिंह दरबार
कान्तिपुर, नेपाल

Contribution of original nature dealing with prehietoric and field-archaeology, epigraphy, manuscripts, numismatics archives, art and architecture of Nepal and museum and other techniques connected with various aspects of our work are invited to *Ancient Nepal*.

The contribution should be concise and well documented. and based on hitherto unpublished data, if not new interpretation of already known evidence.

Photographs and illustrations (line drawings) may be sent. The typescript should be in double space and on one side of the paper only and sent to:—

The Director
Department of Archaeology
Singha Durbar
Kathmandu, Nepal

CORNELL UNIVERSITY
1996
LIBRARY